











# समृद्ध बैजनाथ

स्मारिका २०८२

बैजनाथ गाउँपालिकाद्वारा प्रकाशित

# समृद्ध बैजनाथ

स्मारिका २०८२


## समृद्ध बैजनाथ स्मारिका-२०८२

| | |
|---|---|
| प्रकाशक | : बैजनाथ गाउँपालिका रामपुर, बाँके |
| सहजीकरण | : दूरसञ्चार मिडिया नेटवर्क प्रा.लि. |
| सम्पादन | : अर्जुन ओली |
| लेआउट | : योगेश कुमार धोवी |
| सल्लाहकार | : प्रकाश बहादुर शाही, निर्मला रोकाय, धर्मराज न्यौपाने |
| इमेल | : baijanathrumun@gmail.com |
| वेभसाइट | : www.baijanathmun.gov.np |

# बैजनाथ गाउँपालिका, बाँके

## जनप्रतिनिधिहरु



**निर्मला रोकाय**
उपाध्यक्ष



**प्रकाशबहादुर शाही**
अध्यक्ष



**रुपबहादुर मल्ल**
वडाअध्यक्ष, वडा नम्बर-१



**राजु रुचाल ठकुरी**
वडाअध्यक्ष, वडा नम्बर-२



**निखिल बैगार**
वडाअध्यक्ष, वडा नम्बर-३



**प्रेम बहादुर शाही**
वडाअध्यक्ष, वडा नम्बर-४



**देव बहादुर रावत**
वडाअध्यक्ष, वडा नम्बर-५



**भुपाल पुन मगर**
वडाअध्यक्ष, वडा नम्बर-६



**दिनेश कुमार थारु**
वडाअध्यक्ष, वडा नम्बर-७



**भगन थारु**
वडाअध्यक्ष, वडा नम्बर-८



**भुमिसरा राना**
कार्यपालिका सदस्य



**मञ्जु ओली**
कार्यपालिका सदस्य



**कमानसिंह सुनार**
कार्यपालिका सदस्य



**फरिदुद्दिन हलवाई**
कार्यपालिका सदस्य



**कृष्णा कुमारी सुनार**
कार्यपालिका सदस्य



**रुपा थापा**
कार्यपालिका सदस्य

# बैजनाथ गाउँपालिका, बाँके

## कर्मचारीहरु



**धर्मराज न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत



**पूर्णप्रसाद जैसी**
लेखा अधिकृत



**विष्णुप्रसाद ढकाल**
वरिष्ठ शिक्षा अधिकृत



**तप्तराज आचार्य**
अधिकृत



**डोटी नेपाली**
अधिकृत



**प्रमोद कुमार विश्वकर्मा**
अधिकृत



**लक्ष्मणराज शाही**
सिनियर अ.हे.व. अधिकृत



**धर्मेन्द्र आचार्य**
इन्जिनियर



**अमर सिंह ठाकुर**
सूचना प्रविधि अधिकृत



**अमृत सुनार**
रोजगार संयोजक

## अध्यक्षको मन्तब्य



बैजनाथ गाउँपालिका रामपुर, बाँकेले आफ्नो 'समृद्ध बैजनाथ' स्मारिकालाई आर्थिक वर्ष २०८१/०८२ मा पनि निरन्तरता दिएको छ । यस स्मारिकाले बैजनाथ गाउँपालिकाको विविध पक्षलाई समेट्ने प्रयास गरेको छ ।

देशमा उत्पन्न आर्थिक संकटको असर प्रत्यक्ष रुपमा विकास निर्माणका काममा पनि परेको छ। यो संकटबाट स्थानीय सरकार पनि अछुतो हुन सकेका छैनन्। संकटको समयमा प्राप्त सिमित बजेटका बाबजुद पनि बैजनाथ स्थानीय सरकार जनताका माग र आवश्यकतालाई पुरा गर्न तत्परताका साथ लागेको छ।

स्थानीय सरकारले जनतामाझ आफ्ना योजना तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । अनेक चुनौतीका बीचमा पनि जनप्रतिनिधि र कर्मचारीले जनताका काम गरिरहेको परिप्रेक्षमा गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ भित्र सञ्चालन गरेका महत्वपूर्ण योजना, कार्यक्रम र गतिविधिलाई संक्षिप्त रुपमा समेट्नका लागि यो स्मारिका प्रकाशन गरेका हौं। यस स्मारिकाले स्थानीय सरकारले गरेका कामलाई बाहिर उजागर गरेको हामीलाई लागेको छ।

स्मारिकाको तेस्रो संस्करण बैजनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को महत्वपूर्ण दस्तावेजका रुपमा रहने हामीलाई विश्वास छ । यहाँहरुको अमुल्य सल्लाह, सुझावको अपेक्षा गर्दछु । **धन्यवाद** !

**प्रकाशबहादुर शाही**
अध्यक्ष

## बैजनाथ गाउँपालिकाको संक्षिप्त परिचय :


बैजनाथ गाउँपालिका लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित रहेको छ। पूर्वमा कोहलपूर नगरपालिका, दक्षिणमा खजुरा गाउँपालिका र पश्चिममा मानखोला तथा उत्तरमा बर्दिया जिल्लाको बाँसगढी नगरपालिका अवस्थित रहेको छ।

गाउँपालिकाको केन्द्र साविक बनकटवा गाविसको कार्यालय रहेको स्थानमा रहेको थियो, हाल रामपुर वडा नम्बर ५ मा रहेको छ। साविकका चिसापानी, नौवस्ता, वनकटवा र टिटिहिरिया गाविस मिलेर गठन भएको हालको बैजनाथ गाउँपालिकाको नामाकरण ऐतिहासिक तथा राजनितिक पृष्ठभुमि सँग जोडिएको छ।

साविकको वनकटवा वडा नम्बर ३ र हालको वडा नं ७ पेडारीमा जन्मेका बैजनाथ थारुको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो। जातीय हिसाबले मिश्रित बसोबास रहेको यस गाउँपालिकामा थारु, मुस्लिम, बाहुन, क्षेत्री, ठकुरी र दलित जातिहरू रहेका छन्।

जातीय र भाषिक विविधता रहेको यस गाउँपालिका क्षेत्रमा मुख्य रूपमा हिन्दु धर्मावलम्बी नै रहे पनि मुस्लीम र क्रिश्चियन धर्म मान्ने जनसंख्या पनि यहाँ रहेको छ। पश्चिमी तराइ क्षेत्रमा पर्ने यस गाउँपालिकाको सम्पूर्ण भुभाग समथर रहेको छ।

बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने केही भुभागमा चुरे क्षेत्रका विषेशता रहे पनि अधिकांश क्षेत्रहरू समथर रहेको छ। यस गाउँपालिकाको कुल जमिन मध्ये सबैभन्दा बढी क्षेत्रमा खेती गरिएको छ, भने मध्यवर्ती क्षेत्र लगायतको बन जंगलले पनि उल्लेख्य क्षेत्र ओगटेको छ।




### गाउँपालिकासँग सम्बन्धित तथ्यांकहरू :

| | |
|---|---|
| क्षेत्रफल | : १४१.६७ वर्ग कि.मि. |
| जम्मा वडा | : ८ वटा |
| जनसंख्या | : महिला ३४०८५, पुरुष ३५१९७, जम्मा ६९२८२ |
| परिवार संख्या | : १३९८७ |
| औसत घरपरिवारको आकार | : ४.९४ जना |
| साक्षरता | : पुरुष ९३.९७, महिला ८७.०९, औषत ९०.५३ |

## यसभित्र...


| शिर्षक | | पृष्ठ |
|---|---|---|
| १. | 'गाउँपालिकालाई समृद्धिसँग जोड्दैछौं' | १ |
| २. | 'कठिनाईलाई छिचोल्दै जिम्मेवारी सम्हालिरहेको छु' | ७ |
| ३. | 'कर्मचारीको अभाव हुन दिएका छैनौं' | ९ |
| ४. | पुर्वाधारले फेरिदै बैजनाथको स्वरुप | ११ |
| ५. | शैक्षिक गुणस्तर सुधारमा जोड | १४ |
| ६. | नागरिकलाई प्रभावकारी स्वास्थ सेवा | १७ |
| ७. | व्यवस्थित गरिदै गाउँपालिकाको सेवा प्रवाह | १९ |
| ८. | लक्षित वर्गको विकासमा अग्रसर | २१ |
| ९. | होमस्टेबाट "ब्राण्डिङ" भएको गाभर भ्याली | २३ |
| १०. | तीन तहका सरकार बीच समन्वय र अन्तर सम्बन्ध : अन्तर सरकार व्यवस्थापन | २५ |
| ११. | सुशासन कायम गर्दै बैजनाथ | २९ |
| १२. | बैजनाथ गाउँपालिकाको बेरुजु र यसलाई कम गर्ने सवालहरु | ३० |
| १३. | उत्साहित बैजनाथका भूमिहिन सुकुम्बासी | ३४ |
| १४. | नौवस्ता औधोगिक क्षेत्र विस्तारमा स्थानीय सरकारको अग्रसरता | ३६ |
| १५. | आन्तरिक राजस्व संकलनको अवस्था | ३८ |
| १६. | खुल्ला व्ययामशालाप्रति नागरिको आर्कषण | ४० |
| १७. | विपद व्यवस्थापनः स्थानीय सरकारको सक्रियाता | ४१ |
| १८. | बैजनाथ गान र लोगो प्रयोगमा | ४३ |
| १९. | नेतृत्वदायी भूमिका खेलिरहेको छौ | ४४ |
| २०. | भौतिकसँगै सामाजिक विकासलाई पछ्याउँदै | ४५ |
| २१. | वडाबासीको आवश्यकता, हाम्रो प्राथमिकता | ४६ |
| २२. | वडाको प्राथमिकतामा सडक कालोपत्रे | ४७ |
| २३. | एम्बुलेन्स हिड्न सक्ने बाटो बनाएका छौं | ४८ |
| २४. | बाटो र नाली निर्माण प्राथमिकतामा | ४९ |
| २५. | जनताका आवश्यकता पुरा गर्न समन्वय | ५० |
| २६. | पुर्वाधार विकासको बजेट पुर्वाधारमै खर्च | ५१ |
| २७. | बैजनाथ गाउँपालिकाका गतिविधि | ५२ |

# बैजनाथ गाउँपालिका कार्यालय ]

## रामपुर, बाँके]



# "गाउँपालिकालाई समृद्धिसँग जोड्दैछौं"



**प्रकाशबहादुर शाही**
अध्यक्ष, बैजनाथ गाउँपालिका बाँके

*गाउँपालिकालाई विशेषगरी समृद्धिसँग जोड्नको लागि सामाजिक विकास, आर्थिक विकास र पुर्वाधार विकासमा जोड दिएका छौं । विशेष गरेर गाउँपालिकाको चौतर्फी विकासको लागि हामीले पुर्वाधारतिर विभिन्न किसिमका भौतिक संरचनाहरु सडक, पर्यटन सडकलाई जोडिरहेका छौं । त्यसपछि प्रशासकीय भवनलाई जोड्नको लागि रिङरोडको अवधारणा ल्याएर काम गरिरहेका छौं ।*

**जनताको काम गरिरहँदा कस्तो अनुभुति भइरहेको छ ?**

जनताको काम गरिरहँदा म खुसी छु । सेवा गर्नु नै धर्म हो, भने जस्तै जनताले जुन हिसाबले मलाई पाँच वर्षको लागि २०७९ बैशाख ३० गते दोस्रो कार्यकालको लागि म्याण्डेट दिएर पठाउनु भएको छ । उहाँको सुख, दुःख र हरेक क्षेत्रमा चाही काम गर्नुपर्छ, भनेर लागिरहेका छौं ।

**गाउँपालिकालाई समृद्धिसँग जोड्न मुख्य रुपमा के, कस्ता कामहरु भएका छन् ?**

गाउँपालिकालाई विशेषगरी समृद्धिसँग जोड्नको लागि सामाजिक विकास, आर्थिक विकास र पुर्वाधार विकासमा जोड दिएका छौं । विशेष गरेर गाउँपालिकाको चौतर्फी विकासको लागि हामीले पुर्वाधारतिर विभिन्न किसिमका भौतिक संरचनाहरु सडक, पर्यटन सडकलाई जोडिरहेका छौं । त्यसपछि प्रशासकीय भवनलाई जोड्नको लागि रिङरोडको अवधारणा ल्याएर काम गरिरहेका छौं । आर्थिक विकासमा सहज पहुँच गराउनको लागि हामीले कृषिमा विभिन्न किसिमका कार्यक्रम, आय-आर्जनका कार्यक्रमहरु, कृषि सम्बन्धी यान्त्रीकरण, डिजिटल पालिका, समग्र रुपमा पुर्वाधार, सामाजिक विकास, शिक्षामा हामीले विभिन्न किसिमका भवनका कुरा, छात्रवृत्तिका कुरा, लक्षित समुदायलाई विभिन्न किसिमका आय, आर्जनका कार्यक्रम, शिक्षा, स्वास्थ्य, कृषि, पर्यापर्यटन जेष्ठ नागरिकलाई विभिन्न किसिमले जोडिरहेका छौं । गाउँपालिकालाई

समृद्ध बनाउनको लागि समग्र रुपमा औद्योगिक क्षेत्रको कामलाई पनि सँग-सँगै अगाडी बढाउन पहल गरेका छौं । विगत १० वर्षदेखी सञ्चालनमा आउन नसकेर जुन विवाद थियो, त्यो विवादलाई समाधान गरेर औद्योगिक क्षेत्रलाई हामीले सञ्चालनमा ल्याईरहेका छौं । यसले गर्दाखेरी पक्कैपनि भोलीका दिनमा २० औं हजार युवाले रोजगारी पाउने र त्यहाँको राजश्वले विभिन्न विकास निर्माणका काम पनि गर्न सकिने हुनाले नै त्यो पनि ठुलो समृद्धिको आधार हुनेछ ।

**आर्थिक वर्ष २०८१/०८२ मा कस्ता कामहरुलाई विशेषगरी प्राथमिकतामा राख्नुभयो ?**

हामीले पुर्वाधारतिर कृषि सडकदेखी जुन किसिमले सडक बिस्तार भएको थिएन, त्यो क्षेत्र बिस्तार गरायौं । त्यो सँग-सँगै भूमिहिन, सुकुम्बासी र अब्यवस्थित बसोबासीलाई पहिलो नम्बरमा राखेर उहाँहरुलाई निस्सा वितरण गरिसक्यौं । निस्सा वितरण गरिसकेपछि उहाँहरुलाई लालपुर्जा दिनुपर्छ भनेर लागेका छौं । तीन ठाउँबाट नापजाँच प्रक्रिया पनि अगाडी बढिसकेको अवस्था छ । हाम्रै कार्यकालमा १० हजार ३ सय १५ जनालाई लालपुर्जा दिन हामी प्रयासरत छौं । एउटा हामीले प्रयास गरेका छौं । त्यो सुरुवात पनि गरिसकेका छौं । औद्योगिक क्षेत्रको काम पनि हामीले २०८१/०८२ सञ्चालनमा ल्याउनुपर्छ भनेर विभिन्न किसिमका बैठक, राजनीतिक दलसँगका बैठकहरु, विभिन्न मन्त्रालयमा डेलिगेशन गरेर हामीले औद्योगिक ब्यवस्थापन लिमिटेड जुन छ, त्यससँग समन्वय गर्‍यौं ।

२०२८ सालदेखी भोग चलन गर्दै आएको जनताको लागि ५५ दशमलभ ६ विघा जमिन उपलब्ध गराउने सहमती सहित एउटा ठुलो निकास निकालेका छौं । त्यो पनि हाम्रो एउटा लक्ष्य थियो । अर्को कुरा शिक्षामा सुधार ल्याउनको लागि धेरै काम गर्नुपर्छ भनेर लागेका थियौं । सोही अनुसार पहिलो चरणमा हामीले शिक्षकलाई विभिन्न किसिमका तालिम, बिद्यार्थीसँग छलफल भएका छन् । आधारभुत तह र एसइई परिक्षालाई मर्यादित बनाउनको लागि सिसी क्यामेरा जडान गरेका छौं । क्यामेरा जोड्नुभन्दा पहिले शिक्षक, बिद्यार्थी, अभिभावक सबैलाई जानकारी दियौं । हामीले सबै परिक्षा केन्द्रमा सिसी क्यामेरा जडान गर्‍यौं । परिक्षा मर्यादित पनि भयो । यो पनि राम्रै काम भएको छ । कृषि एम्बुलेन्स सञ्चालन गरेर किसानलाई सहज गराएका छौं । किसानले गरेका मेहेनतहरु, किसानका उत्पादन गर्दा पनि मेहनत अनुसारको मुल्य पाएको देखिएन । त्यसैले हामीले कृषि एम्बुलेन्स चलाएर अन्नबाली, फलफुल बाली, तरकारी बालीको हकमा पनि किसानलाई वडाको सिफारिसमा ५० प्रतिशत अनुदानमा दिने भनेका थियौ, त्यो लक्ष्य पनि हामीले पुरा गरेका छौं । शिक्षा, स्वास्थ्य, कृषि, प्रशासकीय भवनका कुरा पनि पुरा गरेका छौं । एकिकृत सेवा केन्द्र पनि हामीले सञ्चालनमा ल्याएका छौं । बैजनाथलाई प्रविधीमैत्री बनाउनुपर्छ, डिजिटलमा जोड्नुपर्छ, अनलाईन सिस्टमबाट जनताले हरेक सेवा लिन सकुन भन्ने खालको जुन योजना बनाएका थियौं, सोही योजना अनुसार अहिले कार्यान्वयनमा आईसकेको अवस्था छ । प्रशासकीय सुधारका कुरादेखी लिएर धेरै काम गरेका छौं ।

**पुर्वाधार निर्माण अन्तर्गतका कस्ता-कस्ता काम यहाँहरुले गर्नुभयो ?**

पुर्वाधार निर्माण अन्तर्गत हामीले यो वर्ष शंकर माध्यामिक बिद्यालय थपुवामा ४ कोठे प्रशासकीय भवन बनाएका छौं । बिद्यालयमा घेराबार गरेका छौं । बैजनाथ-२ को सरस्वती आधारभुत बिद्यालयमा ४ कोठे भवन सम्पन्न गरेका छौं । जनजागरण आधारभुत बिद्यालय बैजनाथ-१ मा चार कोठे भवन सम्पन्न गरेका छौं । त्यस्तै बैजनाथ-८ को नेरा आधारभुत बिद्यालय बरगदीमा ४ कोठे भवन सम्पन्न गरेका छौं । यस्तै प्रशासकीय भवनमा बैजनाथ-७ मा पनि प्रशासकीय भवन सम्पन्न भएर प्रशासकीय कामहरु त्यहाँबाट सुरु भईसकेको छ । त्यसैगरी हामीले सिंचाई कुलोहरु बनायौं । सिंचाईका ड्याम पनि बनायौं । नदी कटान क्षेत्रमा तटबन्धन गर्ने वाचा गरेका थियौं, त्यो पनि गरेका छौं । रोडको कुरा गर्ने हो भने बैजनाथ-८ मा स्तर उन्नती र नालीसहितको पिच बाटो बनाएका छौं । जिगाउँदेखी मनकामना जोड्ने रोडको पनि ठेक्का खोलेर काम सम्पन्न हुदैछ । त्यस्तै क्षेत्रीय कारागारदेखी सडक अन्तिम अवस्थामा पुगेको छ । रारा आधारभुत बिद्यालयमा बिद्यार्थीलाई सहज रुपले आवत-जावतमा सुविधा होस् भनेर त्यहाँ पनि पिचले छोएका छौं । धेरै ठाउँमा हामीले कालोपत्रे, तटबन्धन गरेका छौं, बाँधहरु बनाएका छौं । संचित पोखरी बनाएका छौं । बिद्यालय भवन, प्रशासकीय भवन, एकिकृत सेवाग्राही कक्ष लगायत धेरै कामहरु गरेका छौं ।

**गाउँपालिकाको समृद्धिका निम्ति शिक्षा, स्वास्थ्य, कृषि लगायत महत्वपूर्ण आधार मानिन्छन् । यि कुरामा कत्तिको लगानी गर्नु भएको छ ?**

गाउँपालिकाको समृद्धिको लागि शिक्षा, स्वास्थ्य, कृषिमा किसानसँग पालिका प्रमुख कार्यक्रम ल्याएर लगभग ६ करोड रुपैयाँ विनियोजन गरेका छौं । यो कार्यक्रम चाही ७ सय ५३ स्थानीय तह मध्ये सबैभन्दा बढी कृषिमा लगानी गर्ने भनेको नै बैजनाथ गाउँपालिका हो । त्यस्तै स्वास्थ्यमा पनि हामीले लगानी

गरेका छौं । विभिन्न शिविर सञ्चालन गरेका छौं । १५ शैयाको अस्पताल निर्माण हुने क्रममा छ । आर्थिक रुपले विपन्न परिवार पनि यहाँ छन् । विशेषज्ञ सेवा पनि हाम्रो नजिकैबाट लिन पाउन भन्ने उद्देश्यले सुविधा सम्पन्न १५ शैयाको अस्पताल निर्माण प्रक्रियामा छ । अबको एक/दुई वर्षमा ठेकेदारले नियमित गरेपछि त्यो पनि सुरु हुन्छ । स्वास्थ्यमा हामीले एम्बुलेन्स सञ्चालन गरेका छौं । गर्भवती महिलालाई अकालमै ज्यान जान नपरोस् । गर्भवती महिलाको नाजुक अवस्थामा सम्बन्धित स्वास्थ्य निकायमा लैजान निःशुल्क रुपमा हामीले एम्बुलेन्स सञ्चालन गरेका छौं । जेष्ठ नागरिक, अपांगता, विपन्न नागरिकलाई पनि हामीले निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएका छौं । धेरै कामहरु चाही हामीले स्वास्थ्यमा गरेका छौं । शिक्षामा पनि हामीले प्रशासकीय भवनहरु, त्यसैगरी बिद्यालयका भवनहरु, पुर्वाधार हामीले निर्माण गरेपछि बिद्यार्थीहरुलाई चाही पठन पाठनमा सहजता गराउने हिसाबले चाही पुर्वाधारका क्रममा बिद्यालय भवन बनाएका छौं । शिक्षामा सुधार ल्याउनको लागि प्रअ, अध्यक्षहरुसँग नियमित बैठक, तालिम, अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिरहेका छौं । शिक्षामा अझै अनुगमन, नियमन हुनुपर्छ भनेर अनुगमन गरिरहेका छौं । शिक्षामा अझै सुधार गर्न बाँकी छ र अहिलेसम्म धेरै सुधार गरेका छौं ।

**आर्थिक वर्ष २०८१/०८२ भित्र बैजनाथमा जग्गा नापजाँचको काम कति भयो ?**

हामी कहाँ अब्यवस्थित बसोबासी, भूमीहिन दलित र भूमीहिन सुकुम्बासी गरेर कुल १० हजार ३ सय १५ जनाले फाराम भरेका छन् । उहाँहरु सबैको निस्सा आईसक्यो र सबै लाई निस्सा वितरण गरिसकेको अवस्था पनि छ । यसमा अलि प्राविधिक जटिलता हो, हामीले प्राविधिकलाई थप गरेर संघिय सरकारले उपलब्ध गराएको ४ जना प्राविधिकले हामीलाई पुगेन । जग्गा नाप्न दसौं वर्ष लाग्ने भएको हुँदा अहिलेको आयोगले ३ वर्षमा भूमी समस्या समाधन गर्ने, फेरी अर्को आयोग नबन्ने भन्ने खालको केन्द्रिय परिपत्र र केन्द्रमा एउटा कानुन बनेको छ । सोही अनुसार हामी पनि आत्तिनुपर्ने, हामीले विकासले बजेटलाई पनि काटेर जनतालाई एकै चोटी, सबै ठाउँबाट जग्गा नापेर लालपुर्जा उपलब्ध गराउनुपर्छ भनेर लागिरहेका छौं । अहिले हामीले ६ नम्बर, ४ नम्बर र ७ नम्बर वडाबाट एकैचोटी तीन वटा स्टेशन मेसिनसहित जनशक्ती ल्याएर हामीले काम गरिरहेका छौं । पहिला प्वाइन्ट र कित्ता छुट्याएपछि हामीलाई नापजाँच गर्न सजिलो हुन्छ । हामीले संकलनकर्ता देखी लिएर सहयोगी सबैलाई ब्यवस्थापन खर्च, सबै गरेर लालपुर्जा बाँड्नुपर्छ भनेर लागेका छौं ।

**गाउँपालिकाले ठाउँ–ठाउँमा खुल्ला ब्यायामशाला बनाएको छ । यसको खास उद्देश्य के हो ?**

यसको उद्देश्य भनेको स्वास्थ्यमा बालबालिका, जेष्ठ नागरिक, किशोर किशोरी लगायत सम्पूर्ण युवाले पनि यसको फाईदा लिन पाउन भन्नका लागि गरिएको हो । यो खुल्ला ब्यायामशाला भनेको सबैले सहज रुपमा गर्न सक्ने, स्वास्थ्यमा लगानी गरिएको हो । स्वास्थ्यमा लगानी गर्दाखेरी आर्थिक ब्ययभार पनि घट्छ । नसर्ने रोगहरु सुगर, प्रेसर, विभिन्न किसिमका नसर्ने रोगहरु पनि ब्यायाम गरियो भने कमी हुने । त्यहाँ गएर दैनिक १५ देखी २० मिनेट, आधा घण्टा, पौने घण्टा, एक घण्टा पनि उहाँले ब्यायाम गर्नु भयो भने धेरै नसर्ने रोग कमी गर्न सक्ने । युवाहरुलाई पनि कुलतबाट बचाउन सक्ने । स्वस्थ रहनको लागि ब्यायाम गरियो भने कुलतबाट पनि नफस्ने । धेरै कुराहरुलाई मध्येनजर गरेर समग्र रुपमा खुल्ला ब्यायामशालाको अवधारणा ल्यायौं । आर्थिक वर्ष २०८०/०८१ मा बैजनाथ-१ र ६ मा सञ्चालन गऱ्यौं । आर्थिक वर्ष २०८१/०८२ मा बाँकी सबै वडामा सञ्चालन भएको छ ।

**नौवस्ता औद्योगिक क्षेत्र बन्न नसक्नुका पछाडी के देख्नुहुन्छ र अहिलेसम्म स्थानीय सरकारले यो विषयमा कत्तिको अग्रसरता देखाएको छ ?**

औद्योगिक क्षेत्र २०७२ सालमा नै स्थापना भएर एक प्रदेश, एक औद्योगिक क्षेत्र भन्ने खालको अवधारणा आएको हो । अहिलेसम्म शिलान्यास भयो । शिलान्यास भईसकेपछि जनताले पनि स्वागत गरेका हुन् । यहाँ वास्तविक समस्या के पऱ्यो भने जुन २०२८ सालदेखी जग्गा उपयोग गर्दै आएका जनताहरु थिए, उहाँहरुको जग्गा पनि गुगल नक्साबाट औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेडको नाममा लालपुर्जा ल्याइयो । मुख्य बाधक भनेको त्यही हो । पहिलेको सरकारले धेरै पहल गर्दा गर्दै पनि यसको समस्या समाधान हुन सकेन । जनता र औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेडका कर्मचारीको द्वन्द्वले गर्दा यो अवस्था आएको हो । उहाँहरु जनता, राजनीतिक दललसँग समन्वय गरेर जानुहुन्थ्यो भने यो अवस्था आउने थिएन । औद्योगिक क्षेत्र सञ्चालन भएको १० वर्ष भईसकेको हुन्थ्यो र यहाँ २० औं हजार युवाले रोजगारी पाईसकेको अवस्था हुन्थ्यो । बैजनाथको मुहार नै फेरिसकेको हुन्थ्यो । विशेष गरेर यो समस्यालाई समाधान गर्न के गर्नुपर्छ भनेर राजनीतिक दलको सहमति सहित हामीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष लगायत

पदाधिकारी र हामीहरु बस्यौं, पटक-पटक घरदैलोको लागि जनता कहाँ जानुपर्छ भनेर जनतासँग पनि बस्यौं । जनतालाई पनि सम्झायौं । औद्योगिक क्षेत्र बन्नुपर्छ र तपाईको पनि ब्यवस्थापन हुनुपर्छ । भूमी आयोगको नीति अनुसार तपाईले जग्गा पाउनुहुन्छ । अब यसरी द्धन्द्ध नगरौं र औद्यागिक क्षेत्र पनि सञ्चालन गर्नुपर्छ भनेर हाम्रो सहमति भईसकेपछि पटक-पटक डेलिगेशन गयौं र डेलिगेशन गईसकेपछि औद्योगिक क्षेत्र विकास लिमिटेड पनि सहमत हुनुभयो । त्यसपछि पुनः सर्वे गर्‍यौं । ड्रोन नक्साबाट फेरी कति घरहरु छन् र यसलाई कसरी ब्यवस्थापन गर्न सकिन्छ भन्ने खालको कुरा फेरी चार किल्ला छुट्याईसके पछि त्यसपछि सिमांकन गर्‍यौं । ५५ दशमलभ ६ विघा जमिन हामीले औद्योगिक लिमिटेडको नामबाट कटाएर जनतालाई दिन सक्यौं भने औद्योगिक क्षेत्र सञ्चालन हुनसक्छ भन्ने खालको कुरा भएर डेलिगेशन, सर्बदलिय छलफल गर्‍यौं । सरकारका जिम्मेवार मन्त्रालयका साथीहरु बसेर एक किसिमको वातावरण भएर अहिले ५५ दशमलभ ६ विघा जमिन हामीले छोडेर, बीचमा सिमांकन गरेर बाटोको ट्र्याक निकालिसकेका छौं । यो एउटा महत्वपूर्ण उपलब्धी नै हो । हामीले यसलाई अझै छिटो काम गर्नुपर्छ भनेर भनेका छौं । गुगल नक्सामा देखिएका अहिले ८ वटा घर समस्यामा छन् । ति घरलाई ब्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा त्यो घरहरुलाई अन्यत्र सार्ने भनेर जग्गा हामीले छुट्याएर राखेका छौं । घर बनाउने ब्यवस्था पनि स्थानीय सरकारले गर्नुपर्छ भनेर त्यो अनुसार पैसा छुट्याएर अगाडी बढेका छौं ।

**स्थानीय सरकारप्रति जनताको कस्तो खालको प्रतिक्रिया पाउनु भएको छ ?**

हाम्रो पाँच वर्ष कार्यकाल पुरा भएपछि जनताको प्रतिक्रिया आउँला । अहिलेसम्म दोष लगाउने खालको प्रतिक्रिया आएको छैन । हामीले सबै जनतालाई समेटेर कृषि, पुर्वाधार, महिला तथा बालबालिका सम्बन्धी लक्षित वर्गका कार्यक्रम, सेवा प्रवाह गर्ने कामहरु, चुस्त दुरुस्त तरिकाले हामीले दिनुपर्छ भनेर प्रशासनलाई भनिरहेका छौं । सोही अनुसार प्रशासन पनि चलिरहेको अवस्था छ । जनताको आवश्यकता र चाहना धेरै हुन्छ । बजेटले कति भ्याउने भन्ने कुरा हो । सोही अनुसार हामीले पहिलो प्राथमिकतामा यो काम गर्नुपर्छ भन्ने कुराहरु गरेको हुनाले जनताबाट विश्वास पाएका छौं ।

**वर्षेनी संघ र प्रदेश सरकारबाट आउने अनुदानको अवस्था के छ ?**

वर्षेनी संघ र प्रदेशबाट आउने अनुदान त्यति घटेको अवस्था छैन । जे जस्तो आउँछ, त्यो आईरहेको अवस्था छ । नियमित रुपमा आउने समानिकरण बजेट, प्रदेश सरकारबाट आउने राजश्व बाँडफाँड, यि नियमित रुपमा आईरहेका छन् । सोही अनुसार हामीले आन्तरिक राजश्वलाई पनि जोडेर समपूरक र विशेष अनुदान पनि प्रदेश र संघबाट नियमित आईरहेको अवस्था छ । सोही अनुसार काम अगाडी बढिरहेको छ ।

**आर्थिक वर्ष २०८१/०८२ मा संघ र प्रदेशबाट बजेट कटौती भएकै कारण कुनै योजना अपुरो हुने अवस्था आयो ?**

हाम्रो बजेट जुन सिलिङ हुन्छ, त्यो बजेट अनुसार कतिपय कामहरु चाही सर्शत अनुदान, समपूरक र विशेष अनुदान फिर्ता भएर जाने अनुदान हो । हामीले जति काम गर्न सक्यौं, बाँकी नगर्न सकेको फिर्ता जाने र राजश्व बाँडफाँड, समानिकरण र आन्तरिक जुन आम्दानीबाट बनाएको कार्यक्रम हुन्छ, त्यो कार्यत्रम हुन्छ, त्यो फिर्ता जादैन । यो बजेट यही डल्लो भएर बस्छ, त्यसपछि हामीले चाही उताबाट नआएको कुरा पनि काम गर्न नसकेका कुनै योजनाबाट त्यसलाई भुक्तानी दिने प्रक्रिया हुन सक्छ । त्यसलाई पनि हिउँदे गाउँसभामा गएर हामीले त्यो किसिमको सिधैं छुट्याएको बजेट कार्यपालिकाले निर्णय गर्ने हो । २५ प्रतिशतमा धेरै गर्न सक्दैन । त्यो योजनाको पैसा अर्को योजनामा हाल्नको लागि सभामै जानुपर्छ । सभाले ल्याएको काम सभामै जानुपर्ने भएको हुनाले त्यति समस्या देखिएन । हामीले त्यस्ता अधुरा योजनाहरु सबै सम्पन्न भए । त्यसपछि हामीले डेलिगेशन गएर गाउँपालिका राष्ट्रिय महासंघ, लुम्बिनी प्रदेश, नगरपालिका महासंघ, जिल्ला समन्वयको टोली गएर हामीले चाही अर्थ मन्त्रीसँग काठमाडौंमा छलफल, अन्तरक्रिया भयो ।

**स्थानीय स्रोतको बृद्धि कसरी गरिरहनु भएको छ ?**

स्थानीय स्रोत बृद्धिका लागि विभिन्न प्रयास गरेका छौं । पसल अनुगमन गरेका छौं । उद्योग, ब्यवसाय सबैको अनुगमन गरेर करको दायरा कसरी बढाउनुपर्छ, जग्गा रजिष्ट्रेशनका कुरा । धेरै सिफारिस दस्तुतरबाट पनि राजश्व संकलन हुन्छ । २०८०/०८१ मा हामीले खोला खोलेका थियौं । आर्थिक समृद्धिका निम्ति एउटा चाही कर उठाएर, अर्को कुरा कसैलाई कार्यक्रममा दिएर त्यसबाट कर संकलन गर्ने गरेका छौं । किसानलाई विभिन्न सामानमा अनुदान दिएका छौं । अनुदान पाएका किसानले फर्म दर्ता गर्नु भएको छ । ब्यवसाय फर्म दर्ता, नविकरणबाट पनि राजश्व संकलन हुन्छ । जनताको पनि आर्थिक बृद्धि गरिरहेका छौं ।

**गाउँपालिकाको नेतृत्व गरिरहँदा तीन वर्ष कार्यकाल पुरा भईसकेको छ । अबको दिर्घकालिन योजना के छ ?**

हाम्रो दिर्घकालिन योजना भनेको औद्योगिक क्षेत्रलाई सञ्चालन गरेर २० औं हजार युवालाई विदेश जानबाट रोक्नको लागि र यहाँको अर्थतन्त्र बलियो र समृद्ध बैजनाथ बनाउनको लागि औद्योगिक क्षेत्रलाई जसरी पनि सञ्चालनमा ल्याउनुपर्छ भनेर सोचिरहेका छौं । त्यही अनुसार रोडम्याप बनाएर अगाडी पनि बढिरहेका छौं । अर्को कुरा दिर्घकालिन योजना जनताले २०२८ सालदेखी बसोबास गरिरहनु भएको छ । पटक-पटक आयोग बन्ने र ढल्ने । जनतालाई राजनीतिक दलले भोट बैंकको रुपमा प्रयोग गर्ने काम गरेका छन् । जनताहरुले कहिले कसैलाई भोट दिने, कहिले कसैलाई भोट दिने, यो अवस्थामा बैजनाथ स्थानीय सरकारले उहाँहरुलाई अर्जुन दृष्टि बनाएर हाम्रो कार्यकालमा लालपुर्जा उपलब्ध गराउनुपर्छ । भू-स्वामित्वको अधिकार जनतालाई दिनुपर्छ भनेर लागेका छौं । हामीले जसरी भएपनि सुविधा सम्पन्न विशेषज्ञ डाक्टर सहितको १५ शैयाको अस्पताल पनि जसरी पनि सञ्चालनमा ल्याउनुपर्छ भनेर लागेका छौं । अर्कोकुरा हाम्रो रिङरोडको अवधारणा आएको छ । प्रशासकीय भवन र प्रत्येक बिद्यालयलाई कालोपत्रे गर्ने, बिद्यार्थीहरु चाही जुन शिक्षा भनेको विकासको मेरुदण्ड हो । बिद्यार्थीहरु सहज रुपमा बिद्यालयमा आउने र जानको लागि । अर्को कुरा कृषि रोडको अवधारणा ल्याएका छौं । बाटो र पुल छैन भने जनताले उत्पादन गरेका चिजहरु सहज रुपमा अन्यत्र लैजाने, बिक्री गर्दा हुने कठिनाईलाई मध्यनजर गरेर कृषि सडक पनि बनायौं भने पककैपनि कृषि क्रान्ति हुने र जनता पनि धेरै भन्दा धेरै आर्कषित भएर खेती गर्छन् । बाटो राम्रो भयो भने आफ्नो उत्पादन भएको चिज सहज रुपमा बिक्री वितरण गर्न सक्नुहुन्छ भन्ने उद्धेश्यले कृषि सडकको अवधारणा ल्याएका छौं । प्रशासकीय कुरामा सुधार ल्याउनको लागि डिजिटल पालिका नै बनाउने उन्मुखमा बैजनाथ गाउँपालिका छ । हामीले एकिकृत सूचना केन्द्र, सेवाग्राही कक्ष सञ्चालनमा ल्याएका छौं । बिद्यालयलाई डिजिटल माध्यमबाट जोड्न खोजेका छौं । बिद्यार्थीले अब स्मार्ट बोर्डबाट पढ्नुपर्छ । नयाँ नयाँ सोच ल्याएर प्रविधी अनुसार बिद्यालयलाई जोड्दैछौं । शिक्षा, स्वास्थ्य, कृषि, पशुपालनलाई विशेष जोड दिएका छौं । किनभने ७० प्रतिशत बैजनाथका नागरिकहरु कृषि र पशुपालन पेशामा आवद्ध हुनुहुन्छ । विशेषगरी बैजनाथको आर्थिक समृद्धि ल्याउनु छ भने कृषिलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने हिसाबले पनि किसानसँग पालिका प्रमुख कार्यक्रम सञ्चालन गरेको अवस्था छ । यस्तै धेरै कामहरु छन् । पर्यापर्यटनलाई जोड्न बैजनाथको कन्वा तालको विकासका लागि हामीले डिपिआर गरिसकेको अवस्था छ । यसलाई पर्यटकीय गन्तब्य बनाउने हो । यसलाई चराचुरुंगीको बासस्थान बनाएर सयौं किसिमका जलचर चराहरु आयो भने त्यो हेर्नको लागि पनि एउटा माध्यम त्यसलाई बनाएर अन्यत्र होटल ब्यवसाय, होमस्टे, रिसोर्ट सञ्चालन गर्न सकियो भने त्यहाँका युवाहरुले पनि रोजागरी पाउने र आर्थिक आम्दानी पनि हुन सक्छ । गाभर होमस्टेलाई अझै ब्यवस्थित गर्ने । बैजनाथ-६ को बोटानिकल पार्कलाई पनि ब्यवस्थित गर्ने भन्ने हाम्रो दिर्घकालिन योजना छ । अर्को कुरा खेलकुद र युवालाई जोड्नुपर्छ भनेर लालपुर खेल मैदानलाई थप ब्यवस्थित गर्दै बहुआयामिक कबर्डहल बनाएर बैजनाथ गाउँपालिकाको खेलकुद हबको रुपमा विकास गर्ने योजना छ ।

**कार्यक्षमता मुल्यांकनमा बैजनाथ बाँकेको दोस्रो पालिका भयो । के के कुरामा सुधार ल्याएपछि दोस्रो हुन सम्भव भएको हो ?**

हामीले सेवा कसरी दियौं भन्ने यसको मापदण्ड हुन्छ । दिगो विकास लक्ष्य अनुसार जुन सूचकहरु हुन्छ, यो सूचकलाई पनि आधार मानिन्छ । महिला, बालबालिका, जेष्ठ नागरिकको सवालमा हामीले के गर्‍यौं ? लक्षित समुदायलाई हामीले के काम गर्न सक्यौं ? बालबालिका, खेलकुदमा के काम गर्‍यौं ? किशोर किशोरीलाई के गर्‍यौ ? शिक्षामा भने अनुसारको खर्च गर्न सक्यौ कि नाई ? राज्यको कानुनले दिए अनुसार हामीले काम गर्‍यौं कि नाई ? स्वास्थ्य, शिक्षा, कृषिमा, प्रशासकीय सुधारमा के के गर्‍यौं ? भौतिक पुर्वाधारका काम समयमै सम्पन्न गर्‍यौं कि नाई ? सरकारले दिएको बजेट हामीले खर्च गर्न सक्यौं कि नाई ? भन्ने खालका धेरै आधारहरु हुन्छन् । यि आधार पुरा गर्नमा जनप्रतिनिधीको पनि ठुलो भूमिका हुन्छ । प्रशासनको पनि ठुलो भूमिका हुन्छ । समयमै ठेक्का खुल्नुपर्‍यो, समयमै कामको फाईल अगाडी बढाईदिनुपर्‍यो । विषयगत शाखाका जुन योजना छुट्याइएको हुन्छ, ति योजनाहरुको हामीले मासिक समिक्षा, छलफल, अन्तरक्रियाबाट भएको हुनाले हामी सफल भएका हौं ।

**जनताका काम गरिरहँदा समस्या र चुनौती कस्ता आउँछन् ?**

जनताका काम गर्दै गर्दा समस्या आउँछन् । समस्या र चुनौती आयो भन्दैमा पछि हट्नु पर्दैन । कति गर्न सक्ने भन्ने कुरा हामीले दिने हो । जनताका आवश्यकता असिमित हुन्छन् । त्यो आवश्यकता हामीले पुरा गर्न सक्ने कि नसक्ने भन्ने खालको बजेटले निर्देशन गर्ने हो । बजेट अनुसार हामीले जति सक्दो पुरा गर्ने हो । जनतालाई चाहिने रोजगारी, विकास, शिक्षा सम्बन्धी छात्रवृत्तिका छन्, स्वास्थ्यमा निःशुल्क उपचारका कुरा छन् । विशेषगरीं जोडिएको त्यही हुन्छन् । हामीले कति पुरा गर्न सक्ने भन्ने कुरा हामीले भ्याउने कुरा हामीले गरिरहेका छौं । नभ्याउने कुरा



संघ र प्रदेशमा गएर पनि माग पुरा गर्ने प्रयास गरेका छौं । धेरै काम हामीले गरेको हुनाले हामी सफल भएका छौं । तर, समस्या र चुनौती आउँछन् । हामीले समस्या मान्ने हो भने केही गर्न सकिदैन । समस्या र चुनौतीको सामना गरेर अगाडी बढ्नुपर्छ ।

**आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीका लागि एसी सहितको सेवाग्राही भवन निर्माण गर्नु भएको छ । यो कस्तो खालको संरचना हो ?**

हामीले यसलाई सेवाग्राही कक्ष र प्रतिक्षालय भनेर दुबै जोडेका छौं । सेवाग्राही आउनु हुन्छ, प्रशासकीय भवनमा बस्ने ठाउँ हुदैन । सेवाग्राही पनि ब्यवस्थित रुपले बस्नुपर्‍यो । कामका लागि आउनु हुन्छ भने उहाँहरु पनि पालैपालो आईदिनुपर्‍यो भन्ने खालको कुरा ब्यवस्थापन गर्न खोजेको हो । अर्को कुरा एकिकृत सेवा केन्द्र भनेको जुन किसिमका कामहरु भईरहेका छन् । हामीले समय दिन सक्यौं कि नाई ? जनताको फाईल कहाँ छ भन्ने कुराहरु । जनतालाई सचेत गराउने । जनताहरु आउनु हुन्छ । अनलाईन सिस्टमबाटै उहाँहरुको फाईल दर्ता हुन्छ । भुक्तानीका लागि आउनु हुन्छ भने अनलाईन सिस्टमबाट नै दर्ता हुन्छ । यहाँ एक जना प्रशासनको र अर्को दर्ता फाँटको कर्मचारी बस्नुहुन्छ । अरु दुई जना कार्यालय सहयोगी बस्नुहुन्छ । जति सार्वजनिक खरिदका कुरा देखी लिएर ठेक्काको कुरादेखी लिएर भुक्तानी सम्बन्धी कुरा जतिपनि भईसकेका कुरा छन् । सेवाग्राही कक्षबाट फाईल प्रशासनले रुजु गर्छ, रुजु गरेर केही मिलेको छ कि छैन भनेर हेरिन्छ । केही नमिलेको भए फाईल सच्याएर ल्याउनु हुन्छ । टोकन सिस्टम हुन्छ । जनताले स्मार्ट बोर्डमा हेर्नुहुन्छ । विभिन्न शाखालाई इन्टरनेटबाट जोडेका छौं । जनताको फाईल कहाँ पुग्यो भनेर त्यहाँ सिस्टमले देखाउँछ । हामीले टोकन राखेका छौं, त्यही टोकनलाई ल्याएर उत्तम, राम्रो, ठिकै र नराम्रो भनेर मुल्यांकन गर्न सुझाव पेटिका राखेका छौं । सेवाको मुल्यांकनका आधारमा हामीले कर्मचारीलाई सुधार गर्न लगाउँछौं । जनतालाई दुःख नदिऔं, समयमै जनताको काम होस् भनेर यो सिस्टम ल्याएका हौं । यसले धेरैलाई नियन्त्रण गर्छ । जनताले सहज रुपमा आफ्नो काम गराएर घर जानुहुन्छ ।

**अब अन्त्यमा, बैजनाथको समृद्धिका निम्ति गाउँपालिका बाहेक अरु क कसको भूमिका देख्नुहुन्छ ।**

यहाँ सबैको भूमिका चाहिन्छ । सबै राजनीतिक दलको साथ र समर्थन आवश्यक छ । सबैका सुझाव लिएर अगाडी बढ्नुपर्छ । राजनीतिक दल, नागरिक समाज, पत्रकार, शिक्षक, ब्यापारी, किसान सबैको सुझाव चाहिन्छ । विभिन्न समुदायको संस्था र समिति छन् । सबैको भूमिका आवश्यक छ । बुझेको कुरा हामीले गर्ने हो, नबुझेका कुरा उहाँहरुले सुझावका रुपमा दिनु भयो भने त्यो अनुसार हामी जान सक्यौं भने अझै राम्रो गर्न सकिन्छ । त्यसैले सबैको भूमिका समान हुन्छ । सबैले सहयोग गर्नु भयो भने बैजनाथलाई समृद्ध बनाउन सकिन्छ ।

*–प्रस्तुती : अर्जुन ओली*

# "कठिनाईलाई छिचोल्दै जिम्मेवारी सम्हालिरहेकी छु"



**निर्मला रोकाय**
उपाध्यक्ष, बैजनाथ गाउँपालिका, बाँके

*एउटामा विवादलाई मेलमिलाप माध्यमबाट समाधान गराउनुपर्ने हुन्छ र अर्को चाही निरुपन गर्ने अधिकार छ । धेरैजसो विवादहरु हामीले मेलमिलापमा नै समाधान गराउने प्रयासमा लाग्छौं । धेरै किसिमका मुद्दाहरु मेलमिलापबाट पनि समाधान गराएका छौं । केही मेलमिलापबाट हुन नसकेकालाई यता निरुपनतिर ल्याएर निर्णय गर्ने गरेका छौं ।*

**गाउँपालिका उपाध्यक्ष भएर काम गरिरहँदा कस्तो अनुभुति भइरहेको छ ?**

गाउँपालिका उपाध्यक्ष भएर काम गरिरहँदा मलाई चाही आफ्नो सेवाप्रति एकदमै गौरवान्दित महसुस हुन्छ । जुन यहाँका जनताको सेवा गर्न पाइरहेको छु । आफुलाई त्यो सेवामा रहेर काम गर्न मलाई एउटा रमाईलो क्षण जस्तो लाग्छ । सामान्य महिला दिदी बहिनीहरुसँग, बालबालिकाहरुसँग जोडिएर काम गर्न मलाई एकदमै आफ्नो जिन्दगीमा एउटा खुसीको क्षण जस्तै लाग्छ ।

**जनताको अपेक्षा स्थानीय सरकारप्रति कस्तो छ ?**

जनतामा अपेक्षा चाही ब्यक्तिगत अपेक्षाहरु बढ्दो त्यो चाही हामीले पाएका छौं । जबकी, स्थानीय सरकारले ब्यक्तिगत ईच्छा र अपेक्षा भन्दापनि हामीले सामुहिक रुपमा काम गर्ने क्रममा ब्यक्तिगत रुपमा पनि आफ्ना अपेक्षाहरु पुरा भईदिएको भए हुन्थ्यो, सरकारले त्यस्ता किसिमका कामहरु गरिदिएको भए हुन्थ्यो भन्ने जनताको अपेक्षा छ । तर, अझ विशेषगरी सामाजिक विकासमा पनि अझै स्थानीय सरकारले जोड दिएर काम गरि दिएको भए भन्ने चाही यस्ता किसिमका जन अपेक्षाहरु आउँछन् ।

**आफ्नो जिम्मेवारीलाई कसरी ब्यवस्थापन गरिरहनु भएको छ ?**

ब्यवस्थापनको विषयमा त मलाई एकदमै अप्ठ्यारो, एकदमै गाह्रो भएर पनि मैले ब्यवस्थापन गरिरहेको छु । म गृहणी पनि हुँ । बैजनाथ गाउँपालिकाको उपाध्यक्ष भएपनि मैले मेरो घर पनि मिलाउनुपर्छ । बालबच्चालाई पनि हेर्नुपर्छ । साथ साथै आफ्ना

जिम्मेवारी जुन जनताले दिनु भएको जिम्मेवारी छ, यो जिम्मेवारीको कामलाई पनि लिनुपर्छ । मैले सबै किसिमको आफ्ना कठिनाईलाई छिचोल्दै जिम्मेवारी सम्हालिरहेकी छु । अप्ठ्यारो महसुसलाई सहजता बनाउने क्रममा लिदै गरिरहेको छु ।

**जनप्रतिनिधि भएर काम गरिरहँदा घर परिवारबाट कत्तिको सहयोग भइरहेको छ ?**

परिवारको सहयोगबाट नै म यहाँसम्म पुगेको हो । अहिले चाही बाल बच्चाहरु अलि साना, सबै कुराको ब्यवस्थापन गर्ने कुरामा सहयोग चाही भइरहेको छ ।

**स्थानीय सरकार कार्यसञ्चालन ऐनले उपाध्यक्षलाई धेरै जिम्मेवारी दिएको छ । ति जिम्मेवारीलाई कसरी पुरा गरिरहनु भएको छ ?**

उपाध्यक्षलाई ऐनले दिएको जिम्मेवारीलाई मैले विभिन्न क्षेत्रमा हेर्नुपर्ने हुन्छ । मेरो अनुगमनको पाटो, त्यसपछि न्यायिक समिति छ, बालबालिका क्षेत्र, राजश्व परामर्श देखी लिएर विभिन्न क्षेत्रहरुलाई उपाध्यक्षले हेर्नुपर्ने जिम्मेवारी छ । यसलाई मैले क्षेत्रगत रुपमा मैले आफ्नो पाएको जिम्मेवारीमा सकभर त्यो जिम्मेवारीलाई पुरा गर्ने कुरामा लागिरहेको छु ।

**तपाई स्थानीय न्यायिक समितिको संयोजक हुनुहुन्छ । मुद्दाको छिनोफानो कसरी गर्नु हुन्छ ?**

न्यायिक समितिमा हामीलाई दुई किसिमको अधिकार छ । संविधानको धारा ४७ को 'क' र 'ख' बमोजिमका दुई वटामा हामीले टेकेर काम गर्नुपर्छ । एउटामा विवादलाई मेलमिलाप माध्यमबाट समाधान गराउनुपर्ने हुन्छ र अर्को चाही निरुपन गर्ने अधिकार छ । धेरैजसो विवादहरु हामीले मेलमिलापमा नै समाधान गराउने प्रयासमा लाग्छौं । धेरै किसिमका मुद्दाहरु मेलमिलापबाट पनि समाधान गराएका छौं । केही मेलमिलापबाट हुन नसकेकालाई यता निरुपनतिर ल्याएर निर्णय गर्ने गरेका छौं ।

**कुनै मुद्दाहरु मिल्न नसकेपछि जिल्ला अदालतसम्म पुगेको अवस्था छ ?**

मिल्न नसकेका कुराहरुमा जस्तो श्रीमान र श्रीमतीको विवादका कुराहरु आए । उहाँहरुलाई डिभोर्स(सम्बन्ध बिच्छेद) गराउने अधिकार हामीलाई छैन । हामीले मेलमिलापमा नै धेरै प्रयास गरेर उहाँहरुलाई मिल्नै नसकेपछि अदालती पाटो रोजेपछि हामीले अदालतसम्म जाने सल्लाह दिन्छौं । र अन्य त्यस्ता किसिमका विवादहरु चाही अहिलेसम्म हामीले सकभर समाधान गरेका छौं । कहि कतै मात्रै समाधान हुन नसकेका जिल्ला सम्म गएका छन् । होईन भने हामीले यतै समाधान गराएका छौं ।

**काम गर्ने क्रममा दवाव, प्रभाव कत्तिको आउने गर्छ ?**

यसको लागि मैले अरु ठाउँमा सुनेको दवाव आउँछ कि भन्ने कुरा । तर, मलाई त्यस्तो लाग्दैन । अहिले सम्म कुनैपनि पक्षले मेरो पक्षमा गर्दिनुपर्‍यो भनेर त्यसरी दवाव दिएको अवस्था छैन । हामी यो ठाउँमा बसिसकेपछि दवाव भन्दापनि दुबै पक्षको कुरा सुनेर मध्यविन्दु के हो त ? उहाँहरुलाई रोज्न लगाएर सकभर समाधानको पक्षमा जाने प्रयास गर्छौं । त्यसकारण पनि होला त्यसरी खासै दवाव अहिलेसम्म आएको छैन ।

## जान्नै पर्ने कुराहरु

- ✓ समयमै बालबालिकाको जन्मदर्ता गराऔं ।
- ✓ उमेर नपुगी विवाह नगरौं ।
- ✓ अपाङ्गताको परिचय पत्र बनाऔं ।
- ✓ ज्येष्ठ नागरिकको परिचयपत्र बनाऔं ।
- ✓ लैङ्गिक हिंसा नगरौं ।
- ✓ वैदेशिक रोजगारीमा जाँदा दलालसँग नफसौं ।
- ✓ छोरा सरह छोरीलाई शिक्षा दिऔं । छोराछोरीलाई भेदभाव नगरौं ।

संवाद

# “कर्मचारीको अभाव हुन दिएका छैनौं”



**धर्मराज न्यौपाने**
*प्रमुख प्रशासकीय अधिकृत, बैजनाथ गाउँपालिका बाँके*

*हामीले सार्वजनिक सुनुवाईहरु गरिरहेका छौं । सूचनाहरु सूचना पाटीमा टाँस्ने, बेवसाइटमा राख्ने काम चाही हामीले गरिरहेका छौं । हामीले के काम गर्दैछौं, भन्ने कुराको जानकारी चाही जनतालाई थाहा होस् भन्ने उद्देश्यले चाही हाम्रा माध्यमहरु प्रयोग गरेर हाम्रा जानकारीहरु जनता समक्ष राखिरहेका छौं । त्यस्तो गुनासो देखिएको छैन ।*

**गाउँपालिकाको प्रशासनिक काम काज कसरी चलेको छ ?**

नियम अनुसार हुनुपर्ने कामहरु यथा समयमा भइरहेको छ । कर्मचारीहरु कार्यालयमा छन् । काम नियमित प्रक्रियामा भइरहेको छ ।

**आर्थिक वर्ष २०८१/०८२ को योजना र कार्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?**

हामी लगभग ८० प्रतिशत पुर्वाधार कार्यहरु सम्पन्न गरिसकेका छौं। ६०/७० प्रतिशत जति चालु प्रकृतिका कार्यक्रमहरु सम्पन्न गरिसकेका छौं । अरु सेवा प्रवाह गर्नुपर्ने सामाजिक सुरक्षाका कुराहरु चाही सबै चाही यथा समयमा भइरहेका छन् । केही कार्य सम्पन्न भएका छन्, तर चाही भुक्तानी भएको अवस्था देखिएकोले प्रगति अंकमा देखाउन समस्या परेको छ।

**जनप्रतिनिधि र कर्मचारी बीच कत्तिको समन्वय भएको छ ?**

हरेक क्रियाकलापमा समन्वय भएको छ। सबै कुरामा छलफलका माध्यमबाट चाही कार्यक्रमहरु कार्यान्वयन हुने गरेको छ। समन्वय राम्रो छ।

**गाउँपालिकाको सेवा प्रवाह गर्नमा कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ। कर्मचारीको ब्यवस्थापन र परिचालन कसरी भइरहेको छ ?**

पक्कै पनि कार्यान्वयन गर्ने क्रममा चाही कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ। हाम्रो गाउँपालिकामा दरबन्दी अनुसारको कर्मचारी त्यति रिक्त भएको अवस्था देखिदैन। एक दुई वटा पद चाही रिक्त छ। बाँकी पदहरुमा पदपुर्ति नै छ। दरबन्दी अनुसार कर्मचारीहरुलाई जिम्मेवारी दिएर कार्यालय सञ्चालन गर्ने ब्यवस्थापन गरिएको छ। वडा होस् या स्वास्थ्य चौकी होस् या

बिद्यालय होस् । गाउँपालिकाको क्रियाकलाप होस् । कर्मचारीको ब्यवस्थापन तत् स्थानमा चाही कर्मचारी राखिएको छ । जनगुनासो खासै सुनिएको छैन ।

**गाउँपालिकामा अहिले कर्मचारी दरबन्दीको अवस्था के छ ?**

गाउँपालिकामा दुई वटा दरबन्दी प्रशासनतर्फको र कृषि तथा पशु तर्फको दरबन्दीहरु रिक्त रहेको छ । अन्य पदपुर्ति नै छ । कृषि तर्फको दरबन्दीहरु लोकसेवामा माग गर्ने क्रम गरिराखेका छौं । र प्रशासनको दरबन्दी लोक सेवा मागको आकृति फाराम भरेर पठाईसकेका छौं ।

**कर्मचारीको अभावले सेवा प्रवाहमा कत्तिको अप्ठ्यारो हुन्छ ?**

सबै कार्यक्रमहरु कर्मचारीमार्फत नै सञ्चालन हुने भएको ले कर्मचारी नभएमा सेवा प्रवाहमा प्रभाव त पर्छ नै । तर, यतिबेला चाही कार्यक्रम कार्यान्वयन गर्ने अलि दवाव त हुन्छ । बढी काम गर्नुपर्ने समय हो । कर्मचारीलाई बिदा छाड्ने, कतै काजमा पठाउने, लामो समयमा काजमा पठाउने गरिएको छैन । सबैको बन्द गरिएको छ । त्यसैले हामीले कर्मचारीको अभाव हुन दिएका छैनौं ।

**गाउँपालिकालाई सुशासन र पारदर्शी बनाउन के के काम गर्नु भएको छ ?**

हामीले सार्वजनिक सुनुवाईहरु गरिरहेका छौं । सूचनाहरु सूचना पाटीमा टाँस्ने, बेवसाइटमा राख्ने काम चाही हामीले गरिरहेका छौं । हामीले के काम गर्दैछौं, भन्ने कुराको जानकारी चाही जनतालाई थाहा होस् भन्ने उद्देश्यले चाही हाम्रा माध्यमहरु प्रयोग गरेर हाम्रा जानकारीहरु जनता समक्ष राखिरहेका छौं । त्यस्तो गुनासो देखिएको छैन ।

**गाउँपालिकालाई समृद्ध बनाउन कर्मचारी प्रशासनको भूमिका के हुन्छ ?**

कर्मचारीको भूमिका महत्वपूर्ण नै हुन्छ । किनभने कार्यान्वयन गर्ने मुख्य ब्यक्ती नै कर्मचारी हो । त्यसको साथ साथै जनप्रतिनिधिको पनि त्यतिकै भूमिका हुन्छ । कर्मचारीले यथासमयमा आफ्नो जिम्मेवारी बहन गरिदिएमा कुनैपनि संस्था समृद्ध हुन सक्छ ।

**अन्त्यमा समग्र गाउँपालिकाबासीलाई के भन्नुहुन्छ ?**

सम्पूर्ण बैजनाथ गाउँपालिकाबासीलाई म के भन्छु भने हामीले यहाँहरुका केही गुनासाहरु छन्, काम भएको छैन । कही गुनासो छ, अथवा कुनै कर्मचारीले समस्या सिर्जना गरेको छ भने कार्यालयमा आएर यथासमयमा हामीलाई जानकारी गराईदिनु भयो र यहाँहरुको केही समस्या छ भने गाउँपालिकामा यथासमयमा आएर जानकारी गराईदिनु भयो भने यहाँहरुको समस्या समाधान गर्न हामी तत्पर छौं । हामी यथासमयमा सेवा प्रवाह गर्छौं ।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- ✓ धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगयातका दीर्घकालिन रोग लाग्न सक्छ ।
- ✓ आफू, परिवार तथा समाजका अन्य ब्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- ✓ कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- ✓ धुम्रपान गर्नेहरूको संगतबाट टाढा रहौं ।
- ✓ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

***त्यसैले, धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।***



बैजनाथ गाउँपालिकाले रामपुरमा हालै निर्माण गरेको कालोपत्रे सडक।

# पुर्वाधारले फेरिदै बैजनाथको स्वरूप



*बैजनाथ स्थानीय सरकारले सडक, बाटो, नाली, भवन निर्माण लगायत क्षेत्रमा अत्यन्तै चासो राखेर बजेट खर्च गरेको छ । आर्थिक वर्ष २०८१/०८२ सम्म आईपुग्दा सर्बसाधारण नागरिकले विकासको अनुभुति गर्न पाएका छन् । बैजनाथ गाउँपालिकाको स्वरुप क्रमिक रुपले फेरिदै जादाँ उनीहरु दंग छन् ।*

✍ **अर्जुन ओली**

बैजनाथ-४ चिल्लेटाका कन्हैलाल थारुले संघियताले यति छिट्टै परिवर्तन ल्याउँला भन्ने कल्पना समेत गर्नु भएको थिएन । संघियताका कारण निर्माण भएको तीन तहको सरकारमध्ये सबैभन्दा तल्लो तहको स्थानीय सरकारले जनताको आवश्यकतालाई प्रत्यक्ष बुझ्न पाउँदा विकास निर्माणका कामहरु बढी मात्रामा हुन पाएको उहाँको बुझाई छ।

'स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधीसँग साँझ-बिहान भेट हुन पाएको छ, हामीले आफ्ना प्रतिनिधीलाई सिधैं आफ्ना कुरा राख्न पाएका छौं, हामी जनताको भावनालाई स्थानीय जनप्रतिनिधीले बुझ्नु भएको छ,' कन्हैलालले भन्नुभयो । जनताको आवश्यता र मागका आधारमा हरेक वर्ष विनियोजन हुने बजेटबाट सडक, नाला, कल्भर्ट, भवन, खानेपानी, सिंचाई जस्ता पुर्वाधारहरु बन्न सम्भव भएको उहाँ बताउनुहुन्छ। पुर्वाधार विकासले बैजनाथ गाउँपालिकाको अवस्था पहिलेको तुलनामा अहिले फेरिएको कन्हैलाल बताउनुहुन्छ।

गाउँपालिका क्षेत्रभित्रका प्रायः मुख्य सडकहरु कालो पत्रे भइसकेका छन् । सहायक सडकहरु पनि कालोपत्रे हुने लाईनमा छन्। कुनैबेला हिलाम्य र धुलाम्य हुने सडक ग्राभेलमा परिणत भएका छन्। स्थानीय बासिन्दाको आवश्यकता अनुसार नयाँ बाटाहरु ठाउँ-ठाउँमा खुलेका छन्। गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर शाहीले यहाँ निर्माण भएका विकासका पुर्वाधार बाट समग्र गाउँपालिकाबासीलाई स्थानीय सरकारले छाम्दा भेटिने, हेर्दा देखिने, बोल्दा सुनिने गरी अनुभुति दिलाएको बताउनु भयो। 'बैजनाथमा भएको विकास निर्माण र आएको परिवर्तनले गाउँपालिकाबासीलाई स्थानीय सरकार सक्रिय भएको अनुभुति दिलाएको छ,' उहाँले भन्नुभयो, 'गाउँपालिकालाई विशेषगरी

समृद्धिसँग जोड्नका लागि सामाजिक विकास, आर्थिक विकास र पुर्वाधार विकासमा जोड दिएका छौं, गाउँपालिकाको चौतर्फी विकासको लागि हामीले पुर्वाधारतिर विभिन्न किसिमका भौतिक संरचनाहरु सडक, पर्यटन सडकलाई जोडिरहेका छौं, त्यसपछि प्रशासकीय भवनलाई जोड्नको लागि रिङरोडको अवधारणा ल्याएर काम गरिरहेका छौं ।'

बैजनाथ स्थानीय सरकारले सडक, बाटो, नाली, भवन निर्माण, खानेपानी, सिंचाई लगायतमा अत्यन्तै चासो राखेर बजेट खर्च गरेको छ। आर्थिक वर्ष २०८१/०८२ सम्म आईपुग्दा आम सर्बसाधारण नागरिकले विकासको अनुभुति गर्न पाएका छन् । बैजनाथ गाउँपालिकाको स्वरुप क्रमिक रुपले फेरिदै जादाँ उनीहरु दंग छन् । संघियता कार्यान्वयनका लागि सरकारले तीन तहको सरकार निर्माण गर्‍यो । संघ र प्रदेश भन्दा स्थानीय सरकार जनताको नजरमा सबैभन्दा नजिक छ । यसले गर्दा जनताले प्रत्यक्ष रुपमा आशा र अपेक्षा गर्ने भनेको नै स्थानीय सरकारबाट हो। तसर्थ, स्थानीय सरकारले गरेका काममा जनताले चासो राख्नु स्वभाविक कुरा हो।

आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले कालो पत्रेसँगै ग्राभेल, बाटो स्तर उन्नती, स्कुलका भवन, खानेपानी, सिंचाई जस्ता योजनाहरुमा बजेट खर्च गरेको छ।

योजना शाखा प्रमुख डोटी नेपालीका अनुसार गाउँपालिकाले संघ र प्रदेश समेतको गरी पुर्वाधार विकासतर्फ १० करोड रुपैयाँ विनियोजन गरेकोमा सोही बजेटमार्फत ठेक्का र उपभोक्ता समिति मार्फत योजना सम्पन्न गरिएको छ । यो जना शाखाका अनुसार बैजनाथस्थित शंकर माध्यामिक बिद्यालय थपुवाको कृषि क्याम्पसको घेराबार तथा प्रशासनिक भवन निर्माणका लागि २ करोड विनियोजन भएकोमा ठेक्का प्रक्रियामार्फत १ करोड ४६ लाखमा सम्पन्न भएको छ। सरस्वती आधारभुत विद्यालय पितमारी, वडा नम्बर २, जनजागरण आधारभुत बिद्यालय चिसापानी, नेरामावि टिटिहिरियाको ४ कोठे भवन निर्माण गर्न १ करोड ६५ लाख विनियोजन भएकोमा उपभोक्ता समितिमार्फत योजना सम्पन्न भएको छ। बैजनाथ-४ स्थित ढकाल चोकदेखी कोहलपुर-२ जोड्ने ३ सय ८० मिटर सडक कालोपत्रे गर्न ३० लाख बजेट विनियोजन भएकोमा २१ लाख रुपैयाँमा सम्पन्न भएको छ।

स्थानीय गडरहीदेखी गुनापुर जोड्ने २ सय ६० मिटर सडक कालोपत्रे गर्न ४० लाख बजेट रहेकोमा सम्पन्न भईसकेको छ । बैजनाथ-३ मा मनसाबु थारुको घरदेखी कारागार जोड्ने सडक कालोपत्रे गर्न १ करोड ४० लाख बजेट विनियोजन भएकोमा ९० लाख रुपैयाँमा निर्माण गरिएको छ। बैजनाथ गाउँपालिका वडा नम्बर १, ४ र ५ मा (गाउँपालिका र वडा समेतको गरी) ४६ लाख रुपैयाँमा झण्डै १ किलोमिटर कालो पत्रे निर्माण सम्पन्न भएको छ।

त्यस्तै बैजनाथ ६ को २८ घर, वडा नम्बर ८ को बिचलाईनमा नालीसहित सडक ग्राभेल गर्न ६० लाख रुपैयाँ बजेट विनियोजन भएकोमा ४५ लाख रुपैयाँमा सम्पन्न भएको छ। त्यसैगरी आधारभुत स्वास्थ्य केन्द्रको भवन ४५ लाख रुपैयाँमा सम्पन्न भएको छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा पुर्वाधार निर्माण तर्फ पक्की नाली १ किलोमिटर, बैजनाथ-८ र ७ मा ४० वटा धारा जडान, सिंचाई बोरिङ निर्माण, कल्भर्ट ७ वटा निर्माण, ग्राभेल बाटो ९ किलोमिटर, भवन ५ वटा, नयाँ बाटो ४ किलोमिटर, तरबार घेराउ ९ सय मिटर, तटबन्ध १० वटा, पर्खाल निर्माण ७ सय मिटर, सिंचाई कुलो ६ सय मिटर, ट्रस्ट निर्माण ५ वटा, खुल्ला ब्यायामशाला ६ वटा निर्माण गरिएको योजना शाखा प्रमुख नेपालीले बनाउनुभयो।

सबै योजना गुणस्तरिय रुपले सम्पन्न भएको उहाँको दाबी छ । 'गुणस्तर नियन्त्रणको काम लागत अनुमान तयार गर्दादेखी नै गरिन्छ,' योजना शाखा प्रमुख नेपालीले भन्नुभयो, 'योजना सञ्चालनको सुरुदेखी अन्त्यसम्म पटक-पटक गरिने अनुगमन पनि गुणस्तर नियन्त्रणको एउटा आधार हो।'

गाउँपालिकाका प्राविधिक शाखा प्रमुख इन्जिनियर धर्मेन्द्र आचार्यका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा 'अस्फाल्ट' प्रविधिमा कालोपत्रे, ग्राभेल, स्कुलका भवन, खानेपानी, सिंचाई जस्ता काममा बजेट खर्च भएको छ। 'यसवर्ष सानादेखी लिएर ठुला ठुला योजना धेरै सम्पन्न भएका छन्,' इन्जिनियर आचार्यले भन्नुभयो, 'खानेपानी, बाटोघाटो, भवन मर्मत, ट्रस, सार्वजनिक भवन, सिंचाई कुलो जस्ता योजनामा बजेट खर्च भएको छ।'

गाउँपालिकाले नयाँ योजनासँगै पुराना सडक तथा बाटो स्तरउन्नतीमा पनि धेरै बजेट खर्च गरेको इन्जिनियर आचार्यले बताउनुभयो। 'समग्रमा हेर्ने हो भने स्तर उन्नती नै बढी छ, किनभने नयाँ ट्र्याक खोल्ने, पुराना बाटोलाई मर्मत गर्ने कार्य नै अगाडी छ,' उहाँले भन्नुभयो, 'हामीले कालोपत्रे गर्नुभन्दा अगाडी सम्पूर्ण बाटोहरु स्तरउन्नती गर्नुपर्ने भएको हुनाले तत्कालै स्तरउन्नती गर्ने, स्तरउन्नती गरे लगत्तै कालोपत्रे गर्दाखेरी त्यति टिकाउ नहुने भएको हुनाले एक आर्थिक वर्षमा स्तरउन्नती गर्ने अनि त्यो स्तरउन्नती गरेको बाटोलाई चाही अर्को आर्थिक वर्षमा चाही कालोपत्रे गर्ने अवधारणाका साथ हामीले त्यसरी काम अगाडी बढाएका छौं।'

गाउँपालिका उपाध्यक्ष निर्मला रोकाय स्थानीय सरकारले सामुहिक रुपमा विकास निर्माणको काम गर्दै आएको

मा कतिपय सर्बसाधारण जनतामा ब्यक्तिगत अपेक्षाहरु रहेको पाइएको बताउनुहुन्छ । 'स्थानीय सरकारले ब्यक्तिगत ईच्छा र अपेक्षा भन्दापनि हामीले सामुहिक रुपमा काम गर्ने क्रममा ब्यक्तिगत रुपमा पनि आफ्ना अपेक्षाहरु पुरा भईदिएको भए हुन्थ्यो, सरकारले त्यस्ता किसिमका कामहरु गरिदिएको भए हुन्थ्यो भन्ने जनताको अपेक्षा छ,' उहाँले भन्नुभयो ।

गाउँपालिकाको पुर्वाधार विकास समितिका संयोजक कमानसिंह सुनार गाउँपालिकामा क्रमिक रुपले विकासका पुर्वाधार निर्माण हुदै आएको बताउनुहुन्छ । 'बैजनाथ गाउँपालिकामा समग्र रुपमा पुर्वाधारका कामहरु ठिक तरिकाले सम्पन्न भएका छन्,' कार्यपालिका सदस्य समेत रहनु भएका संयोजक सुनारले भन्नुभयो, 'बिद्यालयका भवनहरु बनेका छन्, सडक कालोपत्रे, ग्राभेल, नाला निर्माण जस्ता भौतिक पुर्वाधारका कामहरु थुप्रै भएका छन् ।' पुर्वाधार निर्माणमा भएको कामको गुणस्तरलाई जाँच गरेर मात्र स्वीकृत गर्ने गरिएको उहाँले बताउनुभयो । 'स्टिमेट अनुसार भएको कामलाई नै हामीले पास गर्ने गरेका छौं, कामको गुणस्तरमा विशेष ख्याल गर्छौं,' संयोजक सुनार भन्नुहुन्छ । गाउँपालिकाका कार्यपालिका सदस्य एवम् वडा नम्बर ४ का वडाअध्यक्ष प्रेमबहादुर शाहीले पुर्वाधारका हिसाबले गाउँपालिकाले आवश्यकता अनुसार बजेट खर्च गर्दै आएको बताउनुभयो । 'गाउँपालिकाले वडागत रुपमा छुट्टै बजेट विनियो जन गर्छ, गाउँपालिकाले आफ्नो छुट्टै बजेट खर्च गर्छ,' उहाँले भन्नुभयो ।

## गाउँपालिकाबासीलाई जारी सन्देश

- ✓ खाना खानुभन्दा अघि साबुन पानीले मिचिमिचि हात धोऔं ।
- ✓ दिसापिसाब गर्न शौचालयको अनिवार्य रुपमा प्रयोग गरौं ।
- ✓ जन्मेको १५ महिनाभित्र वालवालिकालाई सम्पूर्ण खोप पूरा गरौं ।
- ✓ पोषिलो खाना खाऔं, खुवाऔं र स्वस्थ बनौं ।
- ✓ मध्यपान र धुम्रपानबाट टाढै रहौं ।
- ✓ बर्षातको समय र मौसम परिवर्तन हुने समयमा विशेष सावधानी अपनाऔं ।
- ✓ स्वस्थ्यकर आनीबानी अपनाऔं ।
- ✓ पोषणयुक्त खानाको घरमै उत्पादन र उपयोग बढाऔं ।
- ✓ आयोडिनयुक्त नुनको प्रयोग गरौं ।
- ✓ लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं र घर वरिपरि पानी जम्ने खाडलहरु पुरौं ।
- ✓ घर वरिपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरि त्यस्ता ठाउँहरुको ब्यवस्थापन गरौं ।
- ✓ घर वरिपरी सफा राखौं, प्वालहरु टालौं ।
- ✓ खुल्ला स्थानमा शौच गर्न नजाऔं ।
- ✓ खाली खुट्टा नहिँडौं, जुत्ता वा गमबुट लगाऔं ।
- ✓ रातको समयमा लठ्ठी लिएर हिँडौं र टर्चको प्रयोग गरौं ।
- ✓ सुत्ने बेला ओछ्यान राम्ररी हेरौं
- ✓ पराल, दाउरा आदि निकाल्दा होरियारी अपनाऔं ।



**बिद्यालय अनुगमन गर्दै बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाही लगायत ।**

# शैक्षिक गुणस्तर सुधारमा जोड

*शिक्षालाई माथी उठाउन गाउँपालिकाले गाउँ शिक्षा योजना समेत निर्माण गरिसकेको छ । बिद्यालयहरुका लागि सूचना प्रविधी प्रवर्द्धन ब्यवस्थापन कार्यक्रम, बिद्यालय सञ्चालन र ब्यवस्थापन अनुदान, स्थानीय पुस्तक लेखन तथा कार्यान्वयन अभिमुखिकरण, गुणस्तरीय शिक्षाका लागि अनुगमन गरिएको छ ।*

बैजनाथ गाउँपालिकाभित्र ३८ वटा सामुदायिक र २० वटा संस्थागत बिद्यालय छन् । यि सबै बिद्यालयलाई गाउँपालिकाको शिक्षा शाखाले नै नियमन गर्छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा शैक्षिक गुणस्तर सुधारका लागि थुप्रै क्रियाकलाप गरेको छ।

गाउँपालिकाले शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक बिद्यालयको क्षमता अभिवृद्धि, विभिन्न कार्यक्रम र शैक्षिक पुर्वाधार निर्माणको काम तथा संस्थागत बिद्यालयको नियमन लगायतका काम गरेको छ । गाउँपालिकाको शिक्षा शाखाका अनुसार गाउँपालिकाले बिद्यालयमा पिटी सञ्चालनका लागि आवश्यक सामाग्री वितरण गरेको छ।

बाल विकास केन्द्रमा अध्ययनरत शिक्षकको दक्षता अभिवृद्धि तालिम प्रदान गरिएको छ । आधारभुत तहको परीक्षा सञ्चालन तथा ब्यवस्थापन गरिएको छ । शैक्षिक डकुमेन्ट्री निर्माण गरिएको छ। यस्तै गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ । अतिरिक्त क्रियाकलाप सञ्चालन, सामुदायिक र संस्थागत बिद्यालयका शिक्षकहरुको लागि पेशागत दक्षता अभिवृद्धि तालिम पनि सोही आर्थिक वर्षमा प्रदान गरिएको छ। गाउँपालिका अध्यक्ष एवम गाउँ शिक्षा समितिका अध्यक्ष प्रकाशबहादुर शाही शिक्षामा सुधार ल्याउनका लागि भौतिक पुर्वाधार निर्माणसँगै प्रधानाध्यापक तथा अध्यक्षसँग नियमित बैठक, तालिम, अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको बताउनुहुन्छ। शिक्षामा अनुगमन तथा नियमनको काम पनि भएको उहाँले बताउनुभयो। 'शिक्षामा अझै सुधार गर्न बाँकी छ र अहिलेसम्म धेरै सुधार गरेका छौं,' उहाँले भन्नुभयो।

### गाउँ शिक्षा योजना निर्माण

शिक्षालाई माथी उठाउन गाउँपालिकाले गाउँ शिक्षा योजना समेत निर्माण गरिसकेको छ । बिद्यालयहरुका लागि सूचना प्रविधी प्रवर्द्धन ब्यवस्थापन कार्यक्रम, बिद्यालय सञ्चालन र ब्यवस्थापन अनुदान, स्थानीय पुस्तक लेखन तथा कार्यान्वयन अभिमुखिकरण, गुणस्तरीय शिक्षाका लागि अनुगमन गरिएको छ। यसैगरी कक्षा ११ र १२ मा गाउँपालिकाभित्र सञ्चालन भएका सामुदायिक बिद्यालयका छात्राहरु, अल्पसंख्यक र सिमान्तकृतलाई

पूर्ण निःशुल्क कार्यक्रम गरिएको छ । द्वन्द्व पीडित, दलित, बेपत्ता पारिएका, घाइते जनजाति परिवारका छात्रालाई उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिएको छ । आधारभुत तह र एसइई परिक्षा केन्द्र व्यवस्थापनका लागि सिसी क्यामेरा जडान गरिएको छ ।

यसैगरी प्रविधीमैत्री सिकाइका लागि शैक्षिक सामाग्री खरिद, बिद्यालयमा आवश्यकतामा आधारित फर्निचर वितरण, आवश्यकताका आधारमा बिद्यालयमा खानेपानी र शौचालय ब्यवस्थापन, बैजनाथ-८ स्थित भगवती माबि र बैजनाथ १ स्थित सुर्योदय माबिको भवन निर्माण तथा बिद्यालय भवन निर्माणमा साझेदारी कार्यक्रम गरिएको छ ।

गाउँपालिकाभित्र ४ वटा बिद्यालयमा अध्ययन गर्ने छात्राको ५० प्रतिशत शुल्क गाउँपालिका कार्यालयले ब्यहोरेको छ । गाउँपालिकाले ति छात्राका लागि छात्रवृत्ति वापतको रकम सम्बन्धित बिद्यालयको खातामा पठाएर उनीहरुलाई लक्षित कार्यक्रममा समेटेको छ । विशेषगरी गरिवीका कारण पढ्न नसक्ने अवस्थामा रहेका ति छात्रालाई स्थानीय सरकारले कार्यक्रम ल्याएको शाखाले जनाएको छ ।

यस्तै सिमान्तकृत समुदायका र अतिविपन्न परिवारका छात्राका लागि भने गाउँपालिकाले शतप्रतिशत मासिक शुल्क गाउँपालिकाले नै ब्यहोरेको छ । यस्तो कार्यक्रम सञ्चालन गर्नेमा सम्भवतः बैजनाथ नै जिल्लाको एक मात्र स्थानीय सरकार भएको शाखाको दाबी छ । यसैगरी उच्च शिक्षा अध्ययनका लागि प्रत्येक वडाबाट सम्बन्धित वडा कार्यालयको सिफारिसमा अतिविपन्न परिवारका एक जना छात्र गरी कुल ८ जना छात्रालाई पनि उच्च शिक्षा छात्रवृत्तीको ब्यवस्था गरिएको शिक्षा शाखाले जनाएको छ ।

**सिसी क्यामेरा जडान**

शैक्षिक गुणस्तर सुधार अभियान अन्तर्गत गाउँपालिकामा सञ्चालित बिद्यालयका परीक्षा केन्द्रमा सिसी क्यामेरा जडान गरिएको हो । परिक्षालाई मर्यादित र ब्यवस्थित बनाउनका लागि आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट २० लाख रुपैयाँको लागतमा गाउँपालिकाले कुल १२ वटा परीक्षा केन्द्रमा सिसी क्यामेरा जडान गरेको थियो । शाखाका अनुसार उक्त परीक्षा केन्द्रमा रहेका १ सय ३४ वटा कोठामा जडान गरिएको छ ।

'आधारभुत तहको परीक्षा गाउँपालिकाले सञ्चालन गर्छ, एसइई परीक्षा भने राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्छ,' शिक्षा शाखामा कार्यरत प्राविधिक सहायक शोभा ढकालले भन्नुभयो, 'ति परीक्षा केन्द्रमा सिसी क्यामेरा जोड्नुपर्छ भनेर विशेषगरी गाउँपालिका अध्यक्ष ज्युको पहलमा जडान गरिएको हो, जसमा एसइई परीक्षा केन्द्रमा ४ वटा र आधारभुत तह परीक्षा केन्द्रमा ८ वटा गरी कुल १२ वटा सिसी क्यामेरा जडान गरिएको छ ।'

सिसी क्यामेरा जडान गरेपछि २०८१ सालको आधारभुत तह र एसइई परीक्षा मर्यादित रुपले सम्पन्न भएको गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले बताउनुभयो । क्यामेरा जडानले स्थलगत रुपमा अनुगमन गर्ने पद्धतिलाई केही कम पनि गरेको उहाँले सुनाउनु भयो । 'विगतका दिनमा कक्षा कोठाभित्रै पसेर परीक्षा अनुगमन गर्ने गरिन्थ्यो, त्यसले परीक्षा दिइरहेका बिद्यार्थीहरुमा डर, त्रासको वातावरण सिर्जना हुन्थ्यो, शान्त वातावरणमा परीक्षा दिइरहेका बेलामा कक्षा कोठामा एक्कासी बाहिरका मान्छेहरु पुग्दा कतिपय हात नचल्ने समस्या सिर्जना हुन्छ, यसले परिक्षाको नतिजामा प्रतिकुल असर पर्ने खतरा र हन्छ,' अध्यक्ष शाहीले भन्नुभयो, 'परिक्षा केन्द्रमै गएर अनुगमन गर्ने विगतमा पद्धति जुन थियो, त्यो चाही सिसी क्यामेरा जडान गरेपछि अलिकति घट्यो ।

उपाध्यक्ष निर्मला रोकाय भन्नुहुन्छ, 'त्यसरी कार्यक्षेत्रमै धेरै मान्छेहरु जाँदा परीक्षामा नकारात्मक प्रभाव पर्ने र त्यसको प्रभावकारिता नहुने हुँदा गाउँपालिकाबाट नै सिसी क्यामेराबाट सुक्ष्म तरिकाले अनुगमन गर्नुपर्छ, जो कि बालबालिकालाई थाहा नहोस् भनेर सिसी क्यामेरा जडान गर्नुपर्ने अवस्था आयो ।'

सिसी क्यामेरा जडान गर्दा कतिपयले बिद्यार्थीको मनोबल घट्ने, हतोत्साहित हुने, परिक्षामा लेख्न नसक्ने जस्ता समस्या आउँछन कि भन्ने आशंका पनि गरेका थिए । तर, गाउँपालिकाले सिसी क्यामेरा जडान गर्नुअघि नै सम्बन्धित बिद्यालयमा सिसी क्यामेरा किन जडान गरिदैछ ? यसको सकार ात्मक पक्षहरु के-के छन् ? यसले के-के राम्रो काम गर्छ ? सिसी क्यामेरासँग डराउनु पर्दैन । निर्धक्क भएर लेख्नुपर्छ भनेर बिद्यार्थीलाई बुझाएको थियो ।

पछिल्लो समयमा बिद्यार्थीहरु मल्टिमिडियातर्फ ब्यस्त देखिन्छन् । कतिपयले पढाईलाई छाड्ने र अन्यत्रै लाग्ने प्रवृत्ती छ । यस्तो प्रवृत्तीलाई रोक्न र शिक्षाको गुणस्तर माथी उठाउन सिसी क्यामेरा जडान योजना गाउँपालिकाको प्राथमिकतामा परेको अध्यक्ष शाही बताउनु हुन्छ । 'मेहनत गरेर पढ्नु पर्दैन, परिक्षामा जसरी पनि चिट चोरेर पास भईन्छ भन्ने मनोविज्ञान कतिपय बिद्यार्थीहरुमा देखियो, उनीहरुले पढाईलाई अलिकति पनि ध्यान नदिने भएको हुनाले शिक्षाको स्तर बढाउन सिसी क्यामेरा जडान गर्ने विकल्प आएको हो,' उहाँले भन्नुभयो । गाउँपालिकाले क्रमशः अन्य बिद्यालयमा पनि सिसी क्यामेरा




**बैजनाथ गाउँपालिका शिक्षा शाखा प्रमुख विष्णुप्रसाद ढकाल।**

जडान गर्ने योजना बनाएको छ। गाउँपालिकाका कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक भूमिसरा रनाले शैक्षिक गुणस्तर सुधार गर्नका लागि बिद्यालय अनुगमन सहितका गतिविधी भएको बताउनुभयो । 'हामीले एकातिर अनुगमनको कामलाई अगाडी बढाउँछौं, अर्कोतिर बिद्यालयमा शैक्षिक र पुर्वाधार विकासको काम गर्छौ,' उहाँले भन्नुभयो।

### भौतिक र शैक्षिक सुधार

शैक्षिक गुणस्तर सुधारका लागि विशेष गरी बिद्यालयको भौतिक र शैक्षिक पक्षलाई गाउँपालिकाले विशेष ध्यान दिएको छ। भौतिक पक्षका रुपमा गाउँपालिकाले केही बिद्यालयमा भवन, कक्षा कोठा, पर्खाल, शौचालय जस्ता पुर्वाधार निर्माणको काम गरेको छ। यस्तै बिद्यालयमा फर्निचर ब्यवस्थापन कार्यलाई पनि गाउँपालिकाले जोड दिएको छ। गाउँपालिकाले कक्षा ११ र १२ को परीक्षालाई ध्यान दिएर फर्निचर ब्यवस्थापन गरेको छ। जीर्ण बिद्यालय मर्मत सम्बन्धी कार्यक्रम अन्तर्गत भवन, शौचालय, खानेपानी जस्ता भौतिक पुर्वाधार मर्मतका काम गरिएको छ।

सामाजिक विकास समितिका संयोजक भूमिसरा रानाका अनुसार शैक्षिक पक्षका रुपमा शिक्षकलाई विभिन्न खालका पेशागत दक्षता सम्बन्धी तालिम सञ्चालन गरिएको छ। 'बाल विकास सहजकर्ताहरुको क्षमता अभिवृद्धिका लागि पनि कार्यक्रम सञ्चालन गरिएको छ,' संयोजक रानाले भन्नुभयो, सामुदायिक बिद्यालयका शिक्षकको क्षमता अभिवृद्धि कार्यक्रम पनि राखिएको छ, गुणस्तर सुधारसँग सम्बन्धित अनुगमन कार्यलाई पनि बढी फोकस गरेका छौं।' गाउँपालिकाभित्र रहेका सबै बिद्यालयको सघन रुपमा गाउँ शिक्षा समितिका सम्पूर्ण पदाधिकारीलाई सहभागी गराएर बिद्यालयको वास्तविक चित्र के छ भनि बृहत अनुगमन कार्यक्रम सञ्चालन गरिएको बताउनु भयो।

### सिकाई उपलब्धी

शिक्षा शाखा प्रमुख, वरिष्ठ शिक्षा अधिकृत विष्णुप्रसाद ढकालका अनुसार परम्परागत रुपमा मापन गर्ने भनेको नै सिकाई उपलब्धी नै हो। 'बिद्यालयको भवन, शैक्षिक सामाग्री, करेसाबारी, मैदान हुनुपर्‍यो, त्यसपछि नियमन गर्ने कुरामा शिक्षक र बिद्यार्थीका पोशाकको कुरा, शिक्षक र बिद्यार्थी समयमा उपस्थिती हुने कुरा, बिद्यार्थीलाई सिकाउने कुराले प्रभाव पार्छ,' उहाँले भन्नुभयो।

स्थानीय तहमा लागु भएका पाठ्यक्रमले बिद्यार्थीलाई ब्यवहारिक शिक्षा दिने प्रमुख ढकाल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'बिद्यार्थी बसेको भुगोलको बारेमा जानकारी हुनुपर्छ भन्ने उद्देश्य राखेर स्थानीय पाठ्यक्रम राखिएको हो, पाठ्यक्रममा सबै कुराको बारेमा जानकारी राखेको हुँदा यो ब्यवहारिक शिक्षा हो।



चिसापानी स्वास्थ्य चौकीमा बच्चालाई खोप लगाउँदै स्वास्थ्यकर्मी ।

# नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा

*गाउँपालिकामा हाल ३ वटा स्वास्थ्य चौकी, एउटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र र ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र रहेका छन् । बैजनाथ गाउँपालिका क्षेत्रभित्र एमबिबिएस डाक्टरसहित स्वास्थ्यकर्मीबाट नियमित रुपमा उपचार पाउने ठाउँ हो, बनकटवा प्राथमिक स्वास्थ्य केन्द्र । जहाँ, एमबिबिएस डाक्टरले बिरामीको उपचार गर्छन् ।*

स्वस्थ रहन पाउनु नागरिकको नैर्सगिक अधिकार हो। नागरिकको अधिकारलाई हनन् हुन नदिन बैजनाथ गाउँपालिकाले हरेक वर्ष स्वास्थ्य क्षेत्रमा कार्यक्रमहरु गर्दै आएको छ। विगतका वर्षझै आर्थिक वर्ष २०८१/०८२ मा पनि गाउँपालिकाले आम बैजनाथबासीलाई स्वास्थ्य सेवा प्रदान गर्न कार्यक्रम गरिएको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य शाखामार्फत महत्वपूर्ण कार्यक्रमहरु गरेको शाखा प्रमुख लक्ष्मण शाहीले बताउनुभयो । उहाँका अनुसार ३ वटा बिद्यालयमा किशोरीको रक्तनमुना परिक्षण कार्यक्रम गरेर रगत कम भएका किशोरीलाई आइरन चक्की, सागपात सहितका खानेकुरा खान परामर्श दिइएको छ । गाउँपालिकाले 'ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम' लाई पनि प्रभावकारी रुपले कार्यान्वयन गरेको छ।

'यो कार्यक्रमबाट स्थानीय स्वास्थ्य चौकीमै गएर तालिम प्राप्त दक्ष नर्सिङ कर्मचारीबाट गर्भवती महिलाको गर्भ जाँच गरिन्छ, सामान्यतया चार महिनापछि अथवा आवश्यकता अनुसार के समस्या छ, गर्भ जाँच गरेर त्यो गर्भमा बच्चाहरु उल्टो छ अथवा सालनाल बेरिएको छ, या प्राविधिक समस्याहरु अरु के छन् ?, त्यो कर्मचारीले हेरेर गर्भवतीलाई समयमै विशेषज्ञ सेवा दिनुपर्ने हो या अरु परामर्श दिनुपर्ने हो, त्यो कार्यक्रम पनि हामीले सञ्चालन गर्‍यौं,' शाहीले भन्नुभयो ।

**पूर्णखोप पालिका घोषणा**

बैजनाथलाई आर्थिक वर्ष २०८१/०८२ मै पूर्णखोप पालिका घोषणा गरियो। विभिन्न सूचक पुरा गरेर गाउँपालिकालाई

घोषणा गरिएको हो । जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्र कुमार चौधरीले घोषणा गर्नु भएको थियो । गाउँपालिकालाई घोषणा गर्नुअघि सम्बन्धित वडालाई घोषणा गरिएको थियो । पूर्णखोप घोषणासहित गाउँपालिकामा स्वास्थ्य सम्बन्धी अन्य थुप्रै कार्यक्रम भएको शाखा प्रमुख शाही बताउनुहुन्छ ।

**गाउँमै डाक्टरको सेवा**

गाउँपालिकामा हाल ३ वटा स्वास्थ्य चौकी, एउटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र र ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र रहेका छन् । बैजनाथ गाउँपालिका क्षेत्रभित्र एमबिबिएस डाक्टरसहित स्वास्थ्यकर्मीबाट नियमित रुपमा उपचार पाउने ठाउँ हो, बनकटवा प्राथमिक स्वास्थ्य केन्द्र । जहाँ, एमबिबिएस डाक्टरले बिरामीको उपचार गर्छन् ।

बैजनाथ गाउँपालिका वडा नम्बर ५ मा रहेको उक्त केन्द्रबाट २४ सैं घण्टा प्रसुतिका साथै प्रयोगशाला, एक्सरे, स्वास्थ्य बीमा कार्यक्रम लगायतको स्वास्थ्य सेवा प्रदान गरिएको छ । यहाँ सर्बसाधारण नागरिकको उपचार सहज रुपमा गरिन्छ । केन्द्रमा आउने बिरामीको चाप पछिल्लो समयमा बढ्दै गएको छ । केन्द्रमा वार्षिक २५ हजार बढीले सेवा लिदै आएका छन् । गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा उल्लेख्य काम गरेको गाउँपालिकाका कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक भूमिसरा राना बताउनुहुन्छ । 'नागरिकको स्वास्थ्य अवस्थाप्रति स्थानीय सरकारले संवेदनशिल भएर काम गरेको छ,' उहाँले भन्नुभयो 'गाउँपालिकामै डाक्टर सहितको सेवा पाउनु भएको छ, बर्थिङ सेन्टरमा धेरै महिला दिदी बहिनीले बच्चा जन्माउनु भएको छ,' उहाँले भन्नुभयो ।

स्वास्थ्य बीमा कार्यक्रम लागु भएकाले केन्द्रमा बिरामीको चाप झनै बढेको छ । 'यो केन्द्र बीमाको पहिलो सेवा विन्दु पनि हो, स्वास्थ्य बीमा कार्यक्रमको फार्मेसी पनि छ,' केन्द्रका सिनियर अहेव अधिकृत भोलाप्रसाद अधिकारीले भन्नुभयो, 'स्वास्थ्य बीमा लागु भएर हालसम्म सञ्चालन हुदै आएको छ ।' केन्द्रमा बैजनाथसहित बाँसगढी, कोहलपुर र राप्ती सोनारीका बिरामी आउने गरेको यहाँका स्वास्थ्यकर्मी बताउँछन् ।

प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन गर्न छुट्टै समिति रहेको छ । बैजनाथ गाउँपालिका वडा नम्बर ५ का वडाअध्यक्षको अध्यक्षतामा सञ्चालक समिति रहेको छ । केन्द्रका सिनियर अहेव अधिकृत अधिकारीका अनुसार स्वास्थ्य बीमा कार्यक्रमले गर्दा यहाँ उपचार गराउन आउने बिरामीको चाप बढेको हो । स्वास्थ्य बीमाबाट केन्द्रले वार्षिक ९० लाखदेखी १ करोड सम्म कारोबार गर्दै आएको छ ।

केन्द्रले स्वास्थ्य बीमासहित अनुदान र अन्य आम्दानी गरेर गतवर्ष १ करोड ४९ लाख रुपैयाँ कारोबार गरेको थियो । औषधीबाट मात्रै दैनिक ३०/३५ हजार रुपैयाँको कारोबार हुने सिनियर अहेव अधिकृत अधिकारीले सुनाउनु भयो । स्वास्थ्यकर्मीका अनुसार केन्द्रबाट वार्षिक रुपमा ७५ देखी १ सय जना सुत्केरी हुन्छन् ।

बिरामीको उपचार वापत स्वास्थ्य बीमाबाट करिव ७० लाख रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको अधिकारीले बताउनुभयो । केन्द्रमा मेडिकल क्षेत्रका बिद्यार्थीहरु, एचए, स्टाफ नर्स, एमबिबिएसका बिद्यार्थीहरु प्रयोगात्मक कक्षाका लागि आउँछन् । उनीहरुबाट लिइने शुल्क पनि केन्द्रको आम्दानीको हुने यहाँका स्वास्थ्यकर्मी बताउँछन् ।

यस बाहेक गाउँपालिकाभित्र तीन वटा स्वास्थ्य चौकी र बाँकी वडामा आधारभुत स्वास्थ्य केन्द्र रहेका छन् । गाउँपालिक भित्रै रहेको चिसापानी स्वास्थ्य चौकी, नौवस्ता स्वास्थ्य चौकी र टिटिहिरिया स्वास्थ्य चौकीका साथै अन्य आधारभुत स्वास्थ्य केन्द्रले सर्बसाधारण नागरिकको सेवा गरिरहेका छन् । स्वास्थ्य शाखाले नसर्ने दिर्घरोग सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ । यस्तै सिकलसेल एनिमिया सम्बन्धी कार्यक्रम पनि छ । उनीहरुका लागि स्वास्थ्य बीमा गरेर स्वास्थ्य कार्यालयबाट नविकरण गर्ने काम भएको शाही बताउनुहुन्छ ।

बैजनाथको पुरानो स्वास्थ्य संस्था मध्येको एक हो, चिसापानी स्वास्थ्य चौकी । जसले प्रभावकारी रुपले नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । उक्त स्वास्थ्य चौकीका प्रमुख प्रेम शाहका अनुसार त्यहाँ बैजना-१, २, ३ र बर्दियाको बेलुवा तथा थुप्रै ठाउँबाट सेवा लिन आउँछन् । यहाँ बच्चाका लागि खोप सुविधासहित स्वास्थ्य उपचार सेवा र २४ सैं घण्टा बर्थिङ सेन्टर पनि चलिरहेको छ । 'विशेषगरेर हाम्रो बर्थिङ सेन्टर भएको हुनाले सुत्केरी यही हुन्छन्, यसबाहेक भेरी अस्पताल र कोहलपुरमा पनि जाने गर्नुहुन्छ,' शाहले भन्नुभयो 'हेर्दा सामान्य लागेपनि कतिपयको अवस्था जटिल हुन सक्छ, ल्याब परिक्षण गराउने अवस्था हुन्छ, यहाँ जटिल देखियो भने कोहलपुर वा नेपालगन्जमा पठाउँछौं ।'

गाउँपालिकाका कार्यपालिका सदस्य कृष्णाकुमारी सुनार स्वास्थ्यका क्षेत्रमा स्थानीय सरकारले जनताका लागि धेरै राम्रा कार्यक्रम ल्याएको दाबी गर्नुहुन्छ । 'गाउँपालिकाभित्रका जनता कसैले पनि उपचार नपाएर ज्यान गुमाउन नपरोस् भनेर गाउँपालिकाले स्वास्थ्यका कार्यक्रम ल्याएको छ,' उहाँले भन्नुभयो ।


बैजनाथ गाउँपालिकाका प्रशासन शाखा प्रमुख तप्तराज आचार्य ।

# ब्यवस्थित गरिदै गाउँपालिकाको सेवा प्रवाह

*कर्मचारी र सेवाग्राहीलाई सहज बनाउने गरी पछिल्लो समयमा प्रविधिको उच्चतम विकास भएको छ । बैजनाथ गाउँपालिकाले पनि कर्मचारी प्रशासन चलाउन नयाँ-नयाँ प्रविधिको प्रयोग गरेको छ । गाउँपालिकाका प्रशासन शाखा प्रमुख तप्तराज आचार्यका अनुसार प्रशासनिक संरचनाको हिसाबले बैजनाथमा अहिले गाउँपालिका र गाउँपालिका अन्तर्गत वडा कार्यालय, यसअन्तर्गत स्वास्थ्य संस्था तथा बिद्यालय लगायत सम्पूर्ण कार्यालय रहेका छन् ।*

✍गाउँपालिकाबाट चुस्त-दुरुस्त रुपले सेवा प्रवाह गर्नमा कर्मचारीको भूमिका महत्वपूर्ण रहन्छ । स्थानीय सरकारलाई सफल बनाउनमा जनप्रतिनिधि र कर्मचारीबीच समन्वय र सहकार्य हुनुपर्छ । उनीहरुबीचको सम्बन्ध नङ र मासुको जस्तै रहनुपर्छ । जसले गर्दा सुशासन र पारदर्शितामा गाउँपालिका अब्बल रहन्छ । कार्य सम्पादन गर्दा पछिल्लो समयमा प्रविधिको प्रयोग गर्ने क्रम बढेको छ । प्रविधिको प्रयोगबाट बैजनाथ गाउँपालिकाको सेवा प्रवाहलाई ब्यवस्थित गरिदै लगिएको छ ।

कर्मचारी र सेवाग्राहीलाई सहज बनाउने गरी पछिल्लो समयमा प्रविधिको उच्चतम विकास भएको छ । गाउँपालिकाले पनि कर्मचारी प्रशासन चलाउन नयाँ-नयाँ प्रविधिको प्रयोग गरेको छ ।

गाउँपालिकाका प्रशासन शाखा प्रमुख तप्तराज आचार्यका अनुसार प्रशासनिक संरचनाको हिसाबले बैजनाथमा अहिले गाउँपालिका र गाउँपालिका अन्तर्गत वडा कार्यालय, यसअन्तर्गत स्वास्थ्य संस्था तथा बिद्यालय लगायत सम्पूर्ण कार्यालय रहेका छन् । 'गाउँपालिकाले कार्यालय समयलाई नियमितता गराउने, कर्मचारीहरु नियमित हुने, वडामा उपस्थितीका कुराहरु, अहिले इलेक्ट्रोनिक प्रविधिद्धारा उपस्थिती गराउने, सबै कुरालाई नियमित गराउँदै राम्रै ढंगले चलेको हामीले महसुस गरेका छौं,' आचार्यले भन्नुभयो । गाउँपालिकाले कर्मचारीले गरेको कामको आधारमा मुल्यांकन गर्दै आएको छ । त्यस्ता कर्मचारीलाई सम्मान पनि गर्दै आएको छ ।

गाउँपालिकाले आन्तरिक मुल्यांकनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कामलाई प्राथमिकतामा राखेको छ । प्रशासन प्रमुख आचार्य भन्नुहुन्छ, 'अहिले त कस्तो छ भने हाम्रो सबै मुल्यांकन हुन्छ, त्यसले गर्दाखेरी पनि हामीले यसभित्र सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, आन्तरिक परिक्षणहरु, यि सबै कुराहरुलाई लागुगर्नुपर्ने हुन्छ, त्यसैले यहाँभित्र अहिले सबै वडाको पनि सार्वजनिक सुनुवाई गर्ने, गाउँपालिकाले



बैजनाथ गाउँपालिकाका योजना शाखा प्रमुख डोटी नेपाली।

पनि सार्वजनिक सुनुवाई गर्ने यसरी अगाडी बढिरहेको छ।' गाउँपालिकाले कार्यालय सञ्चालनका लागि प्रविधिको उच्चतम प्रयोग गरिरहेको छ।

गाउँपालिकामा कर्मचारीका लागि इलेक्ट्रोनिक हाजिरी, सेवाग्राहीका लागि डिजिटल बोर्ड, सूचना पाटी, सिसी क्यामेरा जडान गरेर सेवा प्रवाहमा सुधार ल्याइएको छ। 'वडा कार्यालय, स्वास्थ्य संस्था वा बिद्यालयमा भएको उपस्थिती संख्यालाई पालिकाबाट त्यसको अनुगमन गर्न सक्ने ब्यवस्था गरिएको छ, बिद्यालयको हकमा पनि गाउँपालिकामा बसेर त्यसको अनुगमन गर्ने, सिसी क्यामेराहरु मार्फत विभिन्न एप्स प्रयोग गर्ने, दर्ता, चलानी, अनलाईन सिस्टम यि सबै कुरा प्रयोग भएका छन्,' आचार्य भन्नुहुन्छ।

यस्तै सेवाग्राहीका लागि सेवाग्राही प्रतिक्षालय निर्माण गरिएको छ। गाउँपालिका परिसरमै आर्थिक वर्ष २०८१/०८२ को बजेटमार्फत एसी र शौचालय सुविधा सहितको प्रतिक्षालय निर्माण गरिएको हो। योजना शाखा प्रमुख डोटी नेपालीका अनुसार अब आफ्नो काम ल्याएर आएका सेवाग्राहीहरु प्रतिक्षालयमा बस्ने र सम्बन्धित शाखामा फाइल पठाउन सक्नेछन्। बैजनाथ गाउँपालिका वडा नम्बर ६ का वडाअध्यक्ष एवं कार्यपालिका सदस्य भुपाल पुनमगर पछिल्लो समयमा बढ्दो प्रविधिले गाउँपालिकाको सेवा प्रवाहमा सहजता ल्याएको बताउनुहुन्छ। 'पछिल्लो समयमा गाउँपालिकामा नयाँ प्रविधि भित्रिएको छ, यसले गर्दा सेवा प्रवाहमा सहजता ल्याएको छ,' उहाँ भन्नुहुन्छ।

## उमेर पुगेका बालबालिकालाई विद्यालय पठाऔं



बैजनाथ गाउँपालिकाका महिला तथा बालबालिका शाखा प्रमुख लक्ष्मी ज्ञवाली ।

# लक्षित वर्गको विकासमा अग्रसर

*गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख लक्ष्मी ज्ञवालीका अनुसार लक्षित समुदायलाई सिपमुलक तालिम, अभिमुखीकरण, सहयता सामाग्री, आर्थिक सहायता दिइएको हो । गाउँपालिकाले उक्त आर्थिक वर्षमा अपांगताको आय आर्जनका लागि बाख्रा वितरण गरियो । अपांगता सञ्जालमार्फत १६ जनालाई बाख्रा वितरण गरिएको हो ।*

बैजनाथ गाउँपालिकाले सामाजिक समावेशीकरण तर्फ आर्थिक वर्ष २०८१/०८२ मा झण्डै १ करोड २८ लाख बजेट विनियोजन गर्‍यो । उक्त बजेटबाट महिला, बालबालिका, जेष्ठ नागरिक, किशोर किशोरी, अपांगता, दलित, मधेसी, मुस्लिम, अल्पसंख्यक, द्धन्द्ध पीडित सहित विभिन्न लक्षित समुदायका लागि कार्यक्रम गरियो । गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख लक्ष्मी ज्ञवालीका अनुसार लक्षित समुदायलाई सिपमुलक तालिम, अभिमुखीकरण, सहयता सामाग्री, आर्थिक सहायता दिइएको हो ।

गाउँपालिकाले उक्त आर्थिक वर्षमा अपांगताको आय आर्जनका लागि बाख्रा वितरण गरियो । अपांगता सञ्जालमार्फत १६ जनालाई बाख्रा वितरण गरिएको हो । यस्तै बादी समुदायका लागि पनि बाख्रा वितरण कार्यक्रम गरिएको छ । दलित समुदायको सिप विकासका लागि ड्राईभिङ तालिम गरिएको छ । जसमा १० जना दलित समुदायले ड्राईभिङ सिप तालिम लिएका छन् ।

शाखाले कमलहरी र मुक्त कमैयाका लागि मागमा आधारित धाराको मोटर, हाउस वाईरिङ, पंखा बनाउने तालिम दिएको छ । उक्त तालिममा १० जना मुक्त कमैया र कमलहरी सहभागी भएका थिए । त्यस्तै आदीवासी जनजाती महिलाका लागि ३० दिने बुटिक बनाउने तालिम दिइएको छ । गाउँपालिकाले एक वडा, एक बाल उद्यान कार्यक्रम अन्तर्गत २ वटा वडामा बाल उद्यान निर्माण गरिएको छ ।

यस्तै ५० वर्ष सम्मका एकल महिलाका लागि मागमा आधारित अचार बनाउने तालिम गरिएको छ । उनीहरुले पाँच दिनसम्म आँपको अचार, मासुको अचार, मिक्स अचार, तामाको अचार बनाउन सिकेका छन् । विपन्न महिलाका लागि स्थानीय जातका थाकल, मकैको प्वाँखबाट टोपी, सजावटका सामाग्री, फुलदानी, झोला बनाउने तालिम दिइएको छ । उक्त तालिम ३०

दिन सम्म सञ्चालन भएकोमा २५ जना सहभागी भएका थिए। बेपत्ता तथा द्धन्द्ध पीडितका लागि बाँसको मुडा र डोको बनाउने तालिम सञ्चालन गरिएको छ। यसैगरी बडघर तथा थारु महिलाले बाँस र बेदबाट  छत्री, सुपा, जुत्ता राख्ने र्‍याक, बनाउने सिप सिकेको शाखा प्रमुख ज्ञवालीले जानकारी दिनुभयो।

गाउँपालिकाले किशोरीका लागि ५ दिने आत्मरक्षा तालिम दिएको छ। त्यस्तै दलित महिलाका लागि ३० दिने बुटिक तापदम सञ्चालन गरिएको छ। तालिममा २० जना महिलाले सहभागिता जनाएका थिए। गाउँपालिका र ८ वटै वडामा बाल क्लब पुर्नगठन गरिएको छ। गन्दर्भ समुदायको आय, आर्जन अन्तर्गत बंगुरका पाठा वितरण कार्यक्रम गरिएको छ। गन्दर्भ सञ्जाल बैजानाथ गाउँपालिकामार्फत उक्त कार्यक्रम गरिएको थियो। बालबालिकाको दिगो दिवसीय कार्यक्रम अन्तर्गत बालबालिकाको बतृत्वकला कार्यक्रम गरिएको छ।

अपांगताको दिवसीय कार्यक्रम अन्तर्गत ८ वटै वडालाई समेटेर एक दिने हाजिरी जवाफ प्रतियोगिता गरिएको छ। त्यसैगरी 'ग' वर्गका २ सय ४१ जना अपांगता भएका ब्यक्तिलाई मासिक ५ सय रुपैयाँ आर्थिक सहायता प्रदान गरिएको छ। अपांगता भएका ब्यक्तिको सहायता सामाग्री मर्मत गरिएको छ। त्यस्तै आर्थिक वर्षभरी १० पटक अपांगता परिचय पत्र वितरण शिविर सञ्चालन गरिएको छ। यसमा ६ सय २३ जनालाई डिजिटल परिचय पत्र वितरण गरियो। यसमध्ये १ सय २७ जनाले रातो परिचय पत्र, ३ सय ४५ जनाले निलो परिचय पत्र, १ सय ३७ जनाले ग वर्गको परिचय पत्र र १५ जनाले सामान्य खालको परिचय पत्र प्राप्त गरेका छन्।

दृष्टिविहिन बालबालिकाको लागि मागमा आधारित कार्यक्रम अन्तर्गत वडा नम्बर ६ मा रहेको ज्योती आधारभुत बिद्यालयका अपांगता बालबालिकालाई शैक्षिक सामाग्री, फ्रिज, पोशाकका सामाग्री उपलब्ध गराईएको छ। अर्न्तराष्ट्रिय महिला दिवसका अवसरमा अभिमुखिकरण, विभिन्न प्रतियोगितात्मक कार्यक्रम गरिएको छ।

बैजनाथका प्रत्येक वडाका ५ जना किशोर किशोरीलाई खरिदार तहको पाठ्यक्रम पुरा हुने गरी लोक सेवा कक्षा सञ्चालन गरिएको छ। लैगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत मधेसी, मुस्लिम र बादी समुदायका लागि विभिन्न सामाजिक विभेद अन्त्यका लागि अभिमुखीकरण कार्यक्रम गरिएको छ। बालबालिकाको नेतृत्व विकास र मानसिक स्वास्थ्य सम्बन्धी तीन दिने तालिम सञ्चालन गरिएको छ। बालबालिकाको अधिकारका बारेमा गाउँपालिकाको विभिन्न १६ स्थानमा भित्तेलेखन गरिएको छ। अपांगता साझेदारी कार्यक्रम अन्तर्गत ह्वील चियर खरिद गरिएको छ।

यस्तै ६० देखी ६७ वर्ष उमेर सम्मका ९१ जना 'बिदुर' तथा एकल पुरुष हरुलाई मासिक १ हजार रुपैयाँका दरले आर्थिक सहायता प्रदान गरिएको छ। त्यस्तै ६९ र ७० वर्षका ५ सय ९८ जना विपन्न जेष्ठ नागरिकलाई जाडो महिनामा न्यानो कपडा(फाईबरको सिरक) प्रदान गरिएको छ। बालबालिकामा हुने हानी तथा नियन्त्रणका लागि गाउँपालिकाको प्रत्येक वडामा लागु औषध नियन्त्रण सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको छ। मधेसी, मुस्लिम महिलाको मागमा आधारित सिलाई कटाई बुनाई तालिम सम्पन्न गरिएको छ। एक महिनासम्म चलेको उक्त तालिममा २० जना महिलाको सहभागिता रहेको थियो।

गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा यौनिक तथा अल्पसंख्यक समुदाय र बालमैत्री घोषणा कार्यक्रम भने हुन सकेनन्। यौनिक तथा अल्पसंख्यक समुदाय सम्पर्कमा नआउँदा कार्यक्रम नभएको हो। यस्तै ५१ वटा सूचक पुरा गरेर बालमैत्री गाउँपालिका घोषणा गर्नका लागि पर्याप्त बजेट नहुँदा कार्यक्रम नभएको शाखा प्रमुख ज्ञवाली बताउनुहुन्छ। उहाँका अनुसार यौनिक तथा अल्पसंख्यक समुदायका लागि कार्यक्रम गर्न १ लाख र बालमैत्री गाउँपालिका घोषणाका लागि ६ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो। अधिकांस कार्यक्रम सञ्चालन हुँदा लक्षित वर्गमा परिवर्तन आएको शाखा प्रमुख ज्ञवाली बताउनु हुन्छ।

'धेरैको आर्थिक अवस्थामा केही सुधार आएको छ, उहाँहरुले नै माग गरेर हामीलाई सिप विकास सम्बन्धी कार्यक्रम दिनुस्, केही सिप सिक्न चाहन्छौं भन्नु भएको छ,' उहाँले भन्नुभयो। लक्षित वर्गलाई प्रदान गरिएको सिपलाई दिर्घकालिन र आय, आर्जनमुखी कसरी गराउने भनेर आगामी बजेटमा कार्यक्रम ल्याउने महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाको यो जना छ।

गाउँपालिकाको कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक भूमिसरा रानाले सामाजिक विकास अन्तर्गत लक्षित वर्गका लागि गाउँपालिकाले वर्षेनी बजेट विनियोजन गर्दा प्रभावकारी रुपले काम हुँदै आएको बताउनुभयो। 'लक्षित वर्गका लागि जति पनि बजेट विनियोजन भएको छ, ति सबै बजेट वास्तविक लक्षित वर्ग समक्ष पुगेको छ,' उहाँले भन्नुभयो।



**बैजनाथ–१ चिसापानीमा रहेको गाभर भ्याली होमस्टेको प्रवेशद्वार।**

# होमस्टेबाट "ब्राण्डिङ" भएको गाभर भ्याली

*पाटेबाघ बाटै आय, आर्जन पनि गरेका छन् । जिप सफारी, जंगल वाक, चुरे हाईक, मत थेरापी, जंगल बाथिङ, फिस मसाज, नाइट क्याम्पिनिङ लगायत क्रियाकलाप गराईन्छ । यस्तै साँस्कृतिक रितिरीवाज, परम्परा, चाल चलन, नाँचगानबारे पाहुनालाई जानकारी गराईन्छ ।*

✍ २०७० सालमा एउटा होमस्टेबाट सुरु गरेको गाभर भ्यालीले देश तथा विदेशमा आफ्नो 'ब्राण्ड' नै स्थापित गरिसकेको छ। स्थापनाको १२ वर्ष पुग्दा अहिले यहाँ २६ वटा होमस्टे बनिसकेका छन्। यहाँ गाभर भ्याली सामुदायिक होमस्टे ब्यवस्थापन समिति सक्रिय रहेको छ। यहाँ दिन-प्रतिदिन नयाँ ठाउँका पाहुनाहरु आइरहेका छन्।

गाभर भ्यालीमा रहेका '२६ युनिट' ले दैनिक ४ सय जना पाहुनालाई बास बसाउन सक्छन्। उक्त होमस्टे बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित छ। 'प्रकृति सँस्कृति र कृषि गरी तीन वटा विषयबस्तुमा पाहुनाहरुका लागि सिकाईको केन्द्रको रुपमा रहेको छ,' गाभर भ्याली होमस्टेका संस्थापक कृष्ण चौधरी भन्नुहुन्छ, 'गाभर भ्याली होमस्टेका बारेमा बुझ्न चाहने हरुका लागि यो खुल्ला विश्व विद्यालय जस्तै स्थापित सिकाई केन्द्र हो।' प्रकृतिसँगको सामिप्यतामा रही विभिन्न क्रियाकलापहरु सञ्चालन गरी गाभर भ्यालीमा मनोरञ्जन लिन सकिने यहाँका ब्यवसायी बताउँछन्।

**'जिम्मेवार बाघ पर्यटन'**

पाटेबाघको संरक्षणमा यस क्षेत्रका स्थानीयले विशेष जोड दिएको बताएका छन्। पाटेबाघ बाटै आय, आर्जन पनि गरेका छन् । जिप सफारी, जंगल वाक, चुरे हाईक, मत थेरापी, जंगल बाथिङ, फिस मसाज, नाइट क्याम्पिनिङ लगायत क्रियाकलाप गराईन्छ । यस्तै साँस्कृतिक रितिरीवाज, परम्परा, चाल चलन, नाँचगानबारे पाहुनालाई जानकारी गराईन्छ।

यसैगरी होमस्टेमा आउने पाहुनालाई समुदाय विशेष खानपान गराउने गरिन्छ । कृषि, जैविक विविधता संरक्षणमा समुदायलाई सहभागी गराउने, रैथाने अन्नबाली संरक्षण र प्रर्वद्धन गर्दै किसानलाई प्रत्यक्ष रुपमा लाभ प्राप्त गर्ने गरी सामुदायिक

जीण बैंक स्थापना गरिएको छ । जसअन्तर्गत अन्नबालीहरुको अनुवांशिक स्रोत, घाँसेबालीको अनुवांशिक स्रोत, पशुपंक्षीहरुको अनुवांशिक स्रोत, जलिय अनुवांशिक स्रोत, सुक्ष्म जीवाणु अनुवांशिक स्रोत लगायत गरी ६ प्रकारका अनुवांशिक स्रोतको संरक्षणन र प्रवर्द्धन गरिएको छ ।

'यो अभ्यास नेपालको पहिलो हो, नेपाल कृषि अनुसन्धान परिषद (नार्क)ले पछिल्लो समय बीउ बैंक लगायत विभिन्न अनुवांशिक स्रोतको संरक्षण गर्ने गरी जीण बैंक स्थापना गरेको छ, जसअन्तर्गत गाभरमा पनि पहिलो जीण बैंक स्थपना भएको छ,' चौधरीले भन्नुभयो । गाभर भ्याली होमस्टेमा वार्षिक रुपमा आन्तरिक र बाह्य गरी ३० हजार पाहुना आउने गरेका छन् ।

**बैजनाथको पर्यटन प्रवर्द्धन**

बैजनाथ गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका पर्यटकीय स्थलको प्रवर्द्धन गरेको छ । गाउँपालिकाले यहाँका पर्यटकीय स्थलको गुरुयोजना समेत निर्माण गरेको छ । भ्याली सामुदायिक होमस्टे प्रवर्द्धन गर्नका लागि सडक, बत्ती, पार्क निर्माणमा जोड दिएको छ । यस्तै मिनी गाभर सामुदायिक होमस्टे, सुतैया(कन्वा ताल), मानसरोवर स्मारक पार्क, थारु भिलेज ग्राम, गिद्देनी ताल, सिम्रहवा ताल लगायत धार्मिक, साँस्कृतिक स्थलको प्रवर्द्धनमा अग्रसरता देखाएको छ ।

बैजनाथ गाउँपालिका वडा नम्बर १ का वडाअध्यक्ष रुपबहादुर मल्लले गाभर भ्याली होमस्टेले बैजनाथकै पहिचान दिएको बताउनु भयो । 'गाभर भ्यालीले हाम्रो गाउँपालिकाको पहिचान दिएको छ, यसको प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो तर्फबाट लगानी गरिरहेका छन्,' उहाँले भन्नुभयो । बैजनाथ गाउँपालिकाका कार्यपालिका सदस्य एवम् वन तथा वातावरण समितिका संयोजक मञ्जु ओली बैजनाथको पर्यापर्यटनका लागि विशेषगरी वन र वन्यजन्तु संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यक रहेको बताउनुहुन्छ । 'वन र वातावरण संरक्षण भएपछि मात्र वन्यजन्तुको संख्या बढ्ने हो, वन्यजन्तु हेर्नकै लागि पर्यटकहरु बैजनाथमा घुम्न आउने हुन्,' उहाँले भन्नुभयो । गाउँपालिकाले पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम गरिरहेको बताउनुभयो ।


## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

***फोहोर पानीले झाडापखला, हैजा, टाईफाईड, आउँ, जण्डिसजस्ता रोगहरू लाग्न सक्छन् । त्यसैले:***

- ✓ खोला, धारा वा मुलको पानी सिधैं नपिऔं ।
- ✓ पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं ।
- ✓ पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरू हालेर शुद्धिकरण गरौं ।
- ✓ पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

## जथाभावी फोहोर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- ✓ सडक तथा सार्वजनिक स्थानमा फोहोर नफालौं ।
- ✓ घर तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं ।
- ✓ कुहिने र नकुहिने फोहोरलाई छुट्टा छुट्टै राखौं ।
- ✓ कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- ✓ नकुहिने फोहोरलाई तोकिएको स्थान र समयमा बिसर्जन गरौं ।
- ✓ खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।
- ✓ शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।



# तीन तहका सरकार बीच समन्वय र अन्तर सम्बन्ध : अन्तर सरकार ब्यबस्थापन

✍ **पूर्णप्रसाद जैसी**
**लेखा अधिकृत**

सरकारका तहहरु बिचमा र शासकीय पात्रहरुका बिचमा अन्तर सम्बन्ध स्थापना गर्नका लागि बिभिन्न संरचना, कार्य प्रणाली, बिधि र प्रकृयाको बारेमा संघीयता भएका देशहरुको सर्वोच्च कानुनमा ब्यबस्था गरिएको हुन्छ । बहुतह र बहुक्षेत्रगत शासकीय संरचना भित्र राज्यको लक्ष्य र उद्देश्य हासिल गर्न अन्तर सम्बन्ध र समन्वय गर्नको लागि नीतिगत संरचनागत र प्रणालीगत प्रबन्ध नै अन्तर सरकार ब्यबस्थापन हो ।

हाल बिश्वमा २९ देशमा संघीयता कार्यान्वयनमा रहेको छ । ब्राजिल,दक्षिण अफ्रिका, स्वीटजल्याण्डमा ३ तहको संघीयता रहेको छ भने संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलियामा २ तहको संघीयता कार्यान्वयनमा रहेको छ । यी देशहरुले अधिकार को प्रयोग गर्दा साझा चासो सरोकार र राष्ट्रिय लक्ष्य एबम् हितको बिषयलाई ध्यानमा दिई आर्थिक, सामाजिक,सांस्कृतिक बिकासका प्रयास अघि बढाउने गर्छन ।

कानुन निर्माण, कार्यमा लोकतान्त्रिकपना, राजनीति र शासकीय प्रबन्ध, सेवा र नीतिको बाह्करण तथा संजालहरु बिच अन्तर आबध्दता जस्ता तत्वहरुको सेरोफेरोमा अन्तर सर कार ब्यबस्थापन घुमिरहेको हुन्छ ।

नेपालको संबिधानको भाग २० धारा २३२ ले ३ तह बिचको अन्तरसम्बन्ध सहकारिता सहअस्तित्व र समन्वयको सिध्दान्तमा आधारित हुने ब्यबस्था गरेको छ । संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ ले समन्वय र अन्तर सम्बन्धको बारेमा कानुनी आधार तय गरेको छ ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४, अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४, स्थानीयसरकार संचालन ऐन २०७४, कर्मचारी समायोजन ऐन २०७५, प्रहरी समायोजन ऐन २०७६, आर्थिक कार्यबिधि तथा बित्तीय उत्तर दायित्व ऐन २०७६, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन तथा सुपरिवेक्षण र समन्वय) ऐन २०७६ जस्ता कानुनी आधारका साथै राष्ट्रिय सभमा संघीयता सबिलिकरण र राष्ट्रिय सरोकार समिति, सर्वोच्च अदालतमा संबैधानिक इजलास, अन्तर प्रदेश परिषद,राष्ट्रिय बित्त परिषद, प्रदेश समन्वय परिषद, राष्ट्रिय समन्वय परिषद, जि स स, राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग जस्ता संस्थागत ब्यबस्थाले अन्तर सरकार ब्यबस्थापनलाई ब्यबस्थित गर्ने प्रयास गरेका छन। समग्रमा ३ तह बिचको अन्तर सम्बन्ध र समन्वयको ब्यबस्था तपशिल बमोजिम रहेको छ :

१. **ब्यबस्थापकीय/बिधायिकी अन्तर सम्बन्ध**

- नेपालको संबिधानको भाग ८ मा संघीय ब्यबस्थापिका, भाग १४ मा प्रदेश ब्यबस्थापिका र भाग १८ मा स्थानीय ब्यबस्थापिकाको ब्यबस्था गरिएको छ । आ-आफ्नो एकल क्षेत्राधिकारका बिषमा ३ वटै सरकारले कानुन बनाउन पाउने ब्यबस्था गरिएको छ ।
- संघीय कानुन नेपाल भर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागु हुने गरि बनाउन सकिने तथा प्रदेश कानुन प्रदेशभर वा प्रदेशको कुनै क्षेत्रमा मात्र लागु हुने गरि बनाउन सकिने ।
- २ वा २ भन्दा बढी प्रदेशले प्रदेशको एकल सूचिका कुनै बिषयमा कानुन बनाउन नेपाल सरकार समक्ष लिखित अनुरोध गरेमा संघीय संसदले सो बिषयमा कानुन बनाउन सक्ने र सो कानुन सम्बन्धित प्रदेशमा मात्र लागु हुने ।
- ३ तहहरु बिचमा समन्वय काम गर्न संघीय सरकारले आवश्यक कानुन बनाउन सक्ने ।
- नेपाल सरकारले प्रदेश र स्थानीय सरकारले बनाउने कानुनको नमुना वा मापदण्ड बनाई दिनु पर्ने ।
- स्थानीय सरकारले बनाउने कानुन प्रदेश र संघीय कानुनसंग बाझिन नहुने । प्रदेशको कानुन संघीय कानुनसंग बाझिन नहुने र बाझिएको हद सम्म मान्य नहुने ब्यबस्था गरेको ।
- प्रदेश तथा स्थानीय तह बिच समन्वय कायम गर्न र कुनै राजनीतिक बिबाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका/नगरपालिका र जिल्लाई समन्वय समितिसंग समन्वय गरि त्यस्ता बिबादको समधान गर्न सक्ने । सो को कार्यबिधि प्रदेश कानुन बमोजिम हुने ।
- स्थानीय तहको कार्यकारिणी अधिकार सम्बन्धमा संघले कानुन बनाउने ।

- गाउँ सभा/ नगर सभाको संचालन, बैठकको कार्यबिधि, समिति गठन, सदस्यको पदरिक्त हुने अबस्था, सदस्यले पाउने सुबिधा, स्थानीय तहको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यबस्था प्रदेश कानुन बमोजिम हुने ।
- एक प्रदेशले अर्को प्रदेशको कानुनी ब्यबस्था र न्यायिक एवम प्रशासनिक निर्णय वा आदेशको कार्यान्वनमा सहयोग गर्नु पर्ने ।
- प्रदेश र स्थानीय तहको अधिकार सूचि कार्यक्षेत्र वा जिम्मेवारीमा पर्ने बिषयमा कानुन नीति तथा योजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नु पर्ने ।

## २. राजनैतिक/कार्यकारिणी अन्तर सम्बन्ध

- नेपालको कार्यकारिणी अधिकार मन्त्रि परिषदमा, प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषदमा र स्थानीय तहको कार्यकारिणी अधिकार स्थानीय कार्यपालिकामा निहित रहने ।
- संघ-प्रदेश, प्रदेश-प्रदेश बिचमा राजनीतिक बिवादको निरुपण गर्नका लागि प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर प्रदेश परिषदको ब्यबस्था गरिएको ।
- प्रदेश भित्रका बिषमा समन्वय कायम गर्न मुख्य मन्त्रिको अध्यक्षतामा प्रदेश समन्वय परिषदको ब्यबस्था ।
- संघले राष्टियू महत्वका बिषयमा र प्रदेशहरु बिचमा समन्वय गर्नु पर्ने बिषयमा प्रदेश मन्त्रि परिषदलाई निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित मन्त्रिपरिषदको कर्तब्य हुने ।
- नेपाल सरकार आफै वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका र नगर कार्यपालिकालाईइ आवश्यक सहयोग र निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु गाउँपालिका र नगरपालिकाको कर्तब्य हुने
- राष्ट्रिय सभाको गठन हुदा प्रदेश सभाका सदस्य स्थानीय तहका प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष रहेको निर्वाचक मण्डलले गर्ने ।
- नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, राष्ट्रिता वा स्वाधिनतामा गम्भिर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले प्रदेश मन्त्रिपरिषदलाई सचेत गराउने मन्त्रिपरिषद र प्रदेश सभालाई बढीमा ६ महिना निलम्बन वा बिघठन गर्न सक्ने ।
- प्रदेशको सिमाना र अधिकारको बिषमा संबिधान संशो धन गर्न प्रत्येक प्रदेशको बहुमतबाट पारित गर्नु पर्ने ।
- नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने ।

## ३. न्यायिक अन्तर सम्बन्ध

- नेपालमा सर्वोच्च, उच्च, जिल्ला अदालत रहने र कानुन बमोजिम मुद्दा हेर्न स्थानीय तहमा न्यायिक निकाय वा बिवाद समधानका बैकल्पिक उपायको अबलम्बन गर्न सकिने ।
- स्थानीय तहको एकल अधिकारमा स्थानीय अदालतको ब्यबस्था ।
- एक प्रदेशले अर्को प्रदेशको कानुनी ब्यबस्था र न्यायिक एवम प्रशासनिक निर्णय वा आदेशको कार्यान्वनमा सहयोग गर्नु पर्ने ।
- महान्यायाधिबक्ता मातहत रहने गरि प्रत्येक प्रदेशमा मुख्यन्यायाधिबक्ता रहने ।
- न्यायिक समितिको निर्णय उपर चित्त नबुझे सम्बन्धित जिल्ला अदालतमा पुनरावलोकन गर्न सकिने
- ३ तहका सरकारको अधिकार क्षेत्रका बारेमा बिबाद भएमा सर्वोच्च अदालतको संबैधानिक इजलाईसबाट निरुपण हुने ।
- स्थानीय तह भित्र बिबादको निरुपण गर्न स्थानीय तहका उपप्रमुख/उपाध्यक्षको सयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने ।

## ४. प्रशासनिक अन्तर सम्बन्ध

- सार्वजनिक प्रशासनलाई स्वच्छ ,सक्षम , निष्पक्ष, पारदर्शि, उत्तरदायी र सहभागितामुलक बनाउने -धारा ५१ ।
- लोकसेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको ब्यबस्था । लोकसेवा आयोग गठन गर्ने आधार र मापदण्ड संघीय कानुनले निर्धारण गर्ने ।
- संघ प्रदेश र स्थानीय तहको कानुन बमोजिम सरकारी सेवाको गठन र संचालन गर्न सक्ने ।
- संघले प्रदेश र स्थानीय तहको क्षमता बिकासमा सहयोग गर्नु पर्ने ।
- एक प्रदेशले अर्को प्रदेशको कानुनी ब्यबस्था र न्यायिक एवम प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्ने ।
- प्रदेश र स्थानीय तहको सेवा प्रवाहको ब्यबस्था गर्नको लागि संघले कर्मचारी समायोजन गरि ब्यबस्थापन गर्ने
- स्थानीय तहको कर्मचारी र कार्यालय सम्बन्धि ब्यबस्था प्रदेश कानुन बमोजिम हुने ।
- प्रदेशहरु बिचमा साझा चासो सरोकार र हितको बिषमा सूचना आदान प्रदानमा सहयोग र समन्वय गर्ने ।
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई समान सुरक्षा

व्यबहार र सुबिधा उपलब्ध गराउनु पर्ने ।

- लोकसेवा आयोगको परामर्शमा निजामति सेवाका पद बिचमा सेवा परिवर्तन वा रुपान्तरण गर्न सक्ने ।

**५. बित्तीय अन्तर सम्बन्ध**

- सार्वजनिक नीजि सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र बिकास मर्फत राष्टिय अर्थतन्त्रको सुदृढिकरण गर्ने नीति ।
- संघले आर्थिक बिषयमा प्रदेशलाई समेत लागु हुने गरि आवश्यक नीति र मापदण्ड वनाउन सक्ने ।
- राजश्व वाडफाड र बित्तीय हस्तान्तरणको माधमबाट अन्तर सरकारी बित्त ब्यबस्थापन हुने । सो को न्यायिक बाडफाड गर्ने ब्यबस्था नेपाल सरकारले गर्ने । राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई समानिकरण र सशर्त अनुदान उपलब्ध गराउनु पर्ने । पूर्वाधार बिकासमा समपुरक र सामाजिक क्षेत्रमा बिशेष अनुदान उपलब्ध गराउनु पर्ने ।
- ३ वटै तहले संबिधान र अन्य प्रचलित कानुन बमोजिम आ आफ्नो अधिकार क्षेत्र भित्रको बिषयमा कर लगाउन पाउने तर साझा सूचि र सूचिमा नपरेका बिषमा कर नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने ।
- अन्तर सरकारी बित्त ब्यबस्थापनलाई प्रभावकारी र समन्वयात्मक बनाउन अन्तर सरकारी बित्त परिषदको ब्यबस्था ।
- आर्थिक लेखाङ्कन बर्गिकरण र प्रतिवेदन संघीय सरकारले निर्धारण गरे बमोजिम हुने । आर्थिक बिबरण त्रैमासिक सकिएको १५ दिन भित्र संघ र प्रदेश समक्ष पेश गर्नु पर्ने र त्यसको आधारमा अनुदानको निकासा हुने ।
- बजेट निर्माणमा संघ र प्रदेशले उपलब्ध गराएको मार्गदर्शन बजेट सिमा राष्ट्रिय र प्रादेशिक प्राथमिकता तथा मापदण्ड समेतलाई आधार लिनु पर्ने ।
- संघ र प्रदेश सरकारले जि स स को अधिकार क्षेत्र सम्बन्धि काम गर्न आवश्यक सहयोग गर्नु पर्ने ।
- ३ वटै तहले आपसमा समन्वय गरि आफ्नो जिम्मेवारी भित्र राजश्व एक अर्का मार्फत उठाउन वा कुनै खास प्रकारका राजश्व एकद्वार प्रणालीद्वारा प्रदेश र स्थानीय तहले उठाउन सक्ने ।

**६. बिकास ब्यबस्थापन र सेवा प्रवाह**

- ३ तहका सरकारले बिकास ब्यबस्थापन र सेवाप्रवाहका लागि आवधिक योजना, मध्यकालिन खर्च संरचना, आयोजना बैंक, बार्षिक नीति तथा कार्यक्रम बजेट अनिर्वाय रुपमा बनाउनु पर्ने ।
- प्रदेश र स्थानीय सरकारले आर्थिक प्रतिवेदन संघमा पठाउनु पर्ने ।
- प्रदेश र स्थानीय तहको लागि बैदेशिक सहयता जुटाउने सन्दर्भमा संघको मुख्य भूमिका रहने ।
- स्थानीय तहलाई आवश्कता अनुसार प्रबिधि र रणनैतिक सहयोगका क्षेत्रमा संघले नेतृत्व दिनु पर्ने ।
- स्थानीय सरकारले संयुक्त कार्यक्रम, परियोजना र कार्यक्रम संचालन गर्न सक्ने ।
- संघले प्रबिधि हस्तान्तरण र क्षमता बिकासमा प्रदेश र स्थानीय तहलाई सघाउनु पर्ने ।
- प्रदेश र स्थानीय तहमा अत्याबश्यक सेवा प्रवाह गर्न र सेवाको प्रबन्ध गर्न नेपाल सरकारले आवश्यक ब्यबस्था गर्ने ।
- संघ र प्रदेशको मापदण्डको अधिनमा रही स्थानीय तहको योजना र परियोजनाको ब्यबस्थापन गर्नुपर्ने ।
- संघ र प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्रका कनै योजना स्थानीय तहबाट संचालन गर्न उपयुक्त देखिएमा सम्बन्धित स्थानीय तह मार्फत संचालन गर्नु पर्ने ।

**७. सहकार्य र सहयोग**

- संघीयताको स्वरुप समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित हुने ।
- आबधिक योजना कार्यक्रम र बजेट बनाउदा ३ तहका सरकार बिच पर्याप्त सहकार्य र परामर्श गर्नु पर्ने। एउटा सरकारको बजेट र योजनाले अर्को सरकारलाई योगदान दिने गरि बनाउनु पर्ने ।
- संबिधानका अनूसूचिका बिषयमा समेत कानुन बनाउदा अन्तर सरकारी परामर्श गर्नु पर्ने ।
- संघीयताको कार्यान्वयनका लागि संघले प्रदेश र स्थानीय तहलाई नीति योजना कानुन तर्जुमामा सहयोग र क्षमता बिकासका कार्यमा सहयोग गर्नु पर्ने ।
- राज्यका नीतिमा संघीय कार्यहरु बिच श्रोतसाधन जिम्मेवारी र साझेदारी गर्दै सुमधुर र सहयोगात्मकताको बिकास गर्ने ।
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई समान सुरक्षा ब्यबहार र सुबिधा उपलब्ध गराउनु पर्ने ।
- संघीय संसद, प्रदेश सभा र स्थानीय तहले ब्यबस्थापन बिधि र काम कारवाहीमा सामन्जस्ता तथा एकरुपता काम गर्न सहकार्य गर्न सक्ने ।

**८. ब्यापारिक सम्बन्ध**

एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय

तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको बिस्तार वा प्रदेश र स्थानीय तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको बिस्तारमा कुनै किसिमको अबरोध गर्न वा कुनै कर शुल्क दस्तुर वा महसुल लगाउन वा त्स्तो सेवा वा बस्तुको ढुवानी वा बिस्तारमा कुनै भेदभाव गर्न नपाइने ।

**९. योजनागत ब्यबस्था**

- १५ औं योजनाले बिकास ब्यबस्थापन गर्न सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तर तह समन्वय काम राख्नु पर्ने सोच ।
- संघ प्रदेश र स्थानीय तह बिचको सम्बन्धलाई सुदृढ सबल सक्षम बनाउने लक्ष्य ।
- १६ औ योजनामा संघीयता सबलिकरण कार्यक्रम ।
- बिषयगत मन्त्रालयको क्षेत्राधिकार भित्रका गाउँपालिका वा नगरपालिकामा कार्यान्वयन हुने योजना उनीहरुको समन्वयमा संचालन गर्नु पर्ने ।

**१०. अन्तर समन्वय**

- नेपाल सरकारले सामाजिक सांस्कृतिक संरक्षण र आर्थिक बिकासका लागि प्रदेश सरकारको परामर्शमा कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकासन गरि बिशेष संरक्षित र स्वायत्त क्षेत्र काम गर्न सक्ने। तिनीहरुको बिकासका लागि संघ र प्रदेश सरकारले बिशेष कार्यक्रम संचालन गर्न वा त्यसका लागि थप बजेट उपलब्ध गराउनु पर्ने ।
- बिशेष कार्यक्रम गर्दा गाउँपालिका/ नगरपालिका र जिससंग समन्वय गर्नु पर्ने ।
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा प्रकृया प्रारम्भ हुने समय अगावै बजेट सिमा, प्राथमिकता र मापदण्ड सहितको मार्गदर्शन पठाउनु पर्ने ।
- स्थानीय तहको अधिकार क्षेत्रको बिषयसंग सम्बन्धि समानान्तर कार्यालय खारेज गरि स्थानीय तहको बिषगत शाखाको क्षमता बिकास गर्ने ।
- बिषयगत मन्त्रालयको क्षेत्राधिकार भित्रका गाउँपालिका /नगरपालिकामा कार्यान्वयन हुने आोजना उनीहरुकै समन्वयमा संचालन गर्नु पर्ने ।
- नेपाल सरकार र प्रदेश सरकारको अधिकार क्षेत्र भित्रका कुनै योजना गाउँपालिका/ नगरपालिकाबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने देखिएमा गाउँपालका/ नगर पालिकाबाट कार्यान्वयन गर्ने / गराउने ब्यबस्था मिलाई सो योजनाको लागि छुट्याएको बजेट र अन्य श्रोत समेत उपलब्ध गराउने ।
- प्रदेश र स्थानीय तहको सशक्तिकरणमा संघले सहयोग गर्नु पर्ने ।
- नेपाल सरकार/प्रदेश सरकारले जिससको अधिकार क्षेत्र सम्बन्धि बिषयमा काम गर्न सो जिससलाई आवश्क सहयोग गर्नु पर्ने ।
- सडक पूर्वाधार एकीकृत बस्ति बिकास तथा सहरी यो जना भूउपयोग योजना उपभोग्य सेवा सामाजिक सेवा पूर्वाधार निर्माण संचालन र ब्यबस्थापन गर्दा नेपाल सरकार/प्रदेश सरकारले सो बिषमा तोकेको राष्ट्रिय तथा प्रादेशिक मापदण्डको पालना गर्नु पर्ने ।

**उपसंहार**

संघ, प्रदेश र स्थानीय तहबचिमा समन्वय कायम गर्नका लागि बिभिन्न नीतिगत, संरचनागत र कानुनी संयन्त्रको ब्यबस्था गरिएको छ । यिनीहरुको सफल कार्यान्वयन भएमा मात्र समन्वय र अन्तर सम्बन्ध सफल र फलदायी हुने देखिन्छ ।

- **कुनैपनि प्रकारका महिला हिंसा नगरौं ।**
- **हिंसा गर्नुमात्र अपराध नभई हिंसा सहनु पनि अपराध हो ।**

- **आफ्नो गाउँठाउँमा भएको स्थानीय स्रोत साधनको सदुपयोग गरौं ।**
- **उद्यम सञ्चालन गर्नुपूर्व ब्यक्तिको ईच्छा, क्षमता र बजार माग हेरेर गरौं ।**



बैजनाथ गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई ।

# सुशासन कायम गर्दै बैजनाथ

*गाउँपालिकाको कार्यसम्पादन हेर्दा सुशासन कायम गर्नमा क्रमिक रुपले सुधार गरेको छ । गाउँपालिकाले संस्थागत सुशासन कायम गर्नका लागि सूचना अधिकारी तोकेको छ । यस्तै आन्तरिक अनुगमन, मुल्यांकन प्रणालीलाई सुधार गर्दै लगेको छ ।*

✍ स्थानीय तहको कार्यसम्पादन मुल्यांकनमा बैजनाथ गाउँपालिका यसपटक जिल्लाकै दोस्रो बन्यो । बाँकेमा रहेका कुल ८ वटा स्थानीय तह मध्ये बैजनाथले ५९.३ अंक प्राप्त गरेर दोस्रो स्थानमा आयो । पहिलो स्थानमा आउने राप्तीसोनारीले ६० अंक ल्यायो भने, तेस्रोमा आउने खजुरा गाउँपालिकाले ५८ अंक प्राप्त गऱ्यो ।

गाउँपालिकाको कार्यसम्पादन हेर्दा सुशासन कायम गर्नमा क्रमिक रुपले सुधार गरेको छ । गाउँपालिकाले संस्थागत सुशासन कायम गर्नका लागि सूचना अधिकारी तोकेको छ । यस्तै आन्तरिक अनुगमन, मुल्यांकन प्रणालीलाई सुधार गर्दै लगेको छ ।

यसैगरी सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, जनप्रतिनिधी र कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन, अनलाईन सेवा प्रणालीको विकास, नियमित बजेट र सार्वजनिक विवरण प्रकाशन, गुनासो ब्यवस्थापनका लागि गुनासो पेटिका स्थापना, गाउँपालिकालाई डिजिटल प्रणालीसँग जोड्ने जस्ता काम गरिएको कार्यपालिका सदस्य एवम् सुशासन समितिका संयोजक रुपा थापा बताउनुहुन्छ ।

'जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, समानता, सहभागिता, नियमको पालना, इमानदारिता, प्रभावकारिता तथा कानुनको सर्वोच्चता सहितको शासन प्रणाली नै सुशासन हो,' उहाँले भन्नुभयो, 'सरकार वा निकायले जनताको भलाईको लागि उचित तरिकाले काम गर्नु हो ।' सुशासन कायम गर्नका लागि गाउँपालिकामा क्रियाकलाप भइरहेको संयोजक थापा बताउनुहुन्छ ।

प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपानले सुशासनको महत्वपूर्ण मापदण्ड सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका गतिविधी गरिएको बताउनुभयो । 'गाउँपालिकामा संस्थागत सुशासन कायम गर्नमा हामीले कुनै कसर बाँकी राखेका छैनौं,' उहाँले भन्नुभयो ।

बैजनाथ-५ का वडाअध्यक्ष एवम् लेखा समितिका संयोजक देवबहादुर रावत सुशासनमा आर्थिक कुरा महत्वपूर्ण हुने बताउनुहुन्छ । सुशासन कायम गर्नका लागि आर्थिक पार दर्शिता हुनुपर्ने उहाँको भनाई छ । यस्तै गाउँपालिकाका आन्तरिक लेखा परिक्षक उपेन्द्र ढुंगाना सुशासन कायमसँगै बेरुजु फर्च्यौटमा गाउँपालिकाले विशेष ध्यान दिएको बताउनुहुन्छ । 'सुशासन र बेरुजु फरक पाटो हो, तर सुशासन हुनका लागि बेरुजु फर्च्यौट हुनु राम्रो मानिन्छ,' उहाँले भन्नुभयो ।



# बैजनाथ गाउँपालिकाको बेरूजु र यसलाई कम गर्ने सवालहरू

**उपेन्द्र प्रसाद ढुंगाना**
आन्तरिक लेखापरीक्षक

**बेरुजु के हो ?**

नमिलेको कारोवार वा रुजु नभएको स्रेस्तालाई वेरुजु भन्ने गरिन्छ। आर्थिक कार्यविधि ऐन, २०५५ ले वेरुजु भन्नाले प्रचलित कानुनवमोजिम पुर्याउनुपर्ने रीत नपुर्याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोवार गरेको भनी लेखा परीक्षण गर्दा औल्याएको वा ठहर्याइएको कारोवारलाई मानेको छ। वेरुजुको किसिम हेर्दा असूलउपर गर्नुपर्ने, प्रमाण जुटाई नियमित गर्ने र पेश्की वेरुजु भनेर मुख्य ३ वटामा राखेर हेर्ने गरिएको छ।

**स्थानीय तहहरुमा बेरुजु शून्य बनाउन के गर्नुपर्छ ?**

१. **स्पष्ट कार्ययोजना**

बेरुजु शून्य एकै रातमा वा चामत्कारिक रूपमा हासिल गर्न सकिने विषय होइन।जसरी परिवर्तन क्रमिक रूपमा हुने गर्दछ, त्यसरी नै आर्थिक पारदर्शिता र वित्तीय सुशासन पनि क्रमशः सुधार हुँदै जाने विषय हुन्छातसर्थ हामीले कुनै वर्षको बेरुजु शून्य बनाउने लक्ष्य लिन्छौं भने वर्षको शुरुवातमा नै सो वर्षमा कसरी काम गर्ने र त्यसको प्रष्ट खाका बनाएर लागु गर्नुपर्दछ।बजेट विनियोजन भैसकेपछि ठेक्काहरू कहिलेसम्म खोलिसक्ने,उपभोक्ता समितिसँग सम्झौता गर्ने समयसीमा कति रहने,कुन कुन चौमासिकको कुनकुन समयमा कुनकुन कार्यक्रम सम्पन्न गर्ने,सो कामका लागि जिम्मेवार व्यक्ति र शाखा कुन कुन रहने,त्यसको कार्यान्वयनको स्पष्ट रूपरेखा तयार पारेर लागु गर्नुपर्छ।जसले गर्दा समयमै काम गर्न सकिन्छ।

समयमै काम हुँदा सोको प्रभावकारी रूपमा अनुगमन गर्न सकिन्छ र केही त्रुटि देखिएमा समयमै सच्याउन समेत सकिन्छ। आर्थिक वर्षको शुरुवाती ६ महिनासम्म चुपचाप बस्ने र जेठ लागेपछि कस्सिने अनि असारमा बल्ल काम गर्ने परिपाटीले थुप्रै समस्या सिर्जना हुने गरेका छन्। त्यतिबेला अस्वाभाविक रूपमा हुने मूल्यवृद्धिले उपभोक्ता मारमा पर्ने र आफ्नो लगानी उठाउनका लागि गलत काम गर्ने, उक्त समयमा श्रम शक्तिको व्यस्तताका कारण योजना सम्पन्न नभई भुक्तानी लिन खोज्ने, कार्यालयले अनुगमन गर्न नपाउने,समयमा भुक्तानी दिन नसकी हिसाब मिलान गर्न गाह्रो हुने लगायतका थुप्रै कारणले काम राम्रो हुन सक्दैन र बेरुजुको मात्रा समेत बढ्न जान्छाहिसाब नमिलेकै कारण कतिपय स्थानीय तहको करोडौं बेरुजु आएको हामीले महालेखा परीक्षकको प्रतिवेदनमा पढ्ने गरेका छौं।

२. **कानुन बनाएर मात्र खर्च गर्ने**

शासन विधिले गर्छ, हामीले अबलम्बन गरेको प्रणालीले गर्छ,कानुनले गर्छ।व्यक्ति त कानुन कार्यान्वयन गर्ने पात्र मात्र हो र हामीलाई अप्ठेरो पर्दा बचाउने भनेको पनि कानुन नै हो। कानुनको पालना गर्नु हामी सबैको दायित्व पनि हो।स्थानीय तहमा जनताले तत्काल सेवा चाहन्छन्। जनतासँग प्रत्यक्ष जोडिने हुँदा कहिले काहीँ उनीहरूको दबाब थेग्न गाह्रो पनि होला।

त्यसैले धेरैजसो स्थानीय तहमा पछि कानुन बनाउला भनेर कहिलेकाहीँ दबाब थेग्न नसकेर त कहिलेकाहीँ कानुन बनाउन अल्छी मानेर कानुन नबनाई काम गर्ने र भुक्तानी दिने गरेको देखिन्छ। यो दुबै गलत प्रवृत्ति हो।खर्च गरिसकेर कानुन बनाउनुको कुनै अर्थ छैन। किनभने कानुन कहिल्यै पनि भूतप्रभावी हुँदैन, यो कानुनको अन्तर्राष्ट्रिय मान्यता हो। हाम्रो पालिकामा कानुन नबनाएरै काम गर्ने परिपाटी छ भने त्यो सबैभन्दा ठूलो मुर्खता हो र यस्तो परिपाटी नत्याग्दासम्म बेरुजु शून्य बनाउने सपना देख्नु भने को सर्वथा असम्भव कुरा हो। कानुन विपरितका खर्चहरू सबै अनियमित मानिन्छन्।

३. **नियमित छलफल र अन्तरक्रिया**

कुनैपनि मान्छे आफैंमा पूर्ण र सबैक्षेत्रमा विज्ञ हुँदैन। त्यसमा पनि स्थानीय तहका काम,कर्तव्य र अधिकार यति व्यापक छन् की ती सबै क्षेत्रमा पोख्त हुनका लागि हाम्रो एक जुनि काफी छैन। स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीको छनोट प्रक्रिया र काम कर्तव्य पृथक पृथक छन्। तर पनि दुवैको सन्तुलित सम्बन्धबाट स्थानीय तहको काम अगाडि बढ्ने हो।

शाखाहरूको जनप्रतिनिधिसँग निरन्तरसमन्वय, सहकार्य, छलफल, कार्यक्रम कार्यान्वयनमा सम्बन्धित विषय क्षेत्रका जनप्रतिनिधिको अनिवार्य सहभागिता, नियमित स्टाफ मिटिङ तथा आवस्यकता अनुरूप सम्बन्धित शाखा,प्राविधिक तथा वडाका कर्मचारीसँग बैठक राखी नियमित सम्पर्क कायम गरी सम्भावित समस्याहरूलाई समयमै निवारण गनुपर्दछ । यसले आन्तरिक तिक्तता न्यूनीकरण गर्दै सुमधुर सम्बन्ध कायम राख्दै बुझाईमा एकरूपता ल्याएर साझा लक्ष्यमा सबैलाई एकत्रित गर्दछ ।

**४. कर्मचारी उत्प्रेरणा**

मनव संशाधान यस्तो साधन हो जसले उत्पादनका अन्य साधनहरूलाई चलायमान बनाएर प्रतिफल दिने काम गर्दछ। यदि त्यहि साधन निष्क्रिय रह्यो भने हामीले नतिजा हासिल गर्न सक्दैनौंजसरी अन्य भौतिक साधनलाई सर्भिसिङ गरेर सही अवस्थामा राख्नुपर्छ।त्यसरी नै मानव संशाधनलाई पनि हामीले पुनर्ताजगी गरिराख्नुपर्छ।जब मान्छे भित्रैदेखि काम गर्न लालायित हुँदैन तबसम्म उसलाई हामी पूर्ण रूपले उपयोग गर्न सक्दैनौं । मानव संशाधनको उपयोग सबैभन्दा जटिल विषय हो ।

जसले कार्यसम्पादन,प्रतिवेदन प्रणाली तथा कर्मचारी उत्प्रेरणाको क्षेत्रमा उल्लेख्य सुधार गरेको छायो अन्य पालिकाको लागि पनि ग्रहण गर्न लायक कुरा हुन सक्छ।

**५. सेवाग्राहीलाई अभिमुखीकरण**

जनप्रतिनिधि र कर्मचारीले मात्र कानुन बुझेर र कार्यालय व्यवस्थित र चिटिक्क पारेर मात्र संगठनको लक्ष्य पूरा हुँदैन। सोही बमोजिम सेवाग्राहीलाई पनि बुझाउन सक्नुपर्दछ।तसर्थ सेवाग्राहीको स्तर अनुरूप आवस्यकता बमोजिम अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक हुन्छ।योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिलाई अभिमुखीकरण गरेमा योजना कार्यान्वयन प्रक्रिया,करका विषयहरू,फरफारक सम्बन्धमा जानकारी हुन्छ र योजना सम्पन्न गर्न र भुक्तानी लिँदा पेश गर्नुपर्ने कागजात मिलाएर ल्याउन सक्षम हुन्छन् ।

त्यस्तै, राजश्व संकलनका लागि,अन्य कुनै कामका लागि अनलाइन सफ्टवेयर,एपको सुरुवात गर्दा वा स्थानीय तहले आफ्ना नागरिकसँग प्रत्यक्ष सम्बन्धित कुनै नयाँ कार्यक्रमको सुरुवात गर्दा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सकेमा त्यसले हाम्रो उक्त कामलाई सफलतापूर्वक सम्पन्न गर्न मद्दत पुर्‍याउँछ।नागरिकले पनि अपनत्वको महसुस गर्दछन्।स्थानीय तहका हरेक कामकार बाहीहरूमा सहभागी हुन्छन्।यसले पारदर्शितालाई समेत बढावा दिन्छ।

**६. प्रभावकारी अनुगमन मूल्यांकन**

स्थानीय तहमा योजना लगायत हरेक कार्यक्रमको अनुगमनका लागि पालिका तथा वडा स्तरमा आ-आफ्नो तहका अनुगमन संयन्त्र छन् । यदि तिनीहरूले आफ्नो काम इमान्दारिताका साथ मात्रै गर्ने हो भने बेरुजुको ठूलो मात्रा ह्वात्तै घटेर जान्छ । हुन त प्रभावकारी अनुगमन गर्दा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत,वडा अध्यक्षले फित्ता लगाएर नापे भन्ने गुनासो पनि बेलाबेलामा सुनिन्छ। अनि अनुगमन समितिले फिल्डमा ननापेर के सरकारी गाडी लिएर सेल्फी खिचेर फेसबुकमा पोष्ट गर्नुपर्ने हो तर यो कुरा बुझ्नुस् कि तपाई जुन दिनबाट अरुलाई खुसी बनाउन थाल्नुहुन्छ, त्यही दिनबाट तपाई त सकिनुभयो नै राज्यलाई पनि घात गर्दै हुनुहुन्छ।

**७. लेखापरीक्षण प्रतिवेदनको पालना**

महालेखा परीक्षकको कार्यालयले हरेक वर्ष लेखापरीक्षण गर्दछ।दुबैले आफ्ना प्रतिवेदनहरूमा नमिलेका कुराहरूमा विभिन्न कैफियतहरू देखाउँछन् । हामीले यस्ता कैफियतहरूलाई सुधार्दै लैजाने हो भने बेरुजु भन्ने चिज नै रहँदैन। कहिंकतै कागजात छुटेको रहेछ भने आन्तरिक लेखापरीक्षणले सो कुरा औल्याउने बित्तिकै सुधार गर्ने हो भने मलेप आउँदासम्म ती समस्या समाधान भैसकेका हुन्छन्।मलेपले आफ्नो प्रतिवेदनमा स्पष्ट रूपमा कानुनी ब्यवस्थासहित त्रुटिहरू देखाएको हुन्छ । तत् तत् कानुनको अध्ययन गरी सुधार गर्दै लैजाने हो भने उसले नयाँ नियम प्रतिपादन गरेर लेख्ने कुरा त हुँदैन । साथै, हामीले लेखापरीक्षण प्रतिवेदनमा रकम बाहिर तानेका बेरुजु मात्र हेर्छौंर पढछौं।तर सैद्धान्तिक बेरुजु पनि महत्वपूर्ण बेरुजु हो र त्यसलाई समेत प्राथमिकतामा राखेर सुधार गर्दै लैजानुपर्छ।

**८. अभिलेखरश्रेस्ता व्यवस्थापन**

हाम्रो सेवा प्रवाह र भुक्तानी प्रक्रिया यस्तो छ कि फिल्डमा भएको कामसँगै कागज पनि चुस्तदुरुस्त हुनुपर्छ । अडिट गर्दा भौतिक निरीक्षण गर्ने कार्य हुँदैन भन्दा नि हुन्छ। यसर्थ फिल्डमा जतिसुकै राम्रो काम भएता पनि सोही अनुरूप कागजात जुटाउन सकिएन भने त्यो काम भएको देखिंदैन । त्यसकारण हामीले राख्नुपर्ने कागजातको चेकलिष्ट बनाई सोही बमोजिम आवश्यक प्रमाण तयार गर्नुपर्छ।

**९. लेखा समितिको क्रियाशीलता**

स्थानीय तहका काम कारबाहीलाई प्रभावकारी बनाउनका लागि विभिन्न समितिहरू बनाई कार्यान्वयन गर्न सकिने कानुनी व्यवस्था रहेको छ।

तिनै समितिहरूमध्ये लेखा समिति पनि एउटा महत्वपूर्ण समिति हो । स्थानीय तहमा बेरुजु आउन नदिन होस् चाहे पुरानो

बेरुजु सम्परीक्षण गराउन त्यसमा लेखा समितिको सक्रियताले ठूलो अर्थ राख्छ । स्थानीय तहको नियमित गर्नुपर्ने बेरुजु त झन लेखा समितिमा छलफल गरी गाउँ सभाबाट निर्णय गराएपछि मात्र हट्ने व्यवस्था रहेको छ । त्यसका साथै बेरुजु कम गर्न आवस्यक निर्देशन दिने, असुल उपर गर्नुपर्ने बेरुजु सम्बन्धमा पत्राचार गर्ने, बेरुजुको अवस्था लगायतका विषयमा वार्षिक प्रतिवेदन गाउँसभामा पेश गरी छलफल गर्ने समेतका काममा लेखा समिति सक्रिय रहन्छ । यसरी लेखा समिति जति सक्रिय रह्यो, बेरुजुको मात्रा त्यति कम हुँदै जान्छ ।

**१०. समयमै सम्परीक्षण गराउने**

बेरुजुको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र आवस्यक प्रमाणसहित मलेपको कार्यालयमा सम्परीक्षणका लागि कागजात पेश गर्नुपर्ने हुन्छ। ३५ दिनभित्र पेश गर्न नसकेमा पुनः३० दिनसम्मका लागि म्याद थप गर्न सकिन्छ। यसरी पेश गर्दा असुल गर्नुपर्ने भनेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्छ ।

**११. अन्य**

1. खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई लागु गर्ने ।
2. टुक्रे योजना छनोटलाई निरुत्साहित गर्ने ।
3. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई जोड दिने ।
4. अत्यावश्यक काम बाहेक पेश्की नदिने र समयमै फछ्र्यौट गर्ने ।
5. करका नियमहरू कडाइका साथ पालना गर्नेरगराउने ।
6. योजनारबजेट तर्जुमाका सम्पूर्ण चरणहरू पालना गर्ने ।
7. संघ प्रदेशलाई फिर्ता गर्नुपर्नेरबुझाउनुपर्ने रकम समयमै बुझाउने ।
8. आवश्यकता भन्दा बढी सामान खरिद नगर्ने र मौज्दात बाँकी नराख्ने।
9. खर्च लेख्दा सम्बन्धित शिर्षक यकिन गरेर मात्र खर्च लेख्ने ।
10. अनावश्यक भत्तालाई निरुत्साहित गर्ने।
11. भवन तथा सडक निर्माण सम्बन्धी मापदण्डको पालना गराउने।
12. प्राविधिक रूपमा जटिल मानिने कामहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन नगराउने।
13. त्रैमासिक रूपमा स्वत प्रकाशन गर्नुपर्ने सूचना प्रकाशन गर्ने।
14. कानुन बमोजिम सार्वजनिक सुनुवाई र वार्षिक समीक्षा नियमित गर्ने।
15. हेल्प डेस्कको स्थापना गरी सेवा लिने तरिकाबारे जानकारी गराउने।
16. कुनै नयाँ काम गर्दा सर्वदलीय,सर्वपक्षीय भेला बोलाई सबैसँग सहकार्य र समन्वयमा जोड दिने ।
17. सकारात्मक आलोचनाहरूलाई आत्मसाथ गरी सुधार गर्दै लै जाने ।
18. स्थानीय तहहरूबीच सिकाई अभ्यासहरू आदानप्रदान गर्ने ।
19. इन्धनको प्रयोग, सवारी मर्मत, खरिद प्रणालीलाई व्यवस्थित गर्ने ।
20. शाखा तथा कर्मचारीको प्रतिवेदन प्रणाली, विदा तथा काज जस्ता कुरालाई व्यवस्थित गर्ने ।
21. हरेक निर्णय र भुक्तानी गर्दा पर्याप्त छलफल र सम्बन्धित शाखाको राय अनिवार्य लिने ।

**बैजनाथ गाउँपालिकाको बेरुजुको अवस्था र समपरिक्षण तथा फर्छयौटको लागी भएका प्रयास**

| क्र.सं. | सैद्धान्तीक | नियमित | अशुलउपर | पेश्की | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७३/७४ को बेरुजु विवरण | | | | | |
| १ | ० | ९३४७९४० | ८२६६७६ | २८४८२५९ | १०९७१००० |
| आ.व. ०७४/७५ को बेरुजु विवरण | | | | | |
| २ | २८६१७२३ | २७०००००० | १३९९२८१ | ६०१६००० | ३७२७७००४ |
| आ.व. ०७५/७६ को बेरुजु विवरण | | | | | |
| ३ | ४५५१७६४ | ६४४२४७९ | ५२८१३५२ | १८२७६१६९ | ३४५५१७६४ |
| आ.व. ०७६/७७ को बेरुजु विवरण | | | | | |
| ४ | ३८५०९६३ | ६८४०९३१६ | २३५४०१ | १६५२००० | ७४१४७६८० |
| आ.व. ०७७/७८ को बेरुजु विवरण | | | | | |
| ५ | १७०४४४१५ | २३४१५५८४ | ४७६३५५२ | ५३७१४७८ | ५०५९५०२९ |

| आ.व. ०७८/७९ को बेरुजु विवरण | | | | | |
|---|---|---|---|---|---|
| ६ | ३४३२७४७३ | २५०७९०५७ | १७४२७७१ | २२७२४४६७ | ८३८७३७६८ |
| आ.व. ०७९/८० को बेरुजु विवरण | | | | | |
| ७ | २८०४४६९६ | ६०९९५४७७ | ५२२३१६७ | ७०८८२२१ | १०१३५१५६१ |

**२०८०।०८१ को बेरुजुको अवस्था**

१. प्रमाण पेश नभएको १९,५४४,८५१

२. अशुल १,५४१,०५२.१४

३. अनियमित ३५,५४८,०७३

४. पेश्की ७,०३८,११६

५. जम्मा ६१,१९४,०२९.६

**बेरुजु फछ्र्यौटको अवस्था**

- आ.व. ७३/७४ देखि आ.व. ०७८/७९ सम्म करिब ११ करोड गाउँसभा मार्फत फछ्र्यौटको तयारीमा रहेको।
- आ.व. ०७९/८० को ९ करोड ६१ लाख सभा समक्ष पेश भईसकेको र फछ्र्यौटको तयारीमा रहेको।
- आ व २०८०।०८१ को करिब ६करोड ५५लाख बेरुजु गाउँ सभामा पेश गर्न लेखा समितिले प्रतिवेदन तयार गरेको छ।
- हालसम्म कायम भएको जम्मा बेरुजु ३१ करोड २२ लाख २६ हजार कायम रहेको छ।
- आ व २०७३ ।०७४ देखि हाल सम्म कायम भएको बेरुजु रकम अशुल तथा फर्छयौट गर्न विभिन्न ब्याक्ति संस्था कर्मचारी निर्माण कम्पनी ठेकेदार र उपभोक्ता समितिलाई परि पत्र गरी गरिएको र यस बर्ष २,४७८,०६२.५४ प्रारम्भिक प्रतिक्रया बाट फर्छयौट भएको छ। भने १,७२,२६,९७६ सम परिक्षण बाट फर्छयौट भएको छ।

स्रोतः महालेखा परिक्षकको कार्यालयले तयार पारेको अन्तिम प्रतिवेदनहरु

## आफ्नो स्वास्थ्य प्रति सजकता अपनाऔं

- ✓ खाना खानुभन्दा अघि साबुन पानीले मिचिमिची हात धोऔं।
- ✓ दिसापिसाब गर्न शौचालयको अनिवार्य रूपमा प्रयोग गरौं।
- ✓ सरुवा रोगबाट बालबालिकालाई जन्मेको १५ महिनाभित्र सम्पूर्ण खोप पूरा गरौं।
- ✓ पोषिलो खाना खाऔं, खुवाऔं र स्वस्थ बनौं।
- ✓ मध्यपान र धुम्रपानबाट टाढै रहौं।
- ✓ वर्षातको समय र मौसम परिवर्तन हुने समयमा विशेष सावधानी अपनाऔं।
- ✓ स्वस्थ्यकर आनीबानी अपनाऔं।
- ✓ पोषणयुक्त खानाको घरमै उत्पादन र उपयोग बढाऔं।
- ✓ आयोडिनयुक्त नुनको प्रयोग गरौं।
- ✓ लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं र घरको वरिपरि पानी जम्ने खाडलहरू पुरौं।



बैजनाथ गाउँपालिका वडा नम्बर ७ पेडारीमा जग्गा नापजाँच शुभारम्भ गरिदै ।

# उत्साहित बैजनाथका भूमिहिन, सुकुम्बासी

*आर्थिक वर्ष २०८०/०८१ को अन्तिमतिर बैजनाथ गाउँपालिकाले 'सहिद' बैजनाथ थारु जन्मेको ठाउँ वडा नम्बर ७ को पेडारीबाट नापजाँच सुरु गरेको थियो । त्यसपछि खारेज भएको आयोग केही महिनासम्म पदाधिकारी बिहिन बन्न पुग्यो । सत्ता परिवर्तन भएसँगै नयाँ गठित भूमि आयोगले बाँकेमा पुनः काम थाल्दा रोकिएकै स्थान बैजनाथको पेडारीबाटै आर्थिक वर्ष २०८१/०८२ मा पनि नापजाँच सुरु गरिएको छ ।*

✍ गाउँमा जग्गा नापजाँचको काम सुरु भएपछि बैजनाथ-७ पेडारीका सन्तकुमार थारुको मनमा खुसीको सिमा नै छैन । जग्गा नापजाँच गराएर सरकारबाट लालपुर्जा लिने उहाँको ठुलो धोको छ । भूमि आयोगले यसपटक पुनः जग्गा नापजाँच गरेपछि मनमा आशा पलाएको सन्तकुमार बताउनु हुन्छ । 'जग्गा पाउने आशा फेरी जागेर आएको छ,' उहाँले भन्नुभयो । बैजनाथ गाउँपालिकाले भूमी आयोगसँग समन्वय गरेर जग्गा नापजाँच गर्ने कार्यमा सकारात्मकम भूमिका खेलेको उहाँको बुझाई छ ।

सोही गाउँका थारु समुदायका बडघर मुक्तिप्रसाद थारुले पनि जग्गा नापजाँचको कामलाई सकारात्मक रुपमा लिनु भएको छ । आफ्नो गाउँमा करिब अढाई सयको हाराहारीमा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अब्यवस्थित बसोबासी रहेको उहाँले बताउनु भयो । 'जग्गा नापजाँचको काम सुरु हुँदा अहिले खुसी लागेको छ, तर भूमिहिन सुकुम्बासीहरुलाई जसरी पनि लालपुर्जा दिइयोस्,' बडघर मुक्तिप्रसाद भन्नुहुन्छ ।

अघिल्लो वर्ष जग्गा नापजाँच सुरु गरेकै भोलिपल्ट संघिय सरकारले भूमि आयोगलाई खारेज गर्‍यो । यसले गर्दा बैजनाथका भूमिहिन, सुकुम्बासीलाई मुखमै आएको गाँस फुत्केझैं भयो । आर्थिक वर्ष २०८०/०८१ को अन्तिमतिर बैजनाथ गाउँपालिकाले 'सहिद' बैजनाथ थारु जन्मेको ठाउँ वडा नम्बर ७ को पेडारीबाट नापजाँच सुरु गरेको थियो । त्यसपछि खारेज भएको आयोग केही महिनासम्म पदाधिकारी बिहिन बन्न पुग्यो ।

सत्ता परिवर्तन भएसँगै नयाँ गठित भूमि आयोगले बाँकेमा पुनः काम थाल्दा रोकिएकै स्थान बैजनाथको पेडारीबाटै आर्थिक वर्ष २०८१/०८२ मा पनि नापजाँच सुरु गरिएको छ । जग्गा नापजाँचको काम थालनी हुँदा बैजनाथका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासी उत्साहित भएका छन् ।

गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाही राम्रो कामको




**बैजनाथ गाउँपालिका वडा नम्बर ६ मा जग्गा नापजाँच गरिदै ।**

सुरुवात जहिले पनि बैजनाथ-७ बाट आफुहरुले गर्दै आएकोमा यो वर्षपनि जग्गा नापजाँचको काम सोही वडाबाट सुरु गरिएको बताउनुहुन्छ । २००७ सालको आन्दोलनका क्रममा बैजनाथ थारु सहिद भएका थिए । 'आयोगले गरेको काममा हामीले सहजीकरण गरिरहेका छौं, उहाँले भन्नुहुन्छ, 'भूमि सम्बन्धी समस्या बैजनाथबाट अन्त्य गर्ने अभियानका साथ हामी जुटेका छौं ।'

भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने काममा सबै राजनीतिक दलले अपनत्व लिनुपर्ने अध्यक्ष शाही बताउनुहुन्छ । 'सानातिना विवादमा कोही पनि अल्झिनु हुदैन, नापजाँच गरिसकेपछि पनि धेरै चरणहरु पार गर्नुपर्छ,' उहाँले भन्नुभयो । जग्गा नापजाँको कामलाई छिटो, छरितो गर्न गाउँपालिकाले प्राविधिक जनशक्ती थपेर काम अगाडी बढाइएको जनाएको छ । बैजनाथ गाउँपालिकाको वडा नम्बर ४, ६ र ७ मा एकैसाथ नापजाँचको काम गरिएको छ । 'हामीले ६ नम्बर, ४ नम्बर र ७ नम्बर वडाबाट एकैचोटी तीन वटा स्टेशन मेसिनसहित जनशक्ती ल्याएर हामीले काम गरेका छौं, पहिला प्वाइन्ट र कित्ता छुट्याएपछि हामीलाई नापजाँच गर्न सजिलो हुन्छ, हामीले संकलनकर्ता देखी लिएर सहयोगी सबैलाई ब्यवस्थापन खर्च, सबै गरेर लालपुर्जा बाँड्नुपर्छ भनेर लागेका छौं,' अध्यक्ष शाहीले भन्नुभयो ।

तथ्यांक अनुसार बैजनाथ गाउँपालिकाभरी कुल १० हजार १ सय १२ परिवार भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासी रहेका छन् । यि मध्ये ७ हजार ५ सय ७४ परिवार अव्यवस्थित बसोबासी, १ हजार ६ सय ८ परिवार भूमिहिन सुकुम्बासी र ९ सय ३० परिवार भूमिहिन दलित रहेका छन् ।

बैजनाथ-७ का वडाअध्यक्ष दिनेशकुमार थारु जनताका लागि बोल्ने भन्दा पनि काम गरेर देखाउनुपर्ने बताउनुहुन्छ । 'जग्गा नापजाँचको काम छिटो भन्दा छिटो सम्पन्न गरेर रिजल्ट ल्याउनुपर्छ,' उहाँ भन्नुहुन्छ, 'जनताले धेरै वर्षदेखी आशा गरेर बसेका छन् ।' बैजनाथ-४ का वडाअध्यक्ष प्रेमबहादुर शाही दोस्रोपटक नापजाँचको काम सुरु हुँदा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अब्यवस्थित बसोबासीमा केही उत्साह थपिएको बताउनुहुन्छ । 'बर्षौदेखी लालपुर्जा पाउने आशामा बसेका जनतामा एक खालको उत्साह थपिएको छ,' उहाँले भन्नुभयो, 'सरकारले भूमी सम्बन्धी समस्यालाई चाडो भन्दा चाडो समाधान गर्नु नै उत्तम हुन्छ ।'

आयोग बाँकेका अनुसार जिल्लाभर ५३ हजार ७ सय ५ जना भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासी रहेका छ । यि मध्ये ४३ हजार २ सय २६ परिवार अव्यवस्थित बसोबासी, ६ हजार ७ सय ९८ परिवार भूमिहिन सुकुम्बासी र ३ हजार ६ सय ८१ परिवार भूमिहिन दलित रहेको आयोगले जनाएको छ । आयोग बाँकेका अध्यक्ष घननाथ खनालले बैजनाथ गाउँपालिकासहित कोहलपुर नगरपालिका र राप्ती सोनारी गाउँपालिकाका अधिकांस वडामा आर्थिक वर्ष २०८१/०८२ मा जग्गा नापजाँच चलेको बताउनुभयो । 'यि पालिकाहरुमा जग्गा नाप जाँचको काम गरेका छौं, केही वडाहरुमा लालपुर्जा वितरण गर्ने आयोगको योजना पनि छ,' उहाँ भन्नुहुन्छ ।




नौवस्ता औद्योगिक क्षेत्रमा डोजर प्रयोग गरेर जग्गा सिमांकन गरिदै ।

# नौवस्ता औद्योगिक क्षेत्र विस्तारमा स्थानीय सरकारको अग्रसरता

*स्थानीय सरकारको अग्रसरतामा स्थानीय बासिन्दासँग सहमती भएपछि संघिय सरकारको उद्योग मन्त्रालय अन्तर्गत रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले आफ्नो जग्गा सिमांकन गरेर निर्माणको प्रक्रिया अगाडी बढायो । उक्त कम्पनीले नौवस्ता औद्योगिक क्षेत्र निर्माण स्थल वरिपरी बाटो खोलेर घेराबार लगाएको छ ।*

✍बैजनाथ गाउँपालिका वडा नम्बर ३ मा निर्माण गर्न लागिएको 'नौवस्ता औद्योगिक क्षेत्र' को सिमांकन यसपटक सहमतीबाटै गरियो । जग्गा सिमांकन गर्न खोज्दा यसअघि पटक-पटक विवाद भएपनि बैजनाथ स्थानीय सरकारको अग्रसर तामा विवाद समाधान गरी सहमतीबाटै सिमांकन गरिएको हो ।

स्थानीय सरकारको अग्रसरतामा स्थानीय बासिन्दासँग सहमती भएपछि संघिय सरकारको उद्योग मन्त्रालय अन्तर्गत रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले आफ्नो जग्गा सिमांकन गरेर निर्माणको प्रक्रिया अगाडी बढायो । उक्त कम्पनीले नौवस्ता औद्योगिक क्षेत्र निर्माण स्थल वरिपरी बाटो खोलेर घेराबार लगाएको छ ।

बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाही नौवस्ता औद्योगिक क्षेत्र बनाउन स्थानीय सरकारलाई पनि हुटहुटी रहेकाले यसमा आफुहरुको सक्रियता रहेको बताउनुहुन्छ । 'यो नेपाल सरकारको लुम्बिनी प्रदेशकै गौरवको एउटा महत्वपूर्ण आयोजना हो, सबैभन्दा नजिकको सरकार नै बैजनाथ गाउँपालिका हो, स्थानीय सरकारको नेतृत्व हामीले गरिरहेको हुँदा यो समस्यालाई समाधान गर्नैपर्ने अवस्था थियो,' उहाँ भन्नुहुन्छ, 'जनताहरु २०२८ सालदेखी यहाँ बस्दै आएका छन, बस्ती व्यवस्थापनसँगै औद्योगिक क्षेत्र बन्नुपर्छ भन्नेमा स्थानीय सरकारको स्पष्ट मान्यता छ ।'

गाउँपालिकाको समन्वयमा जनताका लागि ५५ दशमलभ ६ विघा जमिन छाडेर औद्योगिक क्षेत्र निर्माणको प्रक्रिया बढ्नु नै महत्वपूर्ण उपलब्ध भएको अध्यक्ष शाही बताउनुहुन्छ । उहाँले अगाडी भन्नुभयो, 'औद्योगिक क्षेत्र बाहिर जनतालाई भूमी आयोगको नीति अनुसार दिनुपर्ने जग्गालाई छाडेर



**नौवस्ता औद्योगिक क्षेत्रमा उत्पन्न विवाद मिलाउन जिल्ला प्रशासन कार्यलयमा बसेको बैठक ।**


सिमांकन गरिएको छ, त्यसमा बाटोको ट्र्याक निकालिसकेका छौं, यो एउटा महत्वपूर्ण उपलब्धी नै हो, हामीले यसलाई अझै छिटो काम गर्नुपर्छ भनेर भनेका छौं ।' औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेडबाट नेपाल सरकारको नाममा ल्याएर जनतालाई जमिन बाँड्ने प्रक्रिया अगाडी बढाईदिन आफुहरु पटक-पटक काठमाडौं डेलिगेशन गएको अध्यक्ष शाही स्मरण गर्नुहुन्छ ।

स्थानीय सरकारको नेतृत्वमा आईसकेपछि आफुले नौवस्ता औद्योगिक क्षेत्र समयमै बन्नुपर्छ र स्थानीय बासिन्दाको बस्तीलाई पनि ब्यवस्थापन गर्नुपर्छ भनेर निरन्तर विभिन्न निकायमा डेलिगेशन, छलफल गरेको उहाँ बताउनुहुन्छ । 'मानव बस्तीलाई ब्यवस्थापन नगरेर कसका लागि औद्योगिक क्षेत्र निर्माण गर्ने ? जब मानव बस्ती नै हुदैन भने के का लागि आर्थिक समृद्धि ल्याउने ?' शाहीले भन्नुभयो 'मानव बस्तीको पनि ब्यवस्थापन होस्, औद्योगिक क्षेत्रपनि बनोस् भनेर नै हामीले यो कार्यमा आफ्नो सक्रियता निरन्तर रुपले बढाएका हौं ।' फलस्वरुप, मानव बस्ती ब्यवस्थापनसँगै आर्थिक वर्ष २०८१/०८२ बाट नौवस्ता औद्योगिक क्षेत्र निर्माण प्रक्रिया अगाडी बढेको उहाँ बताउनुहुन्छ ।

सरकारले २०७२ चैत १ गतेको मन्त्रि परिषद बैठकबाट बाँकेको नौवस्तामा लुम्बिनी प्रदेश अन्तर्गतको औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको थियो । घोषणा पश्चात सरकारले २०७५ कात्तिक ७ गते औद्योगिक क्षेत्र परियोजना कार्यालय स्थापना गरेको थियो । बैजनाथ गाउँपालिका वडा नम्बर ३ का वडाअध्यक्ष निखिल बैगार नौवस्ता औद्योगिक क्षेत्र बैजनाथको समृद्धिसँग जोडिएको बताउनुहुन्छ ।

'बैजनाथको समृद्धिका लागि नौवस्ता औद्योगिक क्षेत्र पनि एउटा महत्वपूर्ण पूर्वाधार हो, यहाँ भित्र भएको विवादलाई समाधान गरेर हामी औद्योगिक क्षेत्रको कामलाई अगाडी बढाउन लागिपरेका छौं,' उहाँले भन्नुभयो । औद्योगिक क्षेत्र निर्माण सम्पन्न भएपछि ठुलो संख्यामा स्थानीयले रोजगारी प्राप्त गर्ने र रोजगारीकै लागि विदेश जानुपर्ने बाध्यताको अन्त्य हुने वडाअध्यक्ष बैगारको विश्वास छ । बैजनाथ गाउँपालिकाका कार्यपालिका सदस्य कृष्णाकुमारी सुनार नौवस्ता औद्योगिक क्षेत्रले स्थानीयलाई रोजगारीसँगै आर्थिक समृद्धिसँग जोड्ने बताउनुहुन्छ ।

- **वन, जंगल र भू-संरक्षण गरौं । जथाभावी वन फडानी नगरौं ।**
- **नदी खोलामा अबैध रुपमा उत्खनन् नगरौं ।**



बैजनाथ गाउँपालिकाका राजश्व शाखा प्रमुख दिपाकुमारी वली।

# आन्तरिक राजश्व संकलनको अवस्था

*गाउँपालिकाको राजश्व परामर्श समितिका संयोजक समेत रहनु भएका उपाध्यक्ष निर्मला रोकायले राजश्व संकलनको मुख्य स्रोत भनेको भूमिकर/मालपोत भएको बताउनुभयो ।*

बैजनाथ गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न १८ वटा शिर्षकबाट राजश्व संकलन गरेको छ। उक्त आर्थिक वर्षको साउनदेखी जेठ मसान्त सम्म २ करोड ५१ लाख ९४ हजार ७ सय ७७ रुपैयाँ राजश्व संकलन भएको छ। अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिकाले २ करोड ८५ लाख ८५ हजार ८६ हजार ३ सय ३१ रुपैयाँ संकलन भएको थियो।

गतवर्ष गाउँपालिकाले मानखोलामा ठेक्का सञ्चालन गरेको थियो। हरेक वर्ष आलोपालो ठेक्का सञ्चालन हुने मानखो लामा आर्थिक वर्ष २०८१/०८२ का लागि बर्दियाको बाँसगढी नगरपालिकाले सञ्चालन गरेको छ। गतवर्ष खोलाको ठेक्काबाट गाउँपालिकालाई १० लाख २४ हजार ८ सय ८७ रुपैयाँ राजश्व प्राप्त भएको थियो । आर्थिक वर्ष २०८१/०८२ मा साउनदेखी जेठ मसान्त सम्मको रिपोर्ट हेर्दा सबैभन्दा बढी भूमिकर/मालपोत वापत ९३ लाख ८९ हजार ५ रुपैयाँ संकलन भएको छ।

यस्तै सिफारिस दस्तुर वापत ४६ लाख ६५ हजार ३ सय ५० रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्क वापत ३१ लाख ४८ हजार ९ सय ८८ रुपैयाँ संकलन भएको छ। गाउँपालिकाले नक्सा पास दस्तुरबाट १५ लाख ५३ हजार २ सिय ७० रुपैयाँ, वहाल विटौरी कर वापत १३ लाख ५६ हजार ४ सय ४८, वहाल कर वापत ११ लाख ३३ हजार ५ सय २४, सम्पत्ती करबाट १० लाख ४ हजार ४ सय २९ रुपैयाँ संकलन भएको छ।

बेरुजु फर्च्यौटबाट ८ लाख ९५ हजार ८ सय ५९ रुपैयाँ राजश्व संकलन भएको छ। ब्यक्तिगत घटना दर्ता दस्तुर वापत ६ लाख ५३ हजार ४ सय ८० रुपैयाँ, शिक्षा क्षेत्रको आम्दानी वापत १ लाख ६५ हजार ६ सय, अन्य कर वापत ८१ हजार १ सय २१ रुपैयाँ, परीक्षा शुल्कबाट ६२ हजार २ सय, अन्य

दस्तुरबाट ४८ हजार, प्रशासनिक दण्ड जरिवाना र जफतबाट ४७ हजार, न्यायिक दस्तुरबाट १२ हजार, अन्य राजश्वबाट ३ हजार र नाता प्रमाणित दस्तुर वापत ३ सय रुपैयाँ राजश्व संकलन भएको राजश्व शाखा प्रमुख दिपाकुमारी ओलीले बताउनुभयो ।

गाउँपालिकाको राजश्व परामर्श समितिका संयोजक समेत रहनु भएका उपाध्यक्ष निर्मला रोकायले राजश्व संकलनको मुख्य स्रोत भनेको भूमिकर/मालपोत भएको बताउनुभयो । बैजनाथले गतवर्ष खोलामा ठेक्का खोलेपनि यसवर्ष ठेक्का न रहेकाले राजश्व केही घटेको बताउनुभयो । वन तथा वातावरण समितिका संयोजक एवम् कार्यपालिका सदस्य मञ्जु ओलीले गाउँपालिकाको आन्तरिक राजश्व संकलन घटबढ भइरहने बताउनुहुन्छ । खोलामा ठेक्का सञ्चालन हुँदा गाउँपालिकालाई केही राजश्व प्राप्त हुने र त्यसले स्थानीय खर्च ब्यवस्थापनमा टेवा पुग्ने उहाँले बताउनुभयो ।

गाउँपालिकाका लेखा शाखा प्रमुख पूर्णप्रसाद जैसीका बिचारमा राजस्व संकलनका बारेमा जानकारी लिनका लागि अनुगमन, नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने,राजश्व संकलन कार्यमा संलग्न पदाधिकारी र कर्मचारीहरुको क्षमता बिकासका साथै संस्थागत क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने, आर्थिक वर्षको सुरुमा नै ठेक्का खोल्ने, कानुन बमोजिम राजश्व र कम दाखिला गर्ने/गराउने, आवश्यक आर्थिक ऐन, नीति, नियम, कार्यविधी कानुन तर्जुमा र कार्यान्वयन गर्ने, करको दायरा वृद्धि गरी सबै प्रकारका करदातालाई करको दायरामा ल्याई कर, शुल्क र दस्तुर संकलनको व्यवस्था लगायतका कार्यहरु गर्नुपर्छ ।

यस्तै स्थानीय तहभित्र सञ्चालन हुने साना, मझौला र ठुला सबै किसिमका आर्थिक क्रियाकलाप तथा गतिविधि सञ्चालन गर्ने उद्योगी व्यवसायीहरूलाई करको दायरामा ल्याउनुपर्ने, करदाता शिक्षा अभियान, कर उत्प्रेरणा र करदाता मैत्री राजस्व प्रशासनको व्यवस्था गर्ने, करदाताको वास्तविक लगत र अधिलेख राख्ने, कर तिर्नको लागि प्रोत्साहनात्मक कार्यक्रम सञ्चालन गर्ने, राजश्व सुधार कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने, करको दर निर्धारण गर्दा सम्बन्धित सरोकार वालाहरुसँग पर्याप्त छलफल गरी दर निर्धारण गर्नुपर्छ ।

यसैगरी स्थानीय राजस्व परामर्श समितिको यथाशिघ्र पूर्णता दिई बस्तुनिष्ठ विश्लेषण गरेर विश्वसनीय र वास्तविक राजश्वका दर र दायरा मात्र निर्धारण गरि आन्तरिक राजश्वको अनुमान गर्नु पर्ने, राजश्वमा सम्पत्ति करको हिस्सा बढाउनुपर्ने, राजश्व अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुको साथै स्वच्छ, तटस्थ, पारदर्शी एवं समन्यायिक कर प्रणालीको विकास गर्ने, अनुगमन प्रणालीलाई सुदृढीकरण गरि पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने, बस्ती तथा टोलमा कर सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, प्रचार प्रसारका लागि सञ्चार माध्यमसँग सहकार्य गर्नुपर्छ ।

'गाउँपालिकाको आफ्नै आर्थिक कार्यविधि कानुन नहुनु, स्थानीय तहका क्षेत्राधिकारका धेरै करका शिर्षकहरु करको दायरामा ल्याउन नसकिनु, अन्य पालिकाका असल अभ्यासको अनुशरण गर्न नसकिनु कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गर्न नसिकनु, राजश्व सुधार योजनाको अभाव हुनु जस्ता कुराहरु समस्याको प्रमुख कारण हुन्,' लेखा शाखा प्रमुख जैसीले भन्नुभयो 'आन्तरिक आय संकलन कार्यलाई बृद्धि गर्न सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिन्छ ।'

गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले स्थानीय स्रोत बृद्धिका लागि विभिन्न प्रयास गरिरहेको बताउनुहुन्छ । गाउँपालिकामा स्थानीय स्रोत बृद्धिका निम्ती कर संकलनको दायरालाई बढाइएको उहाँको भनाई छ । 'आर्थिक समृद्धिका निम्ति एउटा चाही कर उठाएर, अर्को कुरा कसैलाई कार्यक्रममा दिएर त्यसबाट कर संकलन गर्ने गरेका छौं, किसानलाई विभिन्न सामानमा अनुदान दिएका छौं, अनुदान पाएका किसानले फर्म दर्ता गर्नु भएको छ,' शाहीले भन्नुभयो, 'व्यवसाय फर्म दर्ता, नविकरणबाट पनि राजश्व संकलन हुन्छ, जनताको पनि आर्थिक बृद्धि गरिरहेका छौं ।'

## ध्यान दिनुपर्ने कुराहरू

- ✓ जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र बनाऔं ।
- ✓ ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका ब्यक्तिहरुका लागि वितरण गरिने भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
- ✓ लैङ्गिक हिंसाको विरोध गरौं ।
- ✓ वालवालिकालाई विद्यालय पठाऔं, काममा नलगाऔं
- ✓ वालविवाह न्यूनीकरण गरौं, छोराछोरीलाई भेदभाव नगरौं ।
- ✓ वालवालिकामैत्री गाउँपालिका बनाउन प्रतिबद्ध बनौं ।



बाँकेको बैजनाथ गाउँपालिका वडा नम्बर १ चिसापानीमा रहेको खुल्ला ब्यायामशाला।

# खुल्ला ब्यायामशालाप्रति नागरिकको आर्कषण

*गाउँपालिकाले आफ्ना ८ वटै वडामा खुल्ला ब्यायामशाला निर्माण गरेर नागरिकको स्वास्थ्यप्रति सजह रहेको देखिएको छ । यसका लागि गाउँपालिकाले विभिन्न सामाग्री सहितको खुल्ला ब्यायामशाला निर्माण गरेको हो । गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ बाट सुरु गरेको खुल्ला ब्यायामशाला निर्माण योजनालाई आर्थिक वर्ष २०८१/०८२ मा पनि निरन्तरता दियो ।*

आफ्ना नागरिकलाई तन्दुरुस्त बनाउन बैजनाथ गाउँपालिकाले गरेको एउटा महत्वपूर्ण कार्य हो, 'खुल्ला ब्यायामशाला' निर्माण । गाउँपालिकाले आफ्ना ८ वटै वडामा खुल्ला ब्यायामशाला निर्माण गरेर नागरिकको स्वास्थ्यप्रति सजह रहेको देखिएको छ। यसका लागि गाउँपालिकाले विभिन्न सामाग्री सहितको खुल्ला ब्यायामशाला निर्माण गरेको हो।

गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ बाट सुरु गरेको खुल्ला ब्यायामशाला निर्माण योजनालाई आर्थिक वर्ष २०८१/०८२ मा पनि निरन्तरता दियो। अघिल्लो आर्थिक वर्षमा गाउँपालिकाले वडा नम्बर १ स्थित चिसापानी र वडा नम्बर ६ मा सम्पन्न गरेको थियो। आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले बाँकी रहेका ६ वटा वडामा खुल्ला ब्यायामशाला निर्माणको काम सम्पन्न गरुको योजना शाखा प्रमुख डोटी नेपालीले बताउनुभयो। उहाँका अनुसार उक्त आर्थिक वर्षमा बाँकी रहेका ६ वटा वडामा ९ लाख रुपैयाँका दरले खुल्ला ब्यायामशाला निर्माण गरिएको छ । 'निर्माण सम्पन्न भएका कतिपय खुल्ला ब्यायामशालामा सामाग्री ब्यवस्थापन गर्नुपर्ने अवस्था छ, केहीमा सामान भएर पनि सर्बसाधारण नागरिकका लागि प्रयोग गर्न खुल्ला गरिएको छ,' उहाँले भन्नुभयो।

बैजनाथ गाउँपालिका वडा नम्बर १ का वडाअध्यक्ष रुपबहादुर मल्लले खुल्ला ब्यायामशाला बनेपछि धेरैलाई सजिलो भएको बताउनुभयो । 'खुल्ला ब्यायामशाला बनेपछि बृद्धबृद्धा, महिला, बालबालिका आएर शरिर चलाउँछन्,' उहाँले भन्नुभयो, 'विशेषगरी प्यारालाईसिस् भएका बिरामीलाई खुल्ला ब्यायामशालाले ठुलो राहत दिएको छ।'

नियमित रुपमा ब्यायाम गर्दा धेरैको स्वास्थ्यमा सुधार आएको पनि वडाअध्यक्ष मल्ल बताउनुहुन्छ । निर्मित खुला ब्यायामशालालाई वडा कार्यालयले नै संरक्षण गर्ने गरी सञ्चालन भइरहेको उहाँले सुनाउनु भयो। 'जो मर्निङ वाकको लागि टाढा हिडेर जान सक्दैनन्, उनीहरुको लागि खुल्ला ब्यायामशाला निकै उपयोगी बनेको छ,' वडाअध्यक्ष मल्लले भन्नुभयो। बैजनाथ-६ का वडाअध्यक्ष भुपाल पुनमगर आफ्नो वडामा निर्मित खुल्ला ब्यायामशाला प्रयोगमा आईरहेको बताउनुहुन्छ । 'बिहान र बेलुकातिर खुल्ला ब्यायामशालामा बढी भिडभाड भएको देख्छौं, एकदमै उपयोगी देखिएको छ,' उहाँले भन्नुभयो।

गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीका अनुसार बालबालिका, जेष्ठ नागरिक, किशोर किशोरी लगायत सम्पूर्ण युवालाई स्वस्थ र तन्दुरुस्त बनाउनका लागि खुल्ला ब्यायामशाला स्थापना गरिएको हो । 'सबैले सहज रुपमा प्रयोग गर्न सक्छन्, यसको प्रयोगले सुगर, प्रेसर लगायत विभिन्न किसिमका नसर्ने रोगहरुको पनि कमी हुने हुँदा स्थापना गरिएको हो,' अध्यक्ष शाहीले भन्नुभयो।



बैजनाथमा आयोजित विपद पूर्वतयारी तथा प्रतिकार्य तालिमका सहभागीहरु।

# विपद ब्यवस्थापन : स्थानीय सरकारको सक्रियता

*बैजनाथ गाउँपालिकाले यसका लागि विपद ब्यवस्थापन समिति नै बनाएको छ। गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीको अध्यक्षतामा रहेको समितिमा जनप्रतिनिधी, विभिन्न सरोकारवाला निकायहरु सदस्य हुनुहुन्छ, भने फोकल पर्सनको जिम्मेवारी गाउँपालिकाका प्रशासन प्रमुख तप्तराज आचार्यलाई दिइएको छ।*

✍ गाउँपालिकाको विकास निर्माणमा मात्र नभएर भैपरी आउने विपदमा पनि स्थानीय सरकारको उतिकै सक्रियता रहेको छ। बैजनाथ गाउँपालिकाले यसका लागि विपद ब्यवस्थापन समिति नै बनाएको छ। गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीको अध्यक्षतामा रहेको समितिमा जनप्रतिनिधी, विभिन्न सरोकारवाला निकायहरु सदस्य हुनुहुन्छ, भने फोकल पर्सनको जिम्मेवारी गाउँपालिकाका प्रशासन प्रमुख तप्तराज आचार्यलाई दिइएको छ।

गाउँपालिका स्तरमा रहेको उक्त समितिको मातहतमा रहने गरी वडा स्तरमा पनि वडाअध्यक्षको अध्यक्षतामा विपद ब्यवस्थापन समिति सक्रिय रहेको छ। गाउँपालिका स्तरीय विपद ब्यवस्थापन समितिका फोकल पर्सन आचार्यका अनुसार विपद आईसकेपछि उद्धार, राहत र पुर्नस्थापनाको कामलाई प्राथमिकतामा राखेर काम अगाडी बढाईन्छ। 'सबैभन्दा पहिला हामीले पूर्वतयारी गर्नुपर्ने हुन्छ, पूर्वतयारीको लागि बैजनाथ गाउँपालिकाले विपद प्रतिकार्य योजना बनाएको छ, विपदसँग सम्बन्धित ऐनहरु तयार गरेको छ,' फोकल पर्सन आचार्यले भन्नुभयो।

विपद आईसकेपछि समिति गठन, सामान गर्ने काम नहोस् भनेर पुर्वतयारी गरिएको हो। फोकल पर्सन आचार्यले अगाडी भन्नुभयो, 'केही सामाग्रीहरुको ब्यवस्थापन गरेका छौं, केही जनशक्तीको ब्यवस्थापन गरेका छौं।' उक्त गाउँपालिकाले प्रकोप ब्यवस्थापन कोषमा ७० लाख रुपैयाँ जम्मा गरिएको जनाएको छ।

सोही कोषबाट तत्काल राहत दिने र सामाग्री ब्यवस्थापनको काम गर्ने गरिएको स्थानीय विपद ब्यवस्थापन समितिले जनाएको छ। सामाग्रीहरुमा विशेषगरी त्रिपाल, लाइफ ज्याकेट, ट्युव, डोरी लगायत रहेका छन्। गाउँपालिकाले विपदमा परेका नागरिकलाई राहत उपलब्ध गराउनको लागि आर्थिक कोषको पनि ब्यवस्था गरेको छ।

विपद ब्यवस्थापन गर्नका लागि रेडक्रस, बि.ग्रुप गैरसरकारी निकायलाई गाउँपालिकामा जोडिएको छ। यस्तै गाउँपालिकामा रहेका सरकारी निकायका, सामाजिक संघ, संस्था, महिला स्वास्थ्य स्वयं सेविका, कर्मचारी लगायतलाई पनि जोडिएको छ।



बैजनाथमा आयोजित विपद पूर्वतयारी तथा प्रतिकार्य तालिम ।

स्थानीय विपद ब्यवस्थापन समितिका सदस्य एवम् नेपाल रेडक्रस सोसाइटी बैजनाथ उपशाखा सभापति प्रकाशचन्द्र चौधरीले आर्थिक वर्ष २०८१/०८२ मा बैजनाथ गाउँपालिकाको सहयोगमा विपद पूर्वतयारी सम्बन्धी तालिम सञ्चालन गरिएको बताउनु भयो । उहाँका अनुसार कुनैपनि विपद प्रतिकार्यका लागि स्वयं सेवक तयार गरिएको छ । विपद पूर्वतयारी स्वरुप गाउँपालिकाका ८ वटै वडामा वडाअध्यक्ष, सुरक्षाकर्मी, विभिन्न सरोकारवालासहित तालिम सञ्चालन गरिएको रेडक्रस सभापति चौधरी बताउनुहुन्छ ।

'हामीले यसवर्ष स्वयं सेवक तयार गरेका छौं, विपद पूर्वतयारीका लागी ८ वटै वडामा तालिम चलायौं, यसले विपद विरुद्ध लड्न उर्जा जगाएको छ,' उहाँले भन्नुभयो । सभापति चौधरीका अनुसार बैजनाथ गाउँपालिका क्षेत्रमा बर्खायाममा विशेषगरी डुबान, कटान र पटानको समस्या छ । स्थानीय मानखोलाा, जेठी नाला लगायत खोलानालाले प्राकृतिक विपद निम्त्याउने गरेको छ । यस्तै हिउँद महिनामा सितलहर, गर्मीमा आगलागी र ताता हावा(लु) ले विपद निम्त्याउने गरेको छ ।

## साक्षर बनौं, निरक्षरता हटाऔं

- ✓ आफ्ना छोराछोरीलाई समयमै विद्यालय पठाऔं, सुरक्षित भविष्य निर्माण गरौं ।
- ✓ साक्षर अभिभावक हाम्रो गौरव ।
- ✓ साक्षर बनौं निरक्षरता हटाऔं ।
- ✓ विकासको पूर्वाधार बालबालिका हाम्रा भविष्यका कर्णधार ।
- ✓ बालबालिकालाई व्यवहारिक शिक्षा दिऔं ।
- ✓ बालबालिकालाई विद्यालय तिर आकर्षित गरौं ।
- ✓ अभिभावकले बालबालिकाको पढाईमा सहयोग गरौं ।


बैजनाथ गानमा शब्द र स्वर दिने तथा र लागो डिजाईन गर्नेलाई सम्मान गरिदै ।

# बैजनाथ गान र लोगो प्रयोगमा

*बैजनाथ गान र लोगोलाई गाउँपालिकाको नियमित गाउँ सभाको १७ औँ अधिवेशनमा औपचारिक रूपमा सार्वजनिक गरियो । बैजनाथ गानमा आचार्य दामोदर उपाध्यायको शब्द, सपना शाही र प्रताप दासको स्वर तथा विनोद विश्वकर्माको लय रहेको छ । यस्तै लोगोलाई महेश अधिकारीले डिजाईन गर्नु भएको हो ।*

सुगन्ध भई फैलिएको पेडारीको माटो
देखाउनलाई हामीलाई उन्नतिको बाटो ।
मानखोला हो मेरुदण्ड चिसापानी शिर
अति राम्रो नौबस्ता र गाभर भ्यालीतिर ।
थरीथरी जाति, धर्म एकतामा फुल्छन् ।
हाँसी खुसी रमाउन पर्यटक डुल्छन् ।
समृद्धिले सजाएर झुकाउँछौं माथ
हाम्रो प्यारो गाउँपालिका जय बैजनाथ ।

माथीका यि शब्दहरु बैजनाथ गाउँपालिकाभित्रका सरकारी तथा सार्वजनिक निकायका साथै औपचारिक कार्यक्रममा दैनिकजसो गुञ्जिरहन्छन् । बैजनाथ गाउँपालिकाले पहिलोपटक प्रचलनमा ल्याएको 'बैजनाथ गान' हो, यो । गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा बैजनाथ गानसँगै आफ्नै लोगो प्रयोगमा ल्याएको छ ।

बैजनाथ गान र लोगोलाई गाउँपालिकाको नियमित गाउँ सभाको १७ औँ अधिवेशनमा औपचारिक रूपमा सार्वजनिक गरियो । बैजनाथ गानमा आचार्य दामोदर उपाध्यायको शब्द, सपना शाही र प्रताप दासको स्वर तथा विनोद विश्वकर्माको लय रहेको छ। यस्तै लोगोलाई महेश अधिकारीले डिजाईन गर्नु भएको हो ।

बैजनाथ गानको शब्द सिर्जना गर्न गाउँपालिकाको प्रस्ताव अनुसार ९ जना र लोगो बनाउन गरिएको प्रस्तावमा ४ जनाको प्रस्तावना आएको थियो । त्यसमध्येबाट उपाध्यायले सिर्जना गरेको शब्द र अधिकारीले तयार गरेको लोगो उत्कृष्ट भएको हो । गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले बैजनाथ गान प्रयोगमा आईसकेपछि बिद्यालय तथा विभिन्न सभा, कार्यक्रममा बजाउन थालिसकेको बताउनुभयो । बैजनाथ गान र लोगोमा गाउँपालिकाको भुगोल, सँस्कृति, इतिहास, कृषि, पर्यटन जस्ता कुरालाई झल्काएको बताउनुभयो । 'यसअघि प्रयोगमा आएको गाउँपालिकाको लेटरप्याडमा नेपाल सरकारको मात्र लोगो राखेका थियौं, आफ्नै लोगो प्रयोगमा आईसकेपछि एकातिर आफ्नै लोगो र अर्कोतिर नेपाल सरकारको लोगो राखेका छौं,' उपाध्यक्ष निर्मला रोकायले भन्नुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपानेले बताउनुभयो । बैजनाथ गाउँपालिकामा शिक्षण पेशामा आवद्ध रहनु भएका उपाध्याय र गायन पेशामै रहनु भएकी शाही कोहलपुर तथा अधिकारी बर्दियाको बाँसगढी निवासी हुनुहुन्छ । बाँकेका कुल ८ वटा स्थानीय तह मध्ये आफ्नै गान प्रयोगमा ल्याउने बैजनाथ जिल्लाकै पहिलो भएको छ ।

जिल्लाका अन्य कुनैपनि पालिकाले अहिलेसम्म आफ्नै गान प्रयोगमा नल्याएको प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपाने बताउनुहुन्छ। बैजनाथ गानमा शब्द र स्वर दिने तथा लोगो डिजाईन गर्नेलाई गाउँपालिकाले १७ औं अधिवेशनमा दोसल्ला ओढाएर नगद र सम्मानपत्र सहित सम्मान समेत गरेको प्रशासन शाखा प्रमुख तप्तराज आचार्यले बताउनुभयो ।



बैजनाथ गाउँपालिका वडा नम्बर १ का वडाअध्यक्ष रुपबहादुर मल्ल ।

# “नेतृत्वदायी भूमिका खेलिरहेका छौं”

*२०३५ सालतिरि तत्कालिन सरकारले रारा राष्ट्रिय निकुञ्ज विस्तार गर्दा त्यहाँबाट उठाएर ल्याएको सिंगो बस्तीको पनि यही वडाले प्रतिनिधित्व गर्छ । जहाँ विभिन्न जिल्ला थरी थरीका भाषा र जीवनशैली भएका ब्यक्तीहरु बसोबास गर्छन् । सोही वडामा रारा गाउँ नै नामाकरण गरिएको छ ।*

भुगोलका हिसाबले बैजनाथ-१ सबैभन्दा ठुलो वडा पनि हो। २०३५ सालतिरि तत्कालिन सरकारले रारा राष्ट्रिय निकुञ्ज विस्तार गर्दा त्यहाँबाट उठाएर ल्याएको सिंगो बस्तीको पनि यही वडाले प्रतिनिधित्व गर्छ। जहाँ विभिन्न जिल्ला थरी-थरीका भाषा र जीवनशैली भएका ब्यक्तीहरु बसोबास गर्छन्। सोही वडामा रारा गाउँ नै नामाकरण गरिएको छ।

'राराबाट उठेर आएको बस्ती पनि हाम्रै वडामा रहेको छ,' वडाअध्यक्ष रुपबहादुर मल्लले भन्नुभयो 'साविक चिसापानी गाविसलाई बाँके जिल्लाको कान्छो गाविस भन्छन्, बर्दियाको बेलुवा गाविस र बाँकेको नौवस्ता गाविसको केही भागलाई फुटालेर चिसापानी गाविस बन्यो, त्यही चिसापानी गाविस अहिले बैजनाथ-१ नम्बर वडाका रुपमा रहेको छ ।' उक्त वडामा मुगुको राराबासीसहित आदिवासी जनजाति थारु समुदायका साथै दैलेख, सुर्खेत, जाजरकोट, हुम्ला, जुम्ला लगायत जिल्लाबाट पनि बसाई सरेर यहाँ आएका छन् । 'पहिला यहाँका नागरिकको आ-आफ्नै भाषा र रहनसहन थियो, अहिले त एउटा समुदायको अर्को समुदायसँग नातागोता र बिबाहबारी चलेको हुँदा सबै मिलेर बसेका छन्,' वडाअध्यक्ष मल्ल भन्नुहुन्छ।

उक्त वडामा बैजनाथ गाउँपालिकाको समग्र पर्यटनका साथै स्वास्थ्य, शिक्षा जस्ता पुर्वाधार पनि पर्याप्त मात्रामा छन् । पर्यटनका हिसाबले चर्चित गाभर भ्याली सामुदायिक होमस्टे यही वडाभित्र पर्छन् । नेपालसहित विभिन्न देशबाट आउने बिद्यार्थीलाई सोही वडाको चिसापानीमा रहेको नेपालगन्ज मेडिकल कलेजबाट डाक्टर पढाइन्छ । बैजनाथ गाउँपालिकाको कुल ८ वटा वडा मध्ये १ नम्बर वडाले हरेक क्षेत्रमा नेतृत्वदायी भूमिका खेलिरहेको छ । 'हामी हरेक क्षेत्रमा अगाडी नै छौं भनेर दाबी गर्छौं, हरेक क्षेत्रमा बैजनाथ-१ ले नेतृत्वदायी भूमिका खेलिरहेको छ,' वडाअध्यक्ष मल्ल भन्नुहुन्छ। भौगोलिक रुपले ठुलो भएकाले पनि यहाँ गाउँपालिकाबाट वार्षिक रुपमा अन्य वडाको भन्दा धेरै बजेट विनियोजन गरिन्छ।

वडा कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले ७४ लाख ८७ हजार ४ सय ३० रुपैयाँ बजेट पाएको थियो। उक्त बजेटबाट वडाभित्र नयाँ बाटो कटिङ (रिडरोड), नाला, तटबन्धन, ग्राभेल, मन्दिर घेराबार, कल्भर्ट जस्ता पुर्वाधारमा खर्च गरिएको उहाँले बताउनु भयो। 'हाम्रो वडामा प्रायः खोलानाला बढी पर्छन्, त्यसैले हामीले कल्भर्ट, पुल, ह्युम पाइप, तटबन्धन र बाटो मा बढी बजेट खर्च गर्ने अवस्था छ,' मल्लले भन्नुभयो 'वडाको बजेटले भ्याएजति काम गर्छौं, ठुला पुर्वाधार बनाउन गाउँपालिका कार्यालयसहित प्रदेश र संघीय सरकारबाट पनि बजेट ल्याउँछौं ।'

उक्त वडाले आर्थिक वर्ष २०८०/०८१ मा १९ लाख २८ हजार ४ सय ८६ रुपैयाँ ५६ पैसा राजश्व संकलन गरेको थियो। आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्म २१ लाख ६२ हजार ६ सय ३१ रुपैयाँ ९४ पैसा संकलन गरिसकेको छ।



बैजनाथ गाउँपालिका वडा नम्बर २ का वडाअध्यक्ष राजु रुचाल ठकुरी ।

# भौतिकसँगै सामाजिक विकासलाई पछ्याउँदै

*वडाबासीको सपना पुरा गर्नकै लागि सबैभन्दा नजिकको स्थानीय सरकार वडा कार्यालयले विशेष चासो राख्दै आएको छ । वडाका जनप्रतिनिधिहरु वडाबासीसँग नियमित रुपमा सम्पर्कमा हुन्छन् । वडाअध्यक्ष राजु रुचाल भन्नुहुन्छ, 'हामी चौबिसैं घण्टा जनताको सेवामा हाजिर हुन्छौं, सबै वडासदस्यहरु पनि नियमित रुपमा वडा कार्यालयमा आउनु हुन्छ, सबैको जिम्मेवारी बाँडफाँड भएको छ ।'*

बैजनाथ गाउँपालिका वडा नम्बर २ मा पहाडी, चौधरी, दलित र जनजाती समुदायको मिश्रित बसोबास रहेको छ। सदियौंदेखी यि समुदाय मिलेर बसेका छन् । उनीहरु एकले अर्कालाई सहयोग गर्छन् । यसरी सिंगो वडालाई समृद्ध बनाउने वडाबासीको सपना छ।

वडाबासीको सपना पुरा गर्नकै लागि सबैभन्दा नजिकको स्थानीय सरकार वडा कार्यालयले विशेष चासो राख्दै आएको छ। वडाका जनप्रतिनिधिहरु वडाबासीसँग नियमित रुपमा सम्पर्कमा हुन्छन् । वडाअध्यक्ष राजु रुचाल भन्नुहुन्छ, 'हामी चौबिसैं घण्टा जनताको सेवामा हाजिर हुन्छौं, सबै वडासदस्यहरु पनि नियमित रुपमा वडा कार्यालयमा आउनु हुन्छ, सबैको जिम्मेवारी बाँडफाँड भएको छ।'

उक्त वडाले आर्थिक वर्ष २०८१/०८२ मा भौतिक पुर्वाधार निर्माण कार्यलाई नै जोड दिएको छ। वडाअध्यक्ष रुचालका अनुसार वडा कार्यालयले उक्त आर्थिक वर्षमा बाटो स्तरोन्नती, नाला, मन्दिर, पर्खाल, खानेपानी लगायत पुर्वाधार निर्माणमा जोड दिएको हो । वडा कार्यालयले यि पुर्वाधार निर्माण गरेर वडालाई समृद्ध बनाउने रणनीति अगाडी सारेको छ। वडाले टोल-टोलमा सडक तथा बाटो स्तरोन्नती गरेर वडाबासीलाई आवत-जावतमा सहजता ल्याईदिएको छ।

'जनताको मुख्य आवश्यकता भनेको छैन सडक, सिंचाइ, खानेपानी इत्यादी हुन्, बाँकी आवश्यकता त क्रमशः चाहिने हो,' वडाअध्यक्ष रुचाल भन्नुहुन्छ, 'हामी निर्वाचित भएर आएपछि सबै बाटो ग्राभेल भएका छन्, बाटोहरु सबै स्तरोन्नती भएका छन् ।' वडामा आगामी २ वर्षभित्रमा स्वच्छ खानेपानी पुर्‍याउने लक्ष्य रहेको उहाँले सुनाउनु भयो।

वडाअध्यक्ष रुचालका अनुसार वडाभित्र गरिएका ग्राभेल सडक अब कालोपत्रे गर्न बाँकी छन्। वडाभित्र गठित आमा समुह पनि उत्तिकै सक्रिय छन् । आमा समुहले लागु औषध दुर्व्यशनी रोक्न जनचेतना अभिवृद्धि गर्छन्। 'हाम्रो वडामा भौतिक पुर्वाधार विकाससँगै सामाजिक विकासमा पनि उत्तिकै जोड दिएका छौं,' वडा सदस्य शोभाकुमारी थारुले भन्नुभयो, 'जबसम्म सामाजिक विकास हुदैन, तबसम्म भौतिक विकासले मात्रै जनतामा परिवर्तन आउँदैन।'

उक्त वडाले आर्थिक वर्ष २०८०/०८१ मा १६ लाख ४६ हजार ७ सय ९० रुपैयाँ राजश्व उठायो । आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्म १८ लाख २ हजार ७ सय ७० रुपैयाँ ७५ पैसा उठाएको देखिन्छ। उक्त वडाले अघिल्लो आर्थिक वर्षभन्दा यसपटक राजश्वको मात्रा बढाएको छ।



बैजनाथ गाउँपालिका वडा नम्बर ३ का वडाअध्यक्ष निखिल बैगार ।

# “वडाबासीको आवश्यकता, हाम्रो प्राथमिकता”

*आफु जनप्रतिनिधि हुँदा वडालाई एउटा लयमा ल्याउने र समृद्ध बनाउने उहाँलाई ठुलो हुटहुटी छ । तर, समृद्ध बनाउनका लागि उहाँ एक्लैले चाहेर भने हुदैन । यसका लागि वडाका सहकर्मी जनप्रतिनिधि र वडाबासीको साथ र हौसलाको आवश्यकता त पर्छ नै । तसर्थ, उहाँ वडालाई विकास र समृद्धिसँग जोड्न आफ्ना हातहरु फैलाइरहनु भएको छ ।*

बैजनाथ-३ का वडाअध्यक्ष निखिल बैगार एकाध दिन बाहेक प्रायः जसो बिहानै घरबाट निस्किनुहुन्छ । उहाँको दिनचर्या दिनभर जनताको सेवामै बित्छ। युवा अवस्थामै जनताको प्रतिनिधि बनेका वडाअध्यक्ष बैगार यसमै सन्तुष्ट हुनुहुन्छ । ‘जनताको काम गर्दा मनलाई आनन्द मिल्छ, यही नै मेरो लागि खुसीको कुरा हो,’ उहाँ भन्नु हुन्छ ‘यो उमेरमा जनताको काम गर्न पाउनु नै मेरो लागी भाग्यको कुरा हो ।’ आफु जनप्रतिनिधि हुँदा वडालाई एउटा लयमा ल्याउने र समृद्ध बनाउने उहाँलाई ठुलो हुटहुटी छ । तर, समृद्ध बनाउनका लागि उहाँ एक्लैले चाहेर भने हुदैन । यसका लागि वडाका सहकर्मी जनप्रतिनिधि र वडाबासीको साथ र हौसलाको आवश्यकता त पर्छ नै ।

तसर्थ, उहाँ वडालाई विकास र समृद्धिसँग जोड्न आफ्ना हातहरु फैलाइरहनु भएको छ । वडाको बजेटमात्रै होईन्, गाउँपालिका, प्रदेश सभादेखी संघिय सरकारको बजेट समेत ल्याउन समन्वय गरेर विकास निर्माणका काम गरिरहनु भएको छ। अघिल्ला आर्थिक वर्षझै यसवर्ष पनि उक्त वडामा थुप्रै विकास निर्माणका काम भएका छन् । वडाभित्र आर्थिक वर्ष २०८१/०८२ मा सडक कालोपत्रेको काम गर्नेदेखी लिएर ग्राभेल, पुल, कल्भर्ट, सिंचाइ, तटबन्ध, घेराबार जस्ता काम सम्पन्न भएका छन् । यसका साथै वडाभित्र संघ र प्रदेश सरकार आफैले गर्ने विकास निर्माणका काममा पनि वडाका जनप्रतिनिधिले साथ र सहयोग गरिरहेका छन् । नेपाल सरकारले निर्माण गर्न लागेको नौवस्ता औद्योगिक क्षेत्रको कामलाई अगाडी बढाउनमा उक्त वडाले रचनात्मक भूमिका खेलेको छ । मानव बस्ती ब्यवस्थापनसँगै औद्योगिक क्षेत्रलाई पनि नौवस्तामै बनाउन वडाले खेलेको भूमिका प्रशंसनीय मानिन्छ ।

फलस्वरुप, औद्योगिक क्षेत्र निर्माणको काम आर्थिक वर्ष २०८१/०८२ देखी अगाडी बढिसकेको छ । जनताका ब्यक्तिगत आवश्यकता भन्दा पनि सामुहिक आवश्यकतालाई पुरा गराउने वडा कार्यालयको प्राथमिकतामा पर्दछ । वडाका वडासदस्य तुलसीराम थारु भन्नुहुन्छ, ‘हामीले वडालाई समृद्ध बनाउन जतिसक्दो राम्रो काम गर्न खोजेका छौं, कति वडाबासी हाम्रो कामबाट सन्तुष्ट नै हुनुहुन्छ, तर कतियले पुर्वाग्रही भएर बोल्नु हुन्छ, व्यक्तिगत आवश्यकता धेरै छन्, जनताका ब्यक्तिगत आवश्यकतालाई वडाले कसरी पुरा गर्न सक्ला र ?’ आर्थिक वर्ष २०८०/०८१ मा वडा नम्बर ३ ले १७ लाख ९० हजार ३ सय ८५ रुपैयाँ १७ पैसा राजश्व संकलन गरेको थियो । यसपटक साउनदेखी जेठ मसान्तसम्मको रेकर्ड हेर्दा २१ लाख ४४ हजार ५ सय ७६ रुपैयाँ ५१ पैसा संकलन गर्‍यो । अघिल्लो आर्थिक वर्षको तुलनामा उक्त वडाले राजश्व बढी संकलन गरेको छ ।



बैजनाथ गाउँपालिका वडा नम्बर ४ का वडाअध्यक्ष प्रेमबहादुर शाही ।

# वडाको प्राथमिकतामा सडक कालोपत्रे

*वडाअध्यक्ष प्रेमबहादुर शाहीका अनुसार वडाले उक्त आर्थिक वर्षमा मात्रै आधा दर्जनजति सडक कालोपत्रे गरेको छ । सडक कालोपत्रेलाई नै जोड दिदै आएको वडाले अन्य कामहरु ग्राभेल, सिंचाइ, पर्खाल, खानेपानी, ब्यायामशाला निर्माण गरेको छ । वडा कार्यालय बाहेक गाउँपालिका तथा संघ र प्रदेशको बजेटबाट पनि पुल, कल्भर्ट जस्ता ठुला योजना सम्पन्न गरिएको छ ।*

कुनैबेला वडाभित्रका सडकहरु बर्खामा हिलाम्य र हिउँदमा धुलाम्म हुन्थ्ये । वडाबासीहरु बाटोमा हिड्दा सरकारलाई सत्तो सराप गर्थ्ये । संविधानले स्थानीय सरकारको परिकल्पना गर्दै गाउँ-गाउँमा सिंहदरबारका अधिकार पठायो ।

सोही अनुरुप अधिकार सम्पन्न स्थानीय सरकार गठन भए । स्थानीय सरकारकै अग्रसरतामा गाउँ-गाउँमा विकासको शुत्रपात भयो । बैजनाथ गाउँपालिका वडा नम्बर ४ मा वर्षेनी स्थानीय सरकारले बजेट खर्च गर्दै आएको छ । पहिले हिलाम्य र धुलाम्य भएका ति सडक अहिले चिल्ला बनेका छन् ।

नागरिकका दुःखका दिनहरु क्रमिक रुपले हट्दै गएका छन् । आफ्नै आँखा अगाडी चिल्ला सडक देख्दा वडाबासी दंग परिरहेका छन् । उक्त वडाले विगतका वर्षभैm आर्थिक वर्ष २०८१/०८२ मा पनि पुर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखेको छ । वडाअध्यक्ष प्रेमबहादुर शाहीका अनुसार वडाले उक्त आर्थिक वर्षमा मात्रै आधा दर्जनजति सडक कालोपत्रे गरेको छ । सडक कालोपत्रेलाई नै जोड दिदै आएको वडाले अन्य कामहरु ग्राभेल, सिंचाइ, पर्खाल, खानेपानी, ब्यायामशाला निर्माण गरेको छ ।

वडा कार्यालय बाहेक गाउँपालिका तथा संघ र प्रदेशको बजेटबाट पनि पुल, कल्भर्ट जस्ता ठुला योजना सम्पन्न गरिएको छ । वडाका जनप्रतिनिधिको समन्वयमा संघ र प्रदेश सरकारले यहाँ करोडौंका भौतिक संरचना निर्माण गरेका छन् । शाहीका अनुसार वडाबासीको शिक्षा, स्वास्थ्यलाई पनि मध्यनजर गर्दै काम गरिएको छ । 'हामीले वडाको विकास गर्न कुनै कसर बाँकी राखेका छैनौं,' वडाअध्यक्ष शाहीले भन्नुभयो, 'हामी निरन्तर जनताको सेवामा छौं ।'

वडालाई समृद्ध बनाउन वडा तहका जनप्रतिनिधिहरु सक्रिय देखिन्छन् । उनीहरु नियमित वडा कार्यालयमा आउने र जनताका समस्यालाई सम्बोधन गर्छन् । यसले गर्दा जनतासँग उनीहरुको प्रत्यक्ष साक्षात्कार भइरहेको छ। वडा सदस्य बालकुमारी दमाई भन्नुहुन्छ, 'हामी निर्वाचित भएर आएपछि धेरै काम गरेका छौं, त्यो कुराको अनुभुति पक्कै पनि जनताले गर्नु भएको छ ।' आर्थिक वर्ष २०८०/०८१ मा वडा नम्बर ४ ले २५ लाख ३७ हजार ६ सय ६५ रुपैयाँ ४८ पैसा उठाएको थियो । यसपटक जेठ मसान्त सम्म २९ लाख १३ हजार १ सय २७ रुपैयाँ ५८ पैसा संकलन भएको छ । उक्त वडाले अघिल्लो आर्थिक वर्षको तुलनामा राजश्व संकलन ह्वात्तै बढाएको छ ।



बैजनाथ गाउँपालिका वडा नम्बर ५ का वडाअध्यक्ष देवबहादुर रावत।

# “एम्बुलेन्स हिड्न सक्ने बाटो बनाएका छौं”

*वडाले उक्त आर्थिक वर्षमा गुरुवा गाउँमा सडक कालोपत्रे गरेको हो । यसपटक ग्राभेल र नाला निर्माण गरिएका सडकलाई आगामी आर्थिक वर्षमा कालोपत्रे गर्ने योजना रहेको यहाँका जनप्रतिनिधि सुनाउँछन् । वडामा पहाडी, थारु, मधेसी र मुस्लिम समुदायको मिश्रित बसोबास रहेको छ ।*

पुर्व-पश्चिम महेन्द्र राजमार्गसँगै जोडिएको बैजनाथ गाउँपालिका ५ नम्बर वडा कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा सडक कालोपत्रेसहित ग्राभेल, बाटो मर्मत, माटो पटान, नालामा कचवे, ट्रस्ट निर्माण लगायत काममा बजेट खर्च गरेको छ । उक्त वडाका लागि बैजनाथ गाउँपालिकाको सभाले ६३ लाख रुपैयाँ विनियोजन गरेको थियो । सोही बजेटबाट भौतिक पुर्वाधार निर्माणको काम गरिएको वडा नम्बर ५ का वडाअध्यक्ष देवबहादुर रावत बताउनु हुन्छ । ‘हाम्रो वडामा मुख्य त बाटाकै समस्या थियो, ति बाटालाई हामीले हिड्न लायक बनाउनुपर्ने भएको हुनाले त्यतातिर गयौं, अधिकांस बाटाहरु ग्राभेल गरेका छौं,’ उहाँले भन्नुभयो, ‘हामीले सार्वजनिक भवनहरु बनाएका छौं, भवन निर्माण गर्नको लागि माटो पटान गरेर दिर्घकालिन सोचका साथ काम गरेका छौं ।’ गाउँपालिकाले पुर्वाधार निर्माणका लागि वडालाई बजेट सिलिङ दिएकोमा सोही बजेटबाट काम गरिएको रावत बताउनु हुन्छ। उक्त वडामा १९ वटा टोल रहेका छन् । सबै टोलमा समान रुपले क्रमशः बजेट पुर्‍याउने गरेको जनप्रतिनिधि बताउँछन् । वडाको बजेटले मात्रै नपुग्ने भएकाले प्रदेश र संघको बजेट ल्याएर पनि काम गर्नु परेको सुनाउनु भयो । ‘संघ र प्रदेशको मात्रै यो वडामा करिव ८ करोड बराबरको बजेटबाट पुर्वाधार बनेका छन्,’ अझै बजेट पर्याप्त छैन,’ वडाअध्यक्ष रावतले भन्नुभयो, ‘हामीले वडा नम्बर ५ का प्रायः बाटाहरु ग्राभेल गरेका छौं, गर्भवतीलाई बोक्न एम्बुलेन्स हिड्न सक्ने बाटा बनाएका छौं ।’ अधिकांस वडाबासीबाट खानेपानीका धाराको माग आएको वडा कार्यालयले जनाएको छ । ‘धेरैजसो वडाबासीहरु समरसेबलको माग गर्नु हुन्छ, हामीले उहाँहरुको नाम टिपेर गाउँपालिकामा पठाएका छौं,’ रावतले भन्नुभयो । वडा कार्यालयका सव-इन्जिनियर भानुभक्त जोशीका अनुसार सबै काम गुणस्तरीय नै बनेका छन् । ‘सबै काम सन्तोषजनक नै छ, कतिपय कमी कमजोरीलाई सच्याएर अगाडी बढेका छौं, त्यस्तो गुनसो छैन,’ उहाँले भन्नुभयो । वडाले उक्त आर्थिक वर्षमा गुरुवा गाउँमा सडक कालोपत्रे गरेको हो । यसपटक ग्राभेल र नाला निर्माण गरिएका सडकलाई आगामी आर्थिक वर्षमा कालोपत्रे गर्ने योजना रहेको यहाँका जनप्रतिनिधि सुनाउँछन् । वडामा पहाडी, थारु, मधेसी र मुस्लिम समुदायको मिश्रित बसोबास रहेको छ । उक्त वडाले पुर्वमा कोहलपुर नगरपालिका वडा नम्बर ३ र १५, बैजनाथ-४ र ७ तथा उत्तरमा बैजनाथ २ र ३, पश्चिममा बैजनाथ-६ तथा दक्षिणमा खजुरा गाउँपालिका-८ लाई छोएको छ । वडा नम्बर ५ ले आर्थिक वर्ष २०८०/०८१ मा सबैभन्दा बढी ३१ लाख ३३ हजार ८६ रुपैयाँ २३ पैसा संकलन गरेको थियो । आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्म मात्रै ३२ लाख २२ हजार १ सय ६ रुपैयाँ ७८ पैसा संकलन गरेको छ ।



बैजनाथ गाउँपालिका वडा नम्बर ६ का वडाअध्यक्ष भुपाल पुनमगर।

# बाटो र नाली निर्माण प्राथमिकतामा

*गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि उक्त वडालाई कुल ५६ लाख ७५ हजार ४ सय ७७ रुपैयाँ बजेट दिएको थियो। गाउँपालिकाबाट प्राप्त हुने पुर्वाधार विकासको बजेटबाट वडाभित्र आवश्यकता अनुसार बजेट खर्च गरिएको वडाअध्यक्ष भुपाल पुनमगर बताउनु हुन्छ।*

बैजनाथ गाउँपालिका वडा नम्बर ६ ले आर्थिक वर्ष २०८१/८२ मा ८ वटा मात्रै योजना छनोट गरेर सम्पन्न गर्‍यो। यसमध्ये ११ लाख २५ हजार ४ सय ७७ रुपैयाँ बाटो मर्मतमै खर्च भयो। यि बाहेक ६ स्थानमा सडकको दुबैतिर नाला निर्माण भयो। यस्तै एउटा खानेपानी योजना निर्माण गरियो। यसैगरी थारु सामुदायिक भवनको जग हालियो। विनियोजित बजेट मध्ये वडाले बर्खायाममा बाटो मर्मत गर्नका लागि ४ लाख ५० हजार रुपैयाँ राखेको छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि उक्त वडालाई कुल ५६ लाख ७५ हजार ४ सय ७७ रुपैयाँ बजेट दिएको थियो। गाउँपालिकाबाट प्राप्त हुने पुर्वाधार विकासको बजेटबाट वडाभित्र आवश्यकता अनुसार बजेट खर्च गरिएको वडाअध्यक्ष भुपाल पुनमगर बताउनु हुन्छ।

'वडाको सानो बजेट छ, त्यो बजेटबाट विशेषगरी बाटो र नाली निर्माण कार्यलाई प्राथमिकता दिएका छौं,' उहाँले भन्नुभयो, 'नाली बनाइदिएपछि आगामी दिनमा पिच गर्नलाई सहज होस् भनेर नाला निर्माणमा प्राथमिकता दिएका छौं।' वडाको क्षेत्रफल ठुलो भएको हरेक टोललाई समेट्न दामासाही हिसाबले बजेट वितरण गर्नु पर्ने स्थिती रहेको यहाँका जनप्रतिनिधि सुनाउँछन्। सबैभन्दा नजिकको सरकार भएकाले वडा कार्यालय र वडाका जनप्रतिनिधि प्रति जनताको आशा र विश्वास धेरै रहेको उनीहरुको भनाई छ। पुर्वाधारको बजेट बाहेक बाँकी बजेट गाउँपालिकाले सञ्चालन गर्दै आएको छ। वडाले राजस्व संकलनको दायरालाई वर्षेनी बढाउँदै लगेको छ। आर्थिक वर्ष २०८१/०८२ मा मात्रै (यो सामाग्री तयार पार्दासम्म) २९ लाख ३६ हजार २ सय ७ रुपैयाँ संकलन भएको छ। वडाले सम्पत्ती कर, भूमीकर/मालपोत, बहाल कर, बहाल विटौरी कर, अन्य कर, अन्य प्रशासनिक सेवा शुल्क, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, व्यक्तिगत घटनादर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर र व्यवसाय रजिष्ट्रेशन दस्तुरबाट राजश्व संकलन गरेको छ। 'जनप्रतिनिधि भएर हामी आएपछि यो वडामा राजश्व बढ्दै गएको छ,' वडाअध्यक्ष पुनले भन्नुभयो, 'जनतालाई हामीले सेवा दिने हो, हाम्रो केही जिम्मेवारी छन्, राजश्व चुहावट हुन नदिने गरी हामीले काम गरेका छौं, कतिपयको आर्थिक अवस्था हेरेर कानुनी तरिकाले पनि उनीहरुका लागि राजश्व छुट गरेका छौं।' उक्त वडा पश्चिममा मानखोला, दक्षिणमा खजुरा-८, उत्तरमा बैजनाथ-२ र पुर्वमा जेठीनाला सम्म फैलिएको छ। वडाभित्र क्षेत्री, मगर, ब्राम्हण र थारु समुदायको मिश्रित बसोबास रहेको वडा कार्यालयले जनाएको छ। चुनावमा गरेका बाचा अनुसार यहाँका जनप्रतिनिधिहरु दैनिक रुपमा जनताकै काममा खटिएका छन्।

बैजनाथ-६ का वडासदस्य खुसीराम थारु भन्नुहुन्छ, 'हामी दैनिक जसो जनताकै सेवामा खटिएका छौं, दैनिक रुपमा वडा कार्यालय आउने र टोल-टोलमा पुगेर जनताका समस्या बुझ्ने काम गर्छौं।' अर्का वडासदस्य सुरेन्द्र थापाक्षेत्री जनताका काम गर्दा आफुलाई कहिल्यै अप्ठ्यारो महसुस नभएको बताउनु हुन्छ। वडा नम्बर ६ ले आर्थिक वर्ष २०८०/०८१ मा २७ लाख ३९ हजार ५ सय ९५ रुपैयाँ ७१ पैसा संकलन गरेको थियो। आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्म भने ३० लाख ६१ हजार ८ सय ८२ रुपैयाँ २६ पैसा संकलन भएको देखिन्छ।



बैजनाथ गाउँपालिका वडा नम्बर ७ का वडाअध्यक्ष दिनेशकुमार थारु।

# "जनताका आवश्यकता पुरा गर्न समन्वय"

*थारु समुदायको ९९ प्रतिशत जनसंख्या रहेको उक्त वडाको केन्द्र पेडारी हो । विगतका वर्षभैं आर्थिक वर्ष २०८१/०८२ मा पनि वडाले पुर्वाधारतर्फको बजेट ४४ लाख ३ हजार ८ सय रुपैयाँ प्राप्त गरेको छ । उक्त बजेटमार्फत वडा कार्यालयले ग्राभेल, पक्की नालासहितको पिसिसी, माटो पटान, धारा वितरण, पर्खाल निर्माण जस्ता कार्य गरिएको छ ।*


बैजनाथ गाउँपालिकाको सबैभन्दा सानो वडा हो, ७ नम्बर वडा। जसको जनसंख्या ३ हजार २ सय ८ मात्रै रहेको छ। थारु समुदायको ९९ प्रतिशत जनसंख्या रहेको उक्त वडाको केन्द्र पेडारी हो । विगतका वर्षभैं आर्थिक वर्ष २०८१/०८२ मा पनि वडाले पुर्वाधारतर्फको बजेट ४४ लाख ३ हजार ८ सय रुपैयाँ प्राप्त गरेको छ। उक्त बजेटमार्फत वडा कार्यालयले ग्राभेल, पक्की नालासहितको पिसिसी, माटो पटान, धारा वितरण, पर्खाल निर्माण जस्ता कार्य गरिएको छ। वडाको विकास गर्नका लागि गाउँपालिकाबाट विनियोजित बजेटको एक चौथाई बराबर राजश्व संकलन हुन्छ।

आर्थिक वर्ष २०८०/०८१ मा उक्त वडाले १२ लाख ४२ हजार ५ सय ७ रुपैयाँ राजश्व संकलन गरेको थियो। यहाँका अधिकांस घर परिवार किसान हुन् । वडाअध्यक्ष दिनेशकुमार थारुका अनुसार उक्त वडामा सबैभन्दा बढी बाटो ग्राभेल गरिएको छ।

यस्तै बाटो पिसिसी, स्तरोन्नती, पक्की नाला निर्माण, खानेपानीका हेण्ड पम्प, मोटर जडान, वडा कार्यालयको पर्खाल र पिसिसी निर्माण जस्ता काम गरिएको छ। आफ्नो वडामा रहेका अधिकांस किसानहरु तरकारी खेतीमा निर्भर रहेको वडाअध्यक्ष थारुले सुनाउनु भयो । 'हाम्रो वडामा करिव १५ वटा जति कृषि फार्म सञ्चालित छन्, सबैजसो किसानले तरकारी उत्पादन गर्ने भएकाले प्रत्येक किसानको खेतबारीमा राप्ती नदीको पानी पुर्‍याउन सिक्टा सिंचाइ आयोजनासँग समन्वय गरेका छौं,' उहाँले भन्नुभयो, 'तरकारी खेती गर्ने यहाँका किसान निकै मेहेनत छ।' वडा कार्यालयका अनुसार बैजनाथ-७ को पेडारीसहित प्रभातपुर, करेलपुर, पसरामपुरमा किसानले तरकारी खेती गर्छन्।

वडा कार्यालयमा बसेर जनताका सिफारिस सम्बन्धी काम गर्नेदेखी लिएर आवश्यकता अनुसार पुर्वाधार निर्माणका लागि बजेट हाल्ने काम गरिएको वडाअध्यक्ष थारु बताउनुहुन्छ । शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अनिवार्य आवश्यकतालाई वडाभित्र प्रभावकारी बनाउन आफुले समन्वयकारी भूमिका निभाएको उहाँले सुनाउनुभयो। सामुदायिक बिद्यालयको गुणस्तर माथी उठाउन ति बिद्यालयमा नियमित अनुगमन, सबै नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न प्रभावकारी रुपमा समन्वय, शुद्ध खाने पानी पुर्‍याउन पेडारी खानेपानी उपभोक्ता समितिलाई चलायमान बनाईराख्न यहाँको सबैभन्दा नजिक रहेको स्थानीय सरकार (वडा पालिका)ले गरिरहेको छ।

'जनताका आशा र अपेक्षा धेरै छन्,' वडाअध्यक्ष थारुले भन्नुभयो, 'विशेषगरी उनीहरुलाई राम्रो बाटो, नियमित बत्ती, सिंचाई, स्वास्थ्य र शिक्षा बढी आवश्यकता छ।' उक्त वडा ७ ले आर्थिक वर्ष २०८०/०८१ मा १२ लाख ४५ हजार ५ सय ५१ रुपैयाँ ८ पैसा उठाएको थियो । आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्म १४ लाख ८७ हजार ६ सय ९० रुपैयाँ १४ पैसा उठायो । अघिल्लो आर्थिक वर्षको तुलनामा यसपटक राजश्व संकलनमा वडाले केही सुधार ल्याएको छ।



बैजनाथ गाउँपालिका वडा नम्बर ८ का वडाअध्यक्ष भगन थारु ।

# "पुर्वाधार विकासको बजेट पुर्वाधारमै खर्च"

*आर्थिक वर्ष २०८१/०८२ को बजेटबाट बिद्यालयको पर्खाल, खानेपानी(समरसेबल), बाटो निर्माण(रोलिङ र ग्राभेल), बाटो मर्मत, स्वास्थ्य चौकीको टहरा निर्माण लगायत काम सम्पन्न गरेको वडाअध्यक्ष थारु बताउँछन् । पुर्वमा खजुरा-८, पश्चिममा मानखोला, उत्तरमा बैजनाथ-६ र दक्षिणमा खजुरा-७ ले छोएको उक्त वडामा कुल १२ हजार ५ सय जनसंख्या र २ हजार २ सय ५० घरधुरी रहेको छ ।*

बैजनाथ गाउँपालिका वडा नम्बर ८ का वडाअध्यक्ष भगन थारुको पहिलो कार्यकाल(२०७४) सिक्दा सिक्दै बित्यो । उहाँले फेरीपनि टिकट पाउनु भयो र जनताको काम गर्ने ठुलो भारी बोकेर २०७९ मा पनि निर्वाचित हुनुभयो ।

दोस्रो पटक वडाअध्यक्ष हुनु भएका उहाँ घरको भन्दा जनताको काममा समय दिनुहुन्छ । चाहे बिदाको दिन होस् या अन्य दिन, उहाँ जनताको काममा खटिनुहुन्छ । आफु पुनः निर्वाचित भएर आएपछि जनताको काममै ब्यस्त हुनु परेको उहाँ बताउनु हुन्छ । उक्त वडालाई समृद्ध बताउने उहाँको सपना छ । थारु समुदायको करिव ६० प्रतिशत बसोबास रहेको उक्त वडामा ४० प्रतिशत भने पहाडी र मुस्लिम समुदायको रहेको छ ।

आर्थिक वर्ष २०८१/०८२ को बजेटबाट बिद्यालयको पर्खाल, खानेपानी(समरसेबल), बाटो निर्माण(रोलिङ र ग्राभेल), बाटो मर्मत, स्वास्थ्य चौकीको टहरा निर्माण लगायत काम सम्पन्न गरेको वडाअध्यक्ष थारु बताउँछन् । पुर्वमा खजुरा-८, पश्चिममा मानखोला, उत्तरमा बैजनाथ-६ र दक्षिणमा खजुरा-७ ले छोएको उक्त वडामा कुल १२ हजार ५ सय जनसंख्या र २ हजार २ सय ५० घरधुरी रहेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाबाट प्राप्त गरेको ७० लाख बजेटबाट वडाभित्रका योजना सम्पन्न गरिएको वडाअध्यक्ष थारु बताउनु हुन्छ । उक्त वडाले वार्षिक रुपमा २५ लाख रुपैयाँ राजश्व संकलन गर्दै आएको छ । 'जनताको आवश्यकता र तरिका अनुसार काम भइरहेको छ, वडा नम्बर ८ मा कृषि क्षेत्र पर्छ, यहाँ धानबाली र तरकारी खेती गरिन्छ, हामीले त्यही अनुसार काम गरिरहेका छौं,' वडाअध्यक्ष थारुले भन्नुभयो, 'वडाको पुर्वाधारको बजेट पुर्वाधारमै खर्च गरेका छौं ।' वडा नम्बर ८ ले आर्थिक वर्ष २०८०/०८१ मा २७ लाख १४ हजार ७ सय ७४ रुपैयाँ १६ पैसा संकलन गरेको थियो । आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्ममा वडाले २७ लाख ८० हजार ६ सय २० रुपैयाँ १४ पैसा संकलन गर्‍यो । उक्त वडाले पनि अघिल्लो आर्थिक वर्ष भन्दा राजश्व संकलनको मात्रा बढाएको छ ।

# बैजनाथ गाउँपालिकाका गतिविधि

















बैजनाथ गाउँपालिका द्वारा संचालित
एकिकृत सेवा केन्द्र तथा
सेवा ग्राही प्रतिक्षालय






1 A003
2 B001


न्यू मामा भान्जा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टर
३० दिने मोटर ड्राइभिङ तालिम
उद्घाटन समारोह


सिलाई कटाई र




लक्षितवर्गका युवतिहरुलाई ४५ दिने एडभान्स ब्युटिसियन तालिमको
समापन कार्यक्रम
बैजनाथ गाउँपालिका








१८ औं गणतन्त्र दिवस
प्रभातफेरी कार्यक्रम
बैजनाथ गाउँपालिका

## गाउँपालिकाबासीलाई अनुरोध

- ✓ आफ्नो घर आँगन सफा राखौं । पाटी, पौवा र पोखरीहरूको संरक्षण र संवर्द्धन गरौं ।
- ✓ लैङ्गिक हिंसाको विरोध गरौं ।
- ✓ ज्येष्ठ नागरिक, एकल महिला एवम अपाङ्गता भएका व्यक्तिहरूका लागि वितरण गरिने भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरूपयोगमा खबरदारी गरौं ।
- ✓ वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिबद्ध बनौं ।
- ✓ विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- ✓ बालविवाह न्यूनीकरण गरौँ । छोराछोरीमा भेद्भाव नगरौं ।
- ✓ गाउँपालिकाबाट ईजाजत लिएर मात्र घर निर्माण गरौँ ।
- ✓ गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गरौं ।
- ✓ गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरी जरिवानाबाट बचौं ।
- ✓ व्यक्तिगत घटना दर्ता (विवाह, बसाइँ सराइ, जन्मदर्ता, विवाहदर्ता) समयमै गरौं ।
- ✓ छाडा चौपाया नियन्त्रण गरौं, सडकमा नछाडौँ ।
- ✓ बालबालिकालाई विद्यालय पठाऔं, काममा नलगाऔँ ।
- ✓ हावाहुरी चल्ने समयमा आगो जथाभाबी नबालौं । बाल्नुपरे काम सकिनासाथ तुरून्त निभाउने गरौं ।

**बैजनाथ गाउँपालिका**
रामपुर, बाँके
















**बैजनाथ गाउँपालिका**

**रामपुर, बाँके**